ॐश्रीपरमात्मने नमः

श्रीमद्भगवद्गीता

अथ करन्यासः

ॐ अस्य श्रीमद्भगवद्गीतामालामन्त्रस्य भगवान्वेदव्यास ऋषिः। अनुष्टुप् छन्दः। श्रीकृष्ण परमात्मा देवता।अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे इति बीजम्॥ अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः इति कीलकम्॥ नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः इत्यङ्गुष्ठाभ्यां नमः॥ न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः इति तर्जनीभ्यां नमः॥ अच्छेद्योऽयम-दाह्योऽयमक्लेद्योऽशोष्य एव च इति मध्यमाभ्यां नमः॥ नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः इत्यनामिकाभ्यां नमः॥ पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्त्रशः इति कनिष्ठिकाभ्यां नमः॥ नानाविधानि दिव्यानि नानावर्णकृतीनि च इति करतलकरपृष्ठाभ्यां नमः॥ इति करन्यासः॥

अथ हृदयादिन्यासः

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः इति हृदयाय नमः॥ न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः इति शिरसेस्वाहा॥ अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च इति शिखायै वषट्॥ नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः इति कवचाय हुम्॥ पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्त्रशः इति नेत्रत्रयाय वौषट्॥ नानाविधानि दिव्यानि नानावर्णकृतीनि च इति अस्त्राय फट्॥ श्रीकृष्णप्रीत्यर्थे पाठे विनियोगः॥

ॐ पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं

व्यासेन ग्रथितां पुराणमुनिना मध्ये महाभारतम्।
अद्वैतामृतवर्षिणीं भगवतीमष्टादशाध्यायिनी-
मम्ब त्वामनुसंदधामि भगवद्गीते भवद्वेषिणीम्॥१॥
नमोऽस्तु ते व्यास विशालबुद्धे फुल्लारविन्दायतपत्रनेत्र।
येन त्वया भारततैलपूर्णः प्रज्वालितो ज्ञानमयः प्रदीपः॥२॥
प्रपन्नपारिजाताय तोत्त्रवेत्रैकपाणये।
ज्ञानमुद्राय कृष्णाय गीतामृतदुहे नमः॥३॥
वसुदेवसुतं देवं कंसचाणुरमर्दनम।
देवकीपरमानन्दं कृष्णं वन्दे जगद्‌गुरुम्॥४॥
भीष्मद्रोणतटा जयद्रथजला गान्धारनीलोत्पला
शल्यग्रावती कृपेण वहनी कर्णेन वेलाकुला।
अश्वत्थामविकर्णघोरमकरा दुर्योधनावर्तिनी
सोत्तीर्णा खलु पाण्डवै रणनदी कैवर्तक केशवः॥५॥
पाराशर्यवचः सरोजममलं गीतार्थगन्धोत्कटं
नानाख्यानककेसरं हरिकथासम्बोधनाबोधितम्।
लोके सज्जनषट्पदैरहरहः पेपीयमानं मुदा
भूयाद्भारतपङ्कजं कलिमलप्रध्वंसि नः श्रेयसे॥६॥
मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम्।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम्॥७॥

अथ गीतामाहात्म्यम्

गीताशास्त्रमिदं पुण्यं यः पठेत्प्रयतः पुमान्।
विष्णोः पदमवाप्नोति भयशोकादिवर्जितः॥१॥
गीताध्ययनशीलस्य प्राणायामपरस्य च ।

नैव सन्ति हि पापानि पूर्वजन्मकृतानि च ॥ २ ॥
मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने।
सकृद्गीताम्भसि स्नानं संसारमलनाशनम् ॥ ३ ॥
गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिः सृता ॥ ४ ॥
भारतमृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिः सृतम्।
गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ॥ ५ ॥
सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥ ६ ॥
एकं शास्त्रं देवकीपुत्रगीतमेको देवो देवकीपुत्र एव।
एको मन्त्रस्तस्य नामानि यानि कर्माप्येकं तस्य देवस्य सेवा ॥ ७ ॥

अथ ध्यानम्

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम्।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यं
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥
यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुवन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥

★★★



ॐ श्रीपरमात्मने नमः

अथ प्रथमोऽध्यायः

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ॥१॥

धृतराष्ट्र सोध्नुहुन्छ– हे सञ्जय! धर्मभूमि कुरुक्षेत्रमा युद्ध गर्ने मनसायले एकत्रित, मेरा र पाण्डुको पुत्रहरूले के गरे? ॥१॥

सञ्जय उवाच

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ॥२॥

सञ्जयले भने– त्यस समय राजा दुर्योधनले व्यूहरचनायुक्त पाण्डवहरूका सेना देखेर द्रोणाचार्य संग गएर यो कुरा भने॥२॥

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

हे आचार्य! हजुरको बुद्धिमान् शिष्य द्रुपदपुत्र धृष्टद्युम्नद्वारा व्यूहाकार बनाईएको पाण्डुपुत्रहरूका यस विशाल सेनालाई हेर्नुहोस॥३॥

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि ।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥

यस सेनामा ठूला–ठूला धनुषवाला तथा युद्धमा भीम र अर्जुनको समान शूरवीर सात्यकि र विराट तथा महारथी राजा द्रुपद छन्॥४॥

धृष्टकेतुश्चेकितानः काशीराजश्च वीर्यवान् ।
पुरुजित्कुन्तिभोजश्च शैव्यश्च नरपुङ्गवः ॥५॥

(त्यसै गरी) धृष्टकेतु र चेकितान तथा बलवान काशीराज, पुरुजित्, कुन्तिभोज र मनुष्यहरूमा श्रेष्ठ शैब्य छन्॥५॥

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान् ।
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

(र)पराक्रमी युधामन्यु तथा बलवान् उत्तमौजा, सुभद्रापुत्र अभिमन्यु एवं द्रौपदीका पाँचै

छोराहरू– यी सबै महारथी हुन्॥६॥

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम।
नायका मम सैन्यस्य सञ्ज्ञार्थं तान्ब्रवीमि ते ॥७॥

हे ब्राह्मण श्रेष्ठ ! हाम्रो पक्षमा पनि जो प्रधान छन्, तिनीहरूलाई जान्नुहोस। हजुरको जानकारीका लागि मेरो सेनामा जो–जो सेनापति छन्, तिनीहरूको नाम भन्दछु॥७॥

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः।
अश्वत्थामा विकर्णश्च सोमदत्तिस्तथैव च ॥८॥

तपाईं–द्रोणाचार्य र पितामह भीष्म तथा कर्ण र संग्रामविजयी कृपाचार्य तथा त्यस्तै नै अश्वत्थामा, विकर्ण र सोमदत्तको पुत्र भूरिश्रवा॥८॥

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

अरू पनि धेरै छन् जो मेरो लागि जीवनको आशा त्यागि दिने ,शूरवीर अनेक प्रकारको शस्त्रास्त्रहरूबाट सुसज्जित र सब–का–सब युद्धमा चतुर छन्॥९॥

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम्।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥

भीष्मपितामहद्वारा रक्षित यो हाम्रो सेना पाण्डवहरूलाई जित्न असमर्थ छ (अपर्याप्त छ) र भीमद्वारा रक्षित यिनिहरूका यो सेना हामीहरूलाई जित्न पर्याप्त छ॥१०॥

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥

यसैले सबै मोर्चाहरूबाट आफ्नो–आफ्नो ठाऊँमा नै रहेर हजुरहरू निःसन्देह भएर भीष्मपितामहको नै रक्षा गर्नुहोस॥ ॥११॥

तस्य सञ्जनयन्हर्षं कुरुवृद्धः पितामहः।
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥

कौरवहरूमा वृद्ध ठूला प्रतापी पितामह भीष्मले त्यस दुर्योधनको हृदयमा हर्ष उत्पन्न गर्दै उच्च स्वरले सिंह गर्जेझैं गर्जेर शङ्ख बजाउनु भयो॥१२॥

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः।
सहसैवाभ्यहन्यन्त स शब्दस्तमुलोऽभवत् ॥१३॥

यस पछि शङ्ख र नगारा तथा ढोल, मृदङ्ग र नरसिंघा आदि बाजाहरू एकै साथ बज्न लागे। त्यसको त्यो शब्द बडा भयंकर भयो॥१३॥

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ।

माधवः पाण्डवाश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः॥१४॥

यसको तुरुन्तै पछि सेतो घोडाहरू जोतिएको उत्तम रथमा बसेर श्रीकृष्ण महाराज र अर्जुनले पनि अलौकिक शङ्ख बजाउनु भयो॥१४॥

पाञ्चजन्यं हृषिकेशो देवदत्तं धनञ्जयः।

पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः॥१५॥

श्रीकृष्ण भगवानले पाञ्चजन्यनामक, अर्जुनले देवदत्तनामक र भयंकर कर्मगर्ने भीमसेनले पौण्ड्रनामक महाशङ्ख बजाए॥१५॥

अनन्तविजयं राजा कुन्तिपुत्रो युधिष्ठिरः।

नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ॥१६॥

कुन्तीपुत्र राजा युधिष्ठिरले अनन्तविजय नामक र नकुल तथा सहदेवले सुघोष र मणिपुष्पकनामक शङ्ख बजाए॥१६॥

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः।

धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः॥१७॥

श्रेष्ठ धनुषभएका काशिराज र महारथी शिखण्डी एवं धृष्टद्युम्न तथा राजा विराट र अजेय सात्यकि छन्॥१७॥

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते।

सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक् पृथक्॥१८॥

राजा द्रुपद एवं द्रौपदीका पाँचै पुत्रहरू र ठूला भुजा(पाखुरा) भएका सुभद्रापुत्र अभिमन्यु–यी सबैले, हे राजन् सबै तिरबाट बेग्ला–बेग्लै शङ्ख बजाए। कुन्तीपुत्र राजा युधिष्ठिरले अनन्तविजय नामक र नकुल तथा सहदेवले सुघोष र मणिपुष्पकनामक शङ्ख बजाए॥१८॥

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत्।

नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन्॥१९॥

त्यस भयानक शब्दले आकाश र पृथ्वीलाई गुञ्जायमान पार्दै धार्तराष्ट्रहरू अर्थात तपाईंको पक्ष लिनेहरू को हृदय विदीर्ण(छिन्नभिन्न) गरिदियो॥१९॥

अथ व्यसस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः।

प्रवृत्ते शस्त्रसम्पाते धनुरुद्यम्य पाण्डवः ॥२०॥
हृषीकेशं तदा वाक्यमिदमाह महीपते ।

अर्जुन उवाच

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥

हे राजन! यस पछि कपिध्वज अर्जुनले मोर्चा बाँधेर उभिएका धृतराष्ट्र–सम्बन्धिहरूलाई देखेर, शस्त्र चलाउने तयारी भईरहेको समय धनुष उठाएर हृषीकेश भगवान् श्रीकृष्ण संग यो कुरा भने–हे अच्युत! मेरो रथलाई दुईओटै सेनाहरूको बीचमा खडा गर्नुहोस ॥२०–२१॥

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ।
कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ॥२२॥

र जब सम्म कि म युद्धक्षेत्रमा डटेका युद्धका अभिलाषि यी विपक्षी योद्धाहरूलाई राम्रो संग हेरौं कि यस युद्धरूप व्यापारमा मैले को–को संग युद्ध गर्नु योग्य छ त्यतिबेर सम्म खडा गर्नुहोस ॥२२॥

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

दुर्बुद्धि दुर्योधनको युद्धमा हित चाहने जो–जो यी राजाहरू यस सेनामा आएका छन्, यी युद्ध गर्नेवालाई म हेर्दछु ॥२३॥

सञ्जय उवाच

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ।
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥
भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ पश्यैतान् समवेतान्कुरूनिति ॥२५॥

सञ्जय भन्दछन्– हे धृतराष्ट्र! अर्जुनद्वारा यस प्रकार प्रार्थना गरिए पछि भगवान् श्रीकृष्णचन्द्रले दुवै सेनाको बीचमा भीष्म र द्रोणाचार्यको सामने नै तथा सम्पूर्ण राजाहरूको पनि सामने उत्तम रथलाई खडा गरेर यस प्रकार भन्नुभयो कि हे पार्थ! युद्धको लागि जम्मा भएका यी कौरवहरूलाई हेर ॥२४–२५॥

तत्रापश्यत्स्थितान् पार्थः पितॄनथ पितामहान् ।
आचार्यान्मातुलान्भ्रातॄन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥

श्वशुरान्   सुहृदश्चैव   सेनयोरुभयोरपि ।

यस पछि पृथापुत्र अर्जुनले ती दुईओटै सेनाहरूमा स्थित ठूला बालाई, काकाहरूलाई, हजुरबाहरूलाई, गुरुहरूलाई, मामाहरूलाई, भाईहरूलाई, पुत्रहरू, नातिहरू, तथा मित्रहरूलाई, ससुराहरूलाई र सुहृदहरूलाई पनि देखे॥२६ औं र २७औं को पूर्वार्ध॥

तान्समीक्ष्य सकौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥

कृपया   परयाविष्टो   विषीदन्निदमब्रवीत् ।

त्यहाँ उपस्थित सम्पूर्ण बन्धुहरुलाई देखेर ती कुन्तीपुत्र अर्जुन अत्यन्त करुणाले युक्त भएर शोक गर्दै यी कुराहरू भने॥२७औं को उत्तरार्ध र २८औं को पूर्वार्ध॥

अर्जुन उवाच

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सु समुपस्थितम् ॥२८॥

सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।

वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥

अर्जुन भन्दछन्– हे कृष्ण! युद्धक्षेत्रमा डटेका युद्धका अभिलाषी यस स्वजनसमुदायलाई देखेर मेरा अङ्गहरू शिथिल हुँदै गईरहेका छन् र मुख पनि सुक्दै गईरहेको छ तथा मेरो शरीर कम्प एवं रोमाञ्च भईरहेको छ॥२८औं को उत्तरार्ध र २९॥

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।

न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥

साथै मेरा हातबाट गाण्डीव धनुष पनि छुटिरहेको छ र मेरो त्वचा(छाला)मा पनि जलन भईरहेको छ तथा मेरो मन भ्रमित जस्तो हुँदैछ; यसैले म उभिन पनि सकिरहेको छैन॥३०॥

निमित्तानि च पश्यामि विपरीतानि केशव ।

न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

हे केशव! म लक्षणहरू पनि विपरीत नै देखिरहेको छु तथा युद्धमा स्वजनसमुदायलाई मारेर कल्याण पनि देख्दिन॥३१॥

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च ।

किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥

हे कृष्ण! म न त विजय चाहन्छु, न त राज्य तथा सुखहरूलाई नै। हे गोविन्द! मलाई यस्ता राज्य संग के प्रयोजन छ अथवा यस्तो भोगहरूबाट तथ जीवनबाट पनि के लाभ छ र?॥३२॥

येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ।

त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ॥३३॥

हामीलाई जसको लागि राज्य, भोग र सुखादि अभीष्ट छ, तीनीहरू सबै जनानै धन र जीवनको आशालाई त्यागेर युद्धका लागि उभिएका छन् ॥३३॥

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।

मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥

गुरुजन, काका–बा, छोराहरू र त्यसै प्रकार हजुरबाहरू, मामाहरू, ससुरा, पौत्र, साला तथा अरू पनि सम्बन्धीहरू छन् ॥३४॥

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।

अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

हे मधुसूदन! मलाई मारे पनि अथवा तीनै लोकको राज्यका लागि पनि म यिनीहरूलाई सबैलाई मार्न चाहन्न; भने पृथ्वीको लागि त भन्नु नै के छ र? ॥३५॥

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ।

पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ॥३६॥

हे जनार्दन! धृतराष्ट्रको छोराहरूलाई मारेर हामीलाई के प्रसन्नता हुन्छ र? यी आततायिहरूलाई मारेर त हामीलाई पाप नै लाग्छ ॥३६॥

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान् स्वबान्धवान् ।

स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

यसैले हे माधव! आफ्नै बन्धु–बान्धव धृतराष्ट्रका छोराहरूलाई मार्नको लागि हामी योग्य छैनौं; किनकी आफ्नै कुटुम्बलाई मारेर हामी कसरी सुखी हुन सक्दछौं? ॥३७॥

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।

कुलक्षयकृतं दोषं मित्रदोहे च पातकम् ॥३८॥

यद्यपि लोभले भ्रष्टचित्त भएका यिनीहरू कुलको नाशले उत्पन्न दोषलाई र मित्रको विरोध गरेर हुने पापलाई पनि देख्दैनन् ॥३८॥

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।

कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥

तैपनि हे जनार्दन! कुलको नाशले उत्पन्न हुने दोषलाई जान्ने हामीहरूले यो पापबाट

बच्नको लागि किन विचार (प्रयत्न) नगर्ने ? ॥३९ ॥

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४० ॥

कुलको नाशले सनातन कुलधर्म नष्ट हुनजान्छ, धर्मको नाश भए पछि सम्पूर्ण कुलमा पाप पनि धेरै फैलिन्छ॥४० ॥

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः ॥४१ ॥

हे कृष्ण! पाप धेरै फैलिए पछि कुलका स्त्रिहरू अत्यन्त दूषित हुन्छन् र हे वार्ष्णेय! स्त्रिहरू दूषित भएपछि वर्णसङ्कर उत्पन्न हुन्छन्॥४१ ॥

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२ ॥

वर्णसङ्कर कुलघातिहरूलाई र कुललाई नरमा लिएर जानको लागि नै हुन्छन्। लुप्त भएको पिण्ड–पानीको क्रियावाला अर्थात् श्राद्ध र तर्पणले वञ्चित यिनीहरूका पितृ पनि अधोगति मा प्राप्त हुन्छन्॥४२ ॥

दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः ।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३ ॥

यी वर्णसङ्करकारक दोषहरूबाट कुलघातिहरूको सनातन कुल–धर्म र जाति–धर्म नष्ट हुन्छ॥४३ ॥

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४ ॥

हे जनार्दन! जसको कुल–धर्म नष्ट भएको छ, त्यस्तो मनुष्यको अनिश्चित कालसम्म नरकमा वास हुन्छ, यस्तो कुरा मैले सुन्दै आएको छु॥४४ ॥

अहो बत महत्पापं कर्तुं व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५ ॥

अहो! कस्तो आश्चर्य र दुःखको कुरा, हामी बुद्धिमान भएर पनि महान् पाप गर्नको लागि तयार भएका छौं; जुन कि राज्य र सुखको लोभले स्वजनलाई नै मार्न उद्यत भएका छौं॥४५ ॥

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥४६ ॥

यदि शस्त्ररहित र सामना नगर्नेवाला मलाई शस्त्र हातमा लिएका धृतराष्ट्रको छोराहरूले युद्धमा मारे भने त्यो मार्नु पनि मेरो लागि धेरै कल्याणकार हुन्छ॥४६॥

सञ्जय उवाच

एवमुक्त्वार्जुनः सङ्ख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

सञ्जय भन्दछन्– रणभूमिमा शोकले उद्विग्न मन भएका अर्जुन यसप्रकारले भनेर बाणसहित धनुषलाई त्यागि रथको पछिल्तिर गएर बसे॥४७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादेऽर्जुनविषादयोगो
नाम प्रथमोऽध्यायः॥१॥

--★--★--★--

ॐ श्रीपरमात्मने नमः

अथ द्वितीयोऽध्यायः

सञ्जय उवाच

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

सञ्जय भन्दछन्– त्यस प्रकार करुणाले व्याप्त र आँसुहरूले पूर्ण तथा व्याकुल नेत्रभएका शोकयुक्त ती अर्जुनको प्रति भगवान् मधुसूदनले यो वचन भन्नुभयो॥१॥

श्रीभगवानुवाच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥

श्रीभगवान्ले भन्नुभयो– हे अर्जुन! तिमिलाई यस असमयमा यो मोह के कारणले प्राप्त भयो? किनकी न त यो श्रेष्ठ पुरुषहरूद्वारा आचरित छ, न त स्वर्गलाई दिन्छ र न त कीर्ति नै॥२॥

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ॥३॥

यसैले हे अर्जुन! नपुंसकतामा नजाऊ, तिमीमा यस्तो देखिनु राम्रो हुँदैन। हे परंतप! हृदयको तुच्छ दुर्बलतालाई त्यागेर युद्धको लागि खड़ा होऊ॥३॥

अर्जुन उवाच

कथं भीष्ममहं सङ्ख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रति योत्स्यामि पूजार्हावरिसूदन ॥४॥

अर्जुन भन्दछन्– हे मधुसूदन! म रणभूमिमा कसरी आफ्नो बाणले भीष्मपितामह र द्रोणाचार्यको विरुद्ध युद्ध गरूँ? किनकी हे अरिसूदन! वहाँहरू दुईजनै पूजनीय हुनुहुन्छ॥४॥

गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गुरूनिहैव
भुञ्जीय भोगान् रुधिरप्रदिग्धान् ॥५॥

यसैले यी महानुभाव गुरुजनहरूलाई नमारिकन म यस लोकमा भिक्षाको अन्न खानु पनि कल्याणकारक सम्झिन्छु; किनकी गुरुजनहरूलाई मारेर यस लोकमा रगतले भिजेका अर्थ र कामरूप भोगहरूलाई नै त भोगिरहेको हुन्छु॥५॥

न चैतद्विद्मः कतरन्नो गरीयो–
यद्वा जयेम यदि वा नो जयेयुः ।
यानेव हत्वा न जिजीविषाम–
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

हामी यो पनि जान्दैनौं कि हाम्रो लागि युद्ध गर्नु र नगर्नु–यी दुईकुरामा कुन श्रेष्ठ छ, अथवा यो पनि जान्दैनौं कि उनीहरूलाई हामी जित्नेछौं वा उनीहरूले नै हामीलाई जित्नेछन्। र जसलाई मारेर हामी बाँच्न पनि चाहँदैनौं, तिनै हाम्रा आत्मीय धृतराष्ट्रका छोराहरू हाम्रो मुकाबला गर्न खडा भएका छन्॥६॥

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसम्मूढचेताः ।
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥

यसैले कायरतारूप दोषले ढाकिएको स्वभाववाला र धर्मको विषयमा मोहितचित्त भएको म हजुर सँग यो भन्दछु कि जुन साधन कल्याणकारक छ, त्यो मेरो लागि भन्नुहोस; किनकी म हजुरको शिष्य हूँ यसैले हजुरको शरणमा आएको मलाई शिक्षा दिनुहोस॥७॥

न हि प्रपश्यामि ममापनुद्याद्
यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।
अवाप्य भूमावसपत्नमृद्धं-
राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

किनकी भूमिमा निष्कण्टक,धन-धान्यसम्पन्न राज्यलाई र देवताहरूको स्वामीपन प्राप्त गरेर पनि मैले त्यस उपायलाई देखेको छैन, जुन मेरा इन्द्रियहरू सुकाउने शोकलाई भगाउन सकोस॥८॥

सञ्जय उवाच

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तपः ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ॥९॥

सञ्जय भन्दछन्- हे राजन्! निद्रालाई जित्ने अर्जुन अन्तर्यामी भगवान् श्रीकृष्ण सँग यस्तो भनेर फेरि श्रीगोविन्द भगवान्लाई "म युद्ध गर्दिन" यो स्पष्ट भनेर चुपलागे॥९॥

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥१०॥

हे भरतवंशी धृतराष्ट्र! अन्तर्यामी श्रीकृष्ण भगवान्ले दुवैसेनाको बीचमा शोकविह्वल त्यस अर्जुनलाई मुस्कुराउँदै यो कुरा भन्नुभयो॥१०॥

श्रीभगवानुवाच

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ॥११॥

श्रीभगवान् भन्नुहुन्छ- हे अर्जुन! तिमी शोक गर्नु नपर्ने मनुष्यको पनि शोक गर्दछौ र पण्डितको जस्तो कुरा पनि गर्दछौ; तर जसको प्राण गयो उनीहरूका लागि र जसको प्राण गएको छैन उनीहरूका लागि पनि पण्डितहरू शोक गर्दैनन्॥११॥

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥१२॥

न त यस्तो नै होकि म कुनै समयमा थिईंन, तिमी थिएनौ अथवा यी राजाहरू थिएनन् र न त यस्तो नै हो कि अब फेरि हामी सबै रहँदैनौं॥१२॥

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।

तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥

जसरी जीवात्माको यस देहमा बालकपन, जवानी र वृद्धावस्था हुन्छ, त्यसरी नै अन्य शरीरको प्राप्ति हुन्छ; यस विषयमा धीर पुरुष मोहित हुँदैनन्॥१३॥

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः ।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ॥१४॥

हे कुन्तीपुत्र! जाड़ो–गर्मी र सुख–दुःखलाई दिने इन्द्रिय र विषयको संयोग त उत्पत्ति–विनाशशील र अनित्य छ, यसैले हे भारत! तिनिहरूलाई तिमि सहन गर॥१४॥

यं हि न व्यथयन्त्यते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥

किनकी हे पुरुषश्रेष्ठ! दुःख–सुखलाई समान मान्ने जुन धीर पुरुषलाई यी इन्द्रिय र विषयको संयोग व्याकुल गर्दैनन्, तिनीहरू नै मोक्षको योग्य हुन्छन्॥१५॥

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥

असत् वस्तुको सत्ता छैन र सत्को अभाव छैन। यस प्रकार यी दुवैलाई नै तत्त्वज्ञानी पुरुषद्वारा देखिएको छ॥१६॥

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

नाशरहित त तिमि त्यसलाई जान्नु, जो बाट यो सम्पूर्ण जगत्–दृश्यवर्ग व्याप्त छ। यस अविनाशीको विनाश गर्न कोही पनि समर्थ छैनन्॥१७॥

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्य भारत ॥१८॥

यस नाशरहित, अप्रमेय, नित्यस्वरूप जीवात्माको यी सबै शरीर नाशवान् भनिएको छ। यसैलै हे भरतवंशी अर्जुन! तिमी युद्ध गर॥१८॥

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानितो नायं हन्ति न हन्यते ॥१९॥

जो यस आत्मालाई मार्नेवाला सम्झिन्छ तथा जो यसलाई मरेको मान्दछ, ती दुबै वास्तवमा जान्दैनन्; किनकी यो आत्मा वास्तवमा न त कसैलाई मार्दछ न अरूबाट नै मारिन्छ। ॥१९॥

न जायते म्रियते वा कदाचि-
न्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो-
न हन्यते हन्यमाने शरीरे ॥२०॥

यो आत्मा कुनै कालमा न त जन्मिन्छ र न त मर्दछ तथा यो उत्पन्न भएर फेरि हुनेवाला नै छ; किनकी यो अजन्मा, नित्य, सनातन र पुरातन हो; शरीर मारिदा पनि यो मारिदैन ॥२०॥

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

हे पृथापुत्र अर्जुन! जुन पुरुष यस आत्मालाई नाशरहित, नित्य, अजन्मा र अव्यय भनेर जान्दछ, त्यो पुरुष कसरी कसलाई मार्न लगाउँछ र कसरी कसलाई मार्न सक्दछ? ॥२१॥

वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा-
न्यन्यानि संयाति नवानि देही ॥२२॥

जसरी मनुष्य पुराना कपडा त्यागेर नयाँ कपडा लगाउँदछ, त्यसरी नै जीवात्मा पुरानो शरीरलाई त्यागेर अर्को नयाँ शरीरमा प्रवेश गर्दछ॥२२॥

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥

यस आत्मालाई शस्त्र काट्न सक्दैन, यसलाई आगोले जलाउन सक्दैन, पानीले गलाउन सक्दैन र हावाले पनि यसलाई सुकाउन सक्दैन॥२३॥

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥

किनकी यो आत्मा काट्न नसकिने, जलाउन नसकिने, गलाउन नसकिने, निःसन्देह सुकाउन पनि नसकिने तथा यो आत्मा नित्य, सर्वव्यापी, अचल, स्थिर रहनेवाला र सनातन छ॥२४॥

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

यो आत्मा अव्यक्त, अचिन्त्य र विकार रहित भनिन्छ। यसैले हे अर्जुन! यस आत्मालाई

उपर्युक्त प्रकारले जानेर तिमी शोक गर्न योग्य छैनौ अर्थात् तिमीले शोक गर्नु उचित होईन ॥२५ ॥

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६ ॥

तर तिमी यस आत्मालाई सदा जन्मने र मर्नेवाला मान्दछौ, भने पनि हे महाबाहो! तिमी यस प्रकार शोक गर्न योग्य छैनौ ॥२६ ॥

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

किनकी यस मान्यताको अनुसार जन्मनेको मृत्यु निश्चित छ र मरेकाको जन्म पनि निश्चित छ। यसले पनि यो बिना उपायवाला (बिनाकामको) विषयमा तिमी शोक गर्न योग्य छैनौ ॥२७ ॥

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥

हे अर्जुन! सम्पूर्ण प्राणी जन्मभन्दा पहिले अप्रकट थिए र मरेपछि पनि अप्रकट नै हुनेवाला हुन, केवल बीचमा मात्रै प्रकट छन्; फेरि यस्तो स्थितिमा के शोक गर्नु ? ॥२८ ॥

आश्चर्यवत्पश्यति कश्चिदेन-
माश्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः शृणोति
श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥

कुनै एउटा महापुरुष नै यसलाई आश्चर्यको भाँति हेर्दछ र त्यस्तै नै अर्को महापुरुष यसको तत्त्वलाई आश्चर्यको भाँति वर्णन गर्दछ तथा दोस्रो कुनै अधिकारी पुरुष नै यसलाई आश्चर्यको भाँति सुन्दछ र कुनै-कुनै त यसलाई सुनेर पनि जान्दैनन् ॥२९ ॥

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

हे अर्जुन! यो आत्मा सबैको शरीरमा सदा नै अवध्य छ। यस कारण सम्पूर्ण प्राणीहरूका लागि तिमी शोक गर्न योग्य छैनौ ॥३० ॥

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥

तथा आफ्नो धर्मलाई(कर्तव्यलाई)हेरेर पनि तिमी भय गर्न योग्य छैनौ अर्थात् तिमीले डराउनु हुँदैन; किनकी क्षत्रियको लागि धर्मयुक्त युद्धभन्दा ठूलो कुनै कल्याणकारी कर्तव्य छैन॥३१॥

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

हे पार्थ! आफ–से–आफ प्राप्त भएको र खुलेको स्वर्गको द्वाररूपी यस प्रकारको युद्धलाई भाग्यमानी क्षत्रीयले मात्रै पाऊँदछ॥३२॥

अथ चेत्त्वमिमं धर्म्यं सङ्ग्रामं न करिष्यसि ।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

तर यदि तिमी यो धर्मयुक्त युद्धलाई गर्दैनौ भने स्वधर्म र कीर्तिलाई छोडेर पापमात्र प्राप्त हुनेछ॥३३॥

अकीर्तिं चापि भूतानि
कथयिष्यन्ति तेऽव्ययाम् ।
सम्भावितस्य चाकीर्ति–
र्मरणादतिरिच्यते ॥३४॥

तथा सबै मान्छेहरू सधैं तिम्रो अपकीर्तिको नै बखान गर्ने छन् र माननीय पुरुषको लागि अपकीर्ति मृत्यु भन्दा पनि ठूलो(मृत्यु) हुन्छ॥३४॥

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥३५॥

जसको दृष्टिमा तिमी पहिले धेरै सम्मानित भएर अब लघुतालाई प्राप्त गर्दछौ भने तिनै महारथीहरू तिमिलाई डरले गर्दा युद्धबाट हटेको मान्नेछन्॥३५॥

अवाच्यवादांश्च बहुन्वदिष्यन्ति तवाहिताः ।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥३६॥

तिम्रो शत्रुहरू तिम्रो सामर्थ्यको निन्दा गर्दै तिमिलाई भन्न नहुने धेरै कुरा भन्नेछन्; त्यो भन्दा धेरै दुःख अरू के होला ? ॥३६॥

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥

या त तिमी युद्धमा मारिएर स्वर्गलाई प्राप्त गर्नेछौ अथवा संग्राममा जीतेर पृथ्वीको राज्य

भोग्नेछौ। यस कारण हे अर्जुन! तिमी युद्धको निश्चय गरेर ऊठ॥३७॥

सुखदु:खे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥

जय–पराजय, लाभ–हानी र सुख–दु:खको समान मानेर त्यस पछि युद्धको लागि तयार होऊ; यस प्रकार युद्ध गर्नाले तिमी पापको भागी हुनु पर्दैन॥३८॥

एषा तेऽभिहिता साङ्ख्ये
बुद्धिर्योगे त्विमां शृणु ।
बुद्ध्या युक्तो यया पार्थ
कर्मबन्धं प्रहास्यसि ॥३९॥

हे पार्थ! यो बुद्धि तिम्रो लागि ज्ञानयोगको विषयमा भनियो र अब तिमी यसलाई कर्मयोगको विषयमा सुन– जुन बुद्धिले युक्त भएको तिमी कर्मबन्धनलाई भली–भाँति त्यागि दिनेछौ अर्थात् सर्वथा नष्ट गरिदिनेछौ॥३९॥

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥४०॥

यस कर्मयोगमा आरम्भको अर्थात बीजको नाश हुँदैन र उल्टो फलरूप दोष पनि छैन, बरू यस कर्मयोगरूप धर्मको अलिकति पनि साधन जन्म–मृत्युरूप महान् भयबाट रक्षा गर्दछ॥४०॥

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥

हे अर्जुन! यस कर्मयोगमा निश्चयात्मिका बुद्धि एउटै हुन्छ; तर अस्थिर विचारभएको विवेकहीन सकाम मनुष्यहरूको बुद्धि निश्चय नै धेरै भेद भएको र अनन्त हुन्छ॥४१॥

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चित: ।
वेदवादरता: पार्थ नान्यदस्तीति वादिन: ॥४२॥
कामात्मान: स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥
भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धि: समाधौ न विधियते ॥४४॥

हे अर्जुन! जो भोगहरूमा तन्मय भईरहेका छन्, जो कर्मफलको प्रशंसक वेदवाक्यमा नै प्रीति राख्दछन्, जसको बुद्धिमा स्वर्ग नै परमप्राप्य वस्तु हो र जो स्वर्ग भन्दा ठूलो अर्को कुनै वस्तु नै छैन– यस्तो भन्नेहरू छन्, ती अविवेकीहरू यस प्रकारको जुन पुष्पित अर्थात् देखावटी शोभायुक्त वाणीलाई भन्ने गर्दछन् जुन कि जन्मरूप कर्मफल दिने एवं भोग तथा ऐश्वर्यको प्राप्तिको लागि नाना प्रकारको धेरै नै क्रियाहरू वर्णन गर्नेवाला छन्, त्यस वाणीद्वारा जसको चित्त हरण गरिदिईएको छ, जो भोग र ऐश्वर्यमा अत्यन्त आसक्त छन्, ती पुरुषहरूको परमात्मामा निश्चयात्मिका बुद्धि हुँदैन ॥४२–४४॥

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥

हे अर्जुन! वेद उपर्युक्त प्रकारले तीनै गुणहरूका कार्यरूप समस्त भोगहरू एवं उनीहरूको साधनको प्रतिपादन गर्नेवाला हुन, यसैले तिमी ती भोगहरू एवं त्यसको साधनहरूमा आसक्तिहीन, हर्ष–शोकादि द्वन्द्वहरूबाट रहित, नित्यवस्तु परमात्मामा स्थित, योग–क्षेमलाई न चाहने र स्वाधीन अन्तःकरणवाला होऊ ॥४५॥

यावानर्थ उदपाने सर्वतः सम्प्लुतोदके।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥

सबै तिरबाट परिपूर्ण ठूलो जलाशय पाएपछि सानो जलाशयमा मनुष्यको जति प्रयोजन रहन्छ त्यस्तै नै ब्रह्मलाई तत्त्वबाट जान्ने ब्राह्मणको समस्त वेदहरूमा त्यति नै प्रयोजन रहन्छ॥४६॥

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन।
मा कर्मफलहेतुर्भूमा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

तिम्रो कर्म गर्नमा नै अधिकार छ, त्यसको फलमा कदापि होईन। यसैले तिम्रो कर्मफलको आशा कर्म गर्ने कारण नबनोस तथा तिम्रो कर्म नगर्न मा पनि आशक्ति नहोस॥४७॥

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

हे धनञ्जय! तिमी आसक्तिलाई त्यागेर तथा सिद्धि र असिद्धिमा समान बुद्धिवाला भएर योगमा स्थित भई कर्तव्यकर्मलाई गर, समत्वलाई नै योग भनिन्छ॥४८॥

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

यस समत्वरूप बुद्धियोग भन्दा सकाम कर्म अत्यन्तै निम्न श्रेणीको हो। यसैले हे धनञ्जय! तिमी समबुद्धिमा नै रक्षाको उपाय खोज अर्थात् बुद्धियोगको नै आश्रय ग्रहण गर; किनकी फलको हेतु बन्ने अत्यन्त दीन हुन्॥४९॥

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम्॥५०॥

समबुद्धियुक्त पुरुष पुण्य र पाप दुवैलाई यसै लोकमा त्यागि दिन्छ अर्थात् त्यसबाट मुक्त हुन्छ। यसैले तिमी समत्वरूप योगमा लाग; यो समत्वरूप योग नै कर्महरूमा कुशलता अर्थात् कर्मबन्धनबाट छुट्ने उपाय हो॥५०॥

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम्॥५१॥

किनकी समबुद्धिले युक्त ज्ञानीजन कर्मबाट उत्पन्न हुने फललाई त्यागेर जन्मरूप बन्धनबाट मुक्त भई निर्विकार परमपदलाई प्राप्त गर्दछन्॥५१॥

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च॥५२॥

जुन बेला तिम्रो बुद्धि मोहरूपी दलदललाई राम्रो सँग पार गर्नेछ, त्यस बेला तिमी सुनेका र सुन्नमा आउने यस लोक र परलोक सम्बन्धी सबै भोगहरूबाट विरक्त हुन्छौ॥५२॥

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि॥५३॥

जब नाना थरी कुरा सुनेर विचलित भएको तिम्रो बुद्धि जब परमात्मामा अचल र स्थिर भएर बस्छ, तब तिमी योगलाई प्राप्त गर्नेछौ अर्थात् तिम्रो परमात्मा सँग नित्य संयोग हुनेछ॥५३॥

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम्॥५४॥

अर्जुले भने– हे केशव! समाधिमा स्थित परमात्मालाई प्राप्त गरेका स्थिर बुद्धि पुरुषको लक्षण के हो? त्यो स्थिर बुद्धि पुरुष कसरी बोल्दछ, कसरी बस्दछ र कसरी हिंड्दछ? ॥५४॥

श्रीभगवानुवाच

प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान्।

आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥

श्रीभगवान् भन्नुहुन्छ–हे अर्जुन! जुन बेला त्यो पुरुष मनमा उत्पन्न भएका सम्पूर्ण कामनाहरूलाई त्यागेर आत्मामा नै संतुष्ट रहन्छ त्यस बेला त्यो स्थितप्रज्ञ भनिन्छ॥५५॥

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥

दुःखको प्राप्तिमा(अर्थात दुःख पर्दा) जसको मनमा उद्वेग हुँदैन(अर्थात् मन विचलित हुँदैन), सुखको प्राप्तिमा जो सर्वथा निःस्पृह छ तथा जसको राग, भय र क्रोध सर्वथा नष्ट भएका छन्, यस्ता मुनि स्थिरबुद्धि भनिन्छन्॥५६॥

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥

जुन पुरुष सर्वत्र स्नेहरहित भएर शुभ या अशुभ कुराको प्राप्ति हुँदा न प्रसन्न हुन्छ, न रीस गर्छ त्यसको बुद्धि स्थिर हुन्छ॥५७॥

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥

जसरी कछुवाले चारैतिर बाट आफ्ना अङ्गलाई समेट्दछ(खुम्च्याउँछ) , त्यसरी नै त्यो पुरुष इन्द्रियहरूको विषयबाट इन्द्रियहरूलाई सबै प्रकारले हटाउँदछ, तब त्यसको बुद्धि स्थिर हुन्छ(यस्तो संझिनु पर्दछ) ॥५८॥

विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥

इन्द्रियहरूद्वारा विषय भोग नगर्ने पुरुषको केवल विषय त निवृत्त हुन्छन् तर त्यसमा रहने आसक्ति निवृत्त हुँदैनन्। यस स्थिरप्रज्ञ पुरुषको आसक्ति त परमात्माको साक्षात्कार गर्दैमा निवृत्त हुन्छन्॥५९॥

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

हे अर्जुन! आसक्तिको नाश नभएकोले यी प्रमथनस्वभाववाला इन्द्रियहरू, प्रयत्नशील बुद्धिमान् पुरुषको मनलाई पनि जबर्जस्ती हरण गर्दछन्॥६०॥

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥

यसैको लागि साधकले ती सम्पूर्ण इन्द्रियहरूलाई वशमा गरि समाहितचित्त भई मेरो परायण भएर ध्यानमा बस्नु, किनकी जुन पुरुषको इन्द्रियहरू वशमा हुन्छन् त्यसैको बुद्धि स्थिर हुनजान्छ॥६१ ॥

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥६२ ॥

विषयहरूको चिन्तन गर्ने पुरुषको ती विषयहरूमा आसक्ति हुनजान्छ, आसक्तिले ती विषयहरूको कामना उत्पन्न हुन्छ र कामनामा विघ्न भएमा क्रोध उत्पन्न हुन्छ॥६२ ॥

क्रोधाद्भवति सम्मोहः सम्मोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३ ॥

क्रोधले अत्यन्त मूढ़भाव उत्पन्न हुन्छ र मूढ़भावले स्मृतिमा(दिमागमा) भ्रम पैदा हुन्छ, भ्रम भएपछि बुद्धि अर्थात् ज्ञानशक्तिको नाश हुनजान्छ र बुद्धिको नाश भएपछि त्यो मनुष्य आफ्नो स्थितिबाट तल झर्दछ॥६३ ॥

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४ ॥

तर आफ्नो अधीन गरिएको अन्तःकरणवाला साधक आफ्नो वशमा गरेको, राग–द्वेष रहित इन्द्रियहरूद्वारा चाहिंदो विषयहरूमा विचरण गरेर पनि अन्तःकरणको प्रसन्नतालाई प्राप्त गर्दछ॥६४ ॥

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।
प्रसन्नचेतसो ह्यशु बुद्धिः पर्यवतिष्ठते ॥६५ ॥

अन्तःकरणको प्रसन्नता प्राप्त भएपछि त्यसको सम्पूर्ण दुःखहरू को अभाव हुन्छ(नाश हुन्छ) र त्यो प्रसन्न चित्तवाला कर्मयोगीको बुद्धि शीघ्र सबैतिर बाट हटेर एक परमात्मामा नै भलीभाँति स्थिर हुन्छ॥६५ ॥

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६ ॥

मन र इन्द्रियलाई नजितेको पुरुषमा निश्चयात्मिका बुद्धि हुँदैन र त्यस अयुक्त मनुष्यको अन्तःकरणमा भावना पनि हुँदैन तथा भावनाहीन मनुष्यलाई शान्ति मिल्दैन र शान्तिहीन मनुष्यलाई सुख कसरी मिल्नसक्छ? ॥६६ ॥

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।

तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

किनकी जसरी पानीमा तैरिने नाउलाई हावाले हरण गर्दछ त्यसरी नै विषयमा विचरणगर्ने इन्द्रियहरूमा मन जुन इन्द्रियको साथमा रहन्छ त्यो एउटै इन्द्रिय त्यस अयुक्त पुरुषको बुद्धिलाई हरण गर्दछ॥६७॥

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

यसैले हे महाबाहो! जुन पुरुषको इन्द्रियहरू इन्द्रियहरूको विषयबाट सम्पूर्ण प्रकारले हटाईएको छ, त्यसैको बुद्धि स्थिर छ॥६॥

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥

सम्पूर्ण प्राणिहरूका लागि जुन रात्रीको समान छ, त्यस नित्य ज्ञानस्वरूप परमानन्दको प्राप्तिमा स्थितप्रज्ञ योगी जागिरहन्छ र जुन नाशवान् सांसारिक सुखको प्राप्तिमा सबै प्राणि जागिरहन्छन्, परमात्माको तत्त्वलाई जान्ने मुनिको लागि त्यो रात्रीको समान छ॥६९॥

आपूर्यमाणमचलप्रतिष्ठं-
समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे
स शान्तिमाप्नोति न कामकामी ॥७०॥

जस्तै अनेक नदिहरूका जल सबैतिर परिपूर्ण अचल प्रतिष्ठा भएको समुद्र त्यसलाई विचलित नगरिकन मिसिन्छन्, त्यस्तै सबै भोग जुन स्थितप्रज्ञ पुरुषमा कुनै विकार उत्पन्न नगरीकनै भोगिन्छ, त्यही नै पुरुष परमशान्तिलाई प्राप्त गर्दछ, भोगहरूको चाहना गर्नेहरू होईन॥७०॥

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति॥७१॥

जुन पुरुष सम्पूर्ण कामनाहरूलाई त्यागेर ममतारहित, अहंकाररहित र स्पृहारहित भएर विचरण गर्दछ, त्यहि नै शान्तिमा प्राप्त छ, अर्थात त्यसैले शान्ति प्राप्त गर्दछ॥७१॥

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति॥७२॥

हे अर्जुन! यो ब्रह्मलाई प्राप्त गरेको पुरुषको स्थिति हो, यसलाई प्राप्त गरेर योगी कहिल्यै

मोहित हुँदैन र अन्तकालमा पनि यस ब्राह्मी स्थितिमा स्थित भएर ब्रह्मानन्दमा प्राप्त हुन्छ॥७२॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे साङ्ख्ययोगो
नाम द्वितीयोऽध्यायः॥२॥

--★--★--★--

ॐ श्रीपरमात्मने नमः

अथ तृतीयोऽध्याय

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥

अर्जुन भन्दछन्– हे जनार्दन! यदि हजुर कर्म भन्दा ज्ञान श्रेष्ठ मान्नु हुन्छ भने, हे केशव! मलाई भयङ्कर कर्ममा किन लगाउनुहुन्छ? ॥१॥

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

तपाईं छ्यासमिसे कुराले मेरो बुद्धिलाई मानौं मोहित गरिरहनु भएको छ। यसैले त्यसमा एउटा कुरालाई निश्चित गरेर भन्नुहोस जसले मेरो कल्याण होस॥२॥

श्रीभगवानुवाच

लोकेस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

श्रीभगवान् भन्नुहुन्छ–हे निष्पाप! यस लोकमा दुई प्रकारको निष्ठा मैले पहिल्यै भनेको छु। उनीहरूमा सांख्ययोगिहरूको निष्ठा त ज्ञानयोगमा र कर्मयोगिहरूको निष्ठा कर्मयोगमा हुन्छ॥३॥

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च सन्न्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

मनुष्य न त आरम्भ नगरिकन निष्कर्मतालाई यानी योगनिष्ठामा प्राप्त हुन्छन् र न कर्मको केवल त्यागमात्रले सिद्धि यानी सांख्यनिष्ठामा नै प्राप्त हुन्छन्॥४॥

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

निःसन्देह कुनै पनि मनुष्य कुनै पनि बेला क्षणमात्र पनि कर्म नकरीकन रहनसक्दैन; किनकी सारा मनुष्यसमुदाय प्रकृतिजनित गुणहरूद्वारा परवश भई कर्म गर्नको लागि बाध्य गरिन्छ ॥५ ॥

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥६ ॥

जो मूढ़बुद्धि मनुष्य सबै इन्द्रियहरूलाई हठपूर्वक माथिबाट रोके जस्तो गरेर मनले ती इन्द्रियहरूको विषयलाई चिन्तन गरिरहन्छ, त्यसलाई मिथ्याचारी अर्थात् दम्भी भनिन्छ ॥६ ॥

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७ ॥

तर हे अर्जुन ! जुन पुरुष मनले इन्द्रियहरूलाई वशमा गरेर अनासक्त भई सबै इन्द्रियहरूद्वारा कर्मयोगको आचरण गर्दछ भने त्यही श्रेष्ठ हो ॥७ ॥

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८ ॥

तिमि शास्त्रविहित कर्तव्यकर्म गर; किनकी कर्म नगर्नु भन्दा कर्म गर्नु नै श्रेष्ठ छ तथा कर्म नगर्दा तिम्रो शरीर-निर्वाह पनि त सिद्ध हुँदैन(बाँच्नुको अर्थ हुँदैन) ॥८ ॥

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९ ॥

यज्ञको निमित्त गरिने कर्महरूका अतिरिक्त अर्को कर्महरूमा लागेरै यो मनुष्यसमुदाय कर्महरूबाट बाँधिन्छ। यसैले हे अर्जुन ! तिमी आसक्तिले रहित भएर त्यस यज्ञको निमित्त सम्पूर्णरूपले कर्तव्यकर्म गर ॥९ ॥

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१० ॥

प्रजापति ब्रह्माले कल्पको आदिमा यज्ञसहित प्रजाहरूलाई रचेर उनीहरूसँग भने कि तिमीहरू यस यज्ञको द्वारा वृद्धिलाई प्राप्त गर र यो यज्ञ तिमीहरूको इच्छित भोग प्रदानगर्ने होओस ॥१० ॥

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११ ॥

तिमीहरू यस यज्ञको द्वारा देउताहरूलाई उन्नत गर र ती देउताहरू तिमीहरूलाई उन्नत

गरून्। यस प्रकार निःस्वार्थभावले एक–अर्कालाई उन्नत गर्दै तिमीहरू कल्याणलाई प्राप्त गर्नेछौ(तिमीहरूको कल्याण हुनेछ) ॥११॥

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥१२॥

यज्ञको द्वारा पुष्ट भएका भएका देउताहरू तिमीहरूलाई नमागिकनै इच्छित भोगहरू निश्चयनै दिईरहनेछन्। यस प्रकार ती देउताहरूद्वारा दिईएको भोगलाई जुन पुरुष देउताहरूलाई नदिई स्वयं भोग गर्दछ, त्यो चोर नै हो॥१२॥

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

यज्ञमा बचेको अन्न खाने श्रेष्ठ पुरुष सबै पापहरूबाट मुक्त हुन्छन् र जुन पापी आफ्नो शरीर–पोषण गर्नको लागि मात्रै अन्न पकाउँदछन्, तिनीहरू त केवल पापमात्रै खान्छन्॥१३॥

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥
कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

सम्पूर्ण प्राणी अन्नबाट उत्पन्न हुन्छन्, अन्नको उत्पत्ति वृष्टिबाट हुन्छ, वृष्टि यज्ञबाट हुन्छ र यज्ञ विहित कर्महरूबाट उत्पन्न हुन्छ। कर्मसमुदायलाई तिमी वेदबाट उत्पन्न र वेदलाई अविनाशी परमात्माबाट उत्पन्न भएको जान्नु। यसबाट सिद्ध हुन्छ कि सर्वव्यापी परम अक्षर परमात्मा सदा नै यज्ञमा प्रतिष्ठित छ॥१४–१५॥

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

हे पार्थ! जुन पुरुष यस लोकमा यस प्रकार परम्पराबाट प्रचलित सृष्टिचक्रको अनुकुल गर्दैन अर्थात् आफ्नो कर्तव्यको पालन गर्दैन, त्यो इन्द्रियहरूका द्वारा भोगमा रमण गर्नेवाला पापायु व्यर्थै बाँच्दछ॥१६॥

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

तर जुन मनुष्य आत्मामा नै रमण गर्नेवाला, आत्मामा नै तृप्त तथा आत्मामा नै सन्तुष्ट छ, त्यसको लागि कुनै कर्तव्य रहँदैन॥१७॥

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।

न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

त्यो मनुष्यको यस विश्वमा न त कर्म गर्न सँग कुनै प्रयोजन रहन्छ न त कर्म नगर्न सँग कुनै प्रयोजन रहन्छ। तथा सम्पूर्ण प्राणिहरूमा पनि यसको किञ्चिन्मात्र पनि स्वार्थको सम्बन्ध रहँदैन ॥१८॥

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।

असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

यसैले तिमि निरन्तर आसक्तिले रहित भएर सदा कर्तव्यकर्मलाई राम्रो सँग गर्दै गर। किनकी आसक्तिले रहित भई कर्म गर्दै गरेर मनुष्य परमात्मालाई प्राप्त गर्दछ॥१९॥

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।

लोकसंग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ॥२०॥

जनकादि ज्ञानीजन पनि आसक्तिरहित कर्मद्वारा नै परमसिद्धिमा प्राप्त भएका थिए। यसैको लागि तथा लोकसंग्रहलाई हेर्दाखेरि पनि तिमी कर्मगर्ने नै योग्य छौ अर्थात् तिमिले कर्म गर्नुनै उचित हो॥२०॥

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।

स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते॥२१॥

श्रेष्ठ पुरुष जस्तो–जस्तो आचरण गर्दछ, अन्य पुरुष पनि त्यस्तै–त्यस्तै आचरण गर्दछन्। त्यो जुन कुनै प्रमाद गर्दछ, समस्त मनुष्य–समुदाय त्यसैको अनुसरण गर्दछन्॥२१॥

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।

नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

हे अर्जुन! मलाई यस तीनै लोकमा कुनै कर्तव्य छैन र न त कुनै प्राप्त गर्नयोग्य वस्तु मलाई अप्राप्त छ तर पनि म कर्ममा नै लागिरहन्छु॥२२॥

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।

मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

किनकी हे पार्थ! यदि कदाचित् म सावधान भएर कर्ममा लागिन भने ठूलो हानि हुनेछ; किनकी मनुष्य सबै प्रकारले मेरो नै अनुसरण गर्दछन्॥२३॥

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।

सङ्करस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

यसैले यदि मैले कर्म गरिन भने यी सबै मनुष्य नष्ट–भ्रष्ट हुनेछन् र म सङ्करता बनाउनेवाला हुनेछु तथा यी समस्त प्रजाहरूलाई पनि नष्ट गर्नेवाला हुनेछु॥२५॥

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसङ्ग्रहम् ॥२५॥

हे भारत! कर्ममा आसक्त भएका अज्ञानीहरू जसरी कर्म गर्दछन्, आसक्तिरहित विद्वान् पनि लोकसंग्रह गर्ने चाहना राख्दै त्यसरी नै कर्म गरून्॥२५॥

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम्।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥

परमात्माको स्वरूपमा अटल स्थिति भएका ज्ञानी पुरुषले यो गर्नुपर्दछ कि त्यो शास्त्रविहित कर्ममा आसक्तिवाला अज्ञानीहरूको बुद्धिमा भ्रम अर्थात् कर्ममा अश्रद्धा उत्पन्न नगरीदिऊन। र स्वयं शास्त्रविहित समस्त कर्म गर्दै उनीहरूलाई पनि गराउनु॥२६॥

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः।
अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

वास्तवमा सम्पूर्ण कर्म सबै प्रकारले प्रकृतिको गुणहरूद्वारा गरिन्छ तर पनि जसको अन्तःकरण अहङ्कारले मोहित भईरहेको छ, यस्तो अज्ञानी 'म कर्ता हूँ' यस्तो मान्दछ॥२७॥

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

परन्तु हे महाबाहो! गुणविभाग र कर्मविभागको तत्त्वलाई जान्ने ज्ञानयोगी सम्पूर्ण गुण नै गुणमा लागि रहन्छन, यस्तो बुझेर त्यसमा आसक्त हुँदैनन्॥२८॥

प्रकृतेर्गुणसम्मूढाः सज्जन्ते गुणकर्मसु।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ॥२९॥

प्रकृतिको गुणहरूबाट अत्यन्त मोहित भएका मनुष्य गुणहरूमा र कर्महरूमा आसक्त रहन्छन्, ती पूर्णरूपमा अबुझ मन्दबुद्धि अज्ञानीहरूलाई पूर्णतया जान्ने ज्ञानी विचलित न गरोस॥२९॥

मयि सर्वाणि कर्माणि सन्न्यस्याध्यात्मचेतसा।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

म अन्तर्यामी परमात्मामा लगाईएको चित्तद्वारा सम्पूर्ण कर्महरूलाई मलाईनै अर्पण गरेर आशारहित, ममतारहित र सन्तापरहित भएर युद्ध गर॥३०॥

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः।

श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

जुन कुनै मनुष्य दोषदृष्टिले रहित र श्रद्धायुक्त भएर मेरो यस मतलाई सदा अनुसरण गर्दछन्, ती सम्पूर्ण कर्महरूबाट छुट्‌दछन्॥३१॥

ये त्वेदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम्।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ॥३२॥

परन्तु जुन मनुष्य मलाई दोषारोपण गर्दै मेरो यस मतको अनुसार चल्दैनन् ती मूर्खहरूलाई तिमी सम्पूर्ण ज्ञानहरूमा मोहित र नष्ट भएको नै मान॥३२॥

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

सबै प्राणी प्रकृतिमा प्राप्त हुन्छन् अर्थात् आफ्नो स्वभावको परवश भएर कर्म गर्दछ। ज्ञानवान् पनि आफ्नो प्रकृतिको अनुसार चेष्टा गर्दछ। फेरि यसमा कसैको हठ के गर्दछ॥३३॥

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

इन्द्रिय–इन्द्रियको अर्थमा अर्थात् प्रत्येक इन्द्रियको विषयमा राग र द्वेष लुकेर बसेका छन्। मनुष्यले ती दुवैको वशमा हुनुहुँदैन, किनकी ती दुबै नै यसको कल्याणमार्गमा विघ्न गर्ने महान् शत्रु हुन्॥३४॥

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

राम्रो सँग आचरण गरिएको अर्काको धर्मभन्दा गुणरहित आफ्नो धर्म नै अति उत्तम हो। आफ्नो धर्ममा त मर्नु पनि कल्याणकारक छ र अर्काको धर्मले भय(डर,त्रास) दिन्छ॥३५॥

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥

अर्जुन भन्दछन्–हे कृष्ण! त्यसो हो भने फेरि यो मनुष्य स्वयं न चाहँदा–न चाहँदै जबर्जस्ती लगाईएको जसरी को बाट प्रेरित भएर पापको आचरण गर्दछ॥३६॥

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः।

महाशनो महापाप्मा विद्धयेनमिह वैरिणम् ॥३७॥

श्रीभगवान् भन्नुहुन्छ– रजोगुणबाट उत्पन्न भएको यो काम नै क्रोध हो, यो धेरै खानेवाला अर्थात् भोगहरूबाट कहिल्यै नअघाउने र ठूलो पापी हो,यसैलाई नै तिमी यस विषयमा शत्रु भनेर जान्नु॥३७॥

धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

जसरी धूवाँबाट अग्नि र मैलो ले दर्पण छोपिन्छ तथा जसरी तन्तुहरूले गर्भलाई ढाकिरहन्छ, त्यसरी नै त्यस कामको द्वारा यो ज्ञान ढाकिईरहेको हुन्छ॥३८॥

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय दुष्पुरेणानलेन च ॥३९॥

र हे अर्जुन! यस अग्निको समान कहिल्यै पूर्ण न हुनेवाला कामरूप ज्ञानिहरूको नित्य वैरीको द्वारा मनुष्यको ज्ञान ढाकिएको छ॥३९॥

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

इन्द्रिय,मन र बुद्धि– यी सबै यसको वासस्थान भनिन्छ। यो काम यी मन बुद्धि र इन्द्रियहरूको द्वारा नै ज्ञानलाई छोपिदिएर जीवात्मालाई मोहित गर्दछ॥४०॥

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥

यसैले हे अर्जुन! तिमी पहिले इन्द्रियहरूलाई वशमा गरेर यस ज्ञान र विज्ञानलाई नाश गर्ने महान् पापी कामलाई अवश्य नै बलपूर्वक मारिदेऊ॥४१॥

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥

इन्द्रियहरूलाई स्थूल शरीरभन्दा पर यानी श्रेष्ठ, बलवान् र सूक्ष्म भन्दछन्; यी इन्द्रियहरूभन्दा पर मन छ, मन भन्दा पनि पर बुद्धि छ र जो बुद्धिभन्दा पनि अत्यन्त पर छ त्यो आत्मा हो॥४२॥

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥४३॥

यस प्रकार बुद्धिभन्दा पर अर्थात् सूक्ष्म, बलवान् र अत्यन्त श्रेष्ठ आत्मालाई जानेर र

बुद्धिको द्वारा मनलाई वशमा गरेर हे महाबाहो! तिमी यस कामरूप दुर्जय शत्रुलाई मारिदेऊ॥४३॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे कर्मयोगो
नाम तृतीयोऽध्यायः॥३॥

--★--★--★--

ॐ श्रीपरमात्मने नमः

अथ चतुर्थोऽध्यायः

श्रीभगवानुवाच

इमं विवस्वते योगं प्रोक्तवाहनमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥

श्रीभगवान्ले भन्नुभयो– मैले यस अविनाशी योग सूर्यसँग भनेको थिए; सूर्यले आफ्नो पुत्र वैवस्वत मनुसँग भने र मनुले आफ्नो छोरा राजा इक्ष्वाकुसँग भने॥१॥

एवं परम्परप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तपः ॥२॥

हे परन्तप अर्जुन! यस प्रकार परम्परादेखि प्राप्त भएको त्यो योगलाई महर्षिहरूले जाने; तर त्यसको पछि त्यो योग धेरै समय देखि यस पृथ्वीलोकमा लुप्तप्राय भयो॥२॥

स एवायं मया तेद्य योगः प्रोक्तः पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम्॥३॥

तिमी मेरो भक्त र प्रिय सखा हौ, यसैले त्यही नै पुरातन योग आज मैले तिमीलाई भनेको छु; किनकी यो धेरै नै उत्तम रहस्य हो अर्थात् गुप्त राख्नयोग्य विषय हो॥३॥

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः ।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

अर्जुनले सोधे– तपाईंको जन्म त अहिलेको हो र सूर्यको जन्म धेरै पहिलेको हो अर्थात् कल्पको आदिमा भईसकेको थियो। भने म यस कुरालाई कसरी जान्नु कि तपाईंले नै कल्पको आदिमा सूर्यलाई यो योग भन्नुभएको थियो॥४॥

श्रीभगवानुवाच

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन।

तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥५॥

श्रीभगवान् भन्नुहुन्छ– हे परन्तप अर्जुन! मेरा र तिम्रा धेरै जन्म भैसकेका छन्। ती सबै जन्महरूलाई तिमी जान्दैनौ तर म जान्दछु॥५॥

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।

प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ॥६॥

म अजन्मा र अविनाशीस्वरूप हुँदाहुँदै तथा सम्पूर्ण प्राणिहरूको ईश्वर भएर पनि आफ्नो प्रकृतिलाई अधीन गरेर आफ्नै योगमाया द्वारा प्रकट हुन्छु॥६॥

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।

अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्॥७॥

हे भारत! जहिले–जहिले धर्मको नाश र अधर्मको वृद्धि हुन्छ, त्यहिले–त्यहिले म आफ्नो रूपको रचना गर्दछु अर्थात् साकाररूपले मनुष्यहरूको सम्मुख प्रकट हुन्छु॥७॥

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।

धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥

सज्जनहरूको उद्धार गर्नको लागि तथा दुष्ट–पापीहरूको विनाश गर्नको लागि र धर्मको राम्रो सँग स्थापना गर्नको लागि म युग–युग मा प्रकट हुने गर्दछु॥८॥

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः।

त्यक्त्वा देहे पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥९॥

हे अर्जुन! मेरो जन्म र कर्म दिव्य अर्थात् निर्मल र अलौकिक छन्–यस प्रकार जो मनुष्य तत्त्वले जान्दछ, त्यो यस शरीरलाई त्यागेर फेरी जन्म लिंदैन र मलाई नै प्राप्त गर्दछ॥९॥

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः।

बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥

पहिले पनि जसको राग, भय र क्रोध सर्वथा नष्ट भईसकेका थिए र जो मै मा अनन्यप्रेमपूर्वक स्थित थिए, यस्तो मेरो अश्रित रहने धेरै भक्त उपर्युक्त ज्ञानरूप तपले पवित्र मेरै स्वरूपलाई प्राप्त गरिसके॥१०॥

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ।

मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

हे अर्जुन! जुन भक्त मेरो जस्तो प्रकारले भजन गर्दछ, म पनि त्यसको त्यस्तै प्रकारले भजन गर्दछु; किनकी सबै मनुष्य सबै प्रकारले मेरो नै मार्गको अनुसरण गर्दछन्॥११॥

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥

यस मनुष्यलोकमा कर्मको फल चाहने मान्छे देउताहरूको पूजा गर्ने गर्दछन्; किनकी उनीहरूलाई कर्मबाट उत्पन्न हुने सिद्धि चाँडै प्राप्त हुन्छ॥१२॥

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥१३॥

ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्र–यी चारै वर्णहरूको समूह, गुण र कर्महरूको विभागपूर्वक मेरो द्वारा रचिएको हो। यस प्रकार त्यस सृष्टि–रचनादि कर्मको कर्ता भएर पनि म अविनाशी परमेश्वरलाई तिमी वास्तवमा अकर्ता नै जान्नु॥१३॥

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

कर्मको फलमा मेरो स्पृहा छैन, यसैले मलाई कर्म लिप्त गर्दैनन्–यस प्रकार जो मलाई तत्त्वले जान्दछ, त्यो पनि कर्मले बाँधिदैन॥१४॥

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

पूर्वसमयमा मुमुक्षुहरूले पनि यसै प्रकार जानेर नै कर्म गरेका छन्। यसैले तिमी पनि पूर्वजहरूले सदादेखि गर्दै आएको कर्महरू नै गर॥१५॥

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥

कर्म के हो? र अकर्म के हो? यस प्रकारको निर्णय गर्न बुद्धिमान पुरुष पनि मोहित हुनजान्छ। यसैले त्यो कर्मतत्त्व म तिमीलाई राम्रो सँग सम्झाएर भन्दछु, जसलाई जानेर तिमी अशुभबाट अर्थात् कर्मबन्धनबाट मुक्त हुन्छौ॥१६॥

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥

कर्मको स्वरूप पनि जान्नु पर्दछ र अकर्मको स्वरूप पनि जान्नु पर्दछ तथा विकर्मको

स्वरूप पनि जान्नु पर्दछ; किनकी कर्मको गति गहन छ॥१७॥

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥

जुन मनुष्य कर्ममा अकर्म देख्दछ र जुन अकर्ममा कर्म देख्दछ, त्यो मनुष्यमा बुद्धिमान हो र त्यो योगी सम्पूर्ण कर्म गर्नेवाला हो॥१८॥

यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥

जसको सम्पूर्ण शास्त्रसम्मत कर्म बिना कामना र संकल्पको हुन्छन् तथा जसको समस्त कर्म ज्ञाानरूप अग्निको द्वारा भष्म भईसकेका छन्,त्यस महापुरुषलाई ज्ञानीहरू पनि पण्डित भन्दछन्॥१९॥

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥

जुन पुरुष सबै कर्महरूमा र उनीहरूको फलासक्तिलाई सर्वथा त्यागेर संसारको आश्रयबाट रहित भएको छन् र परमात्मामा नित्य तृप्त छन्, त्यो कर्ममा लागिपरे पनि वास्तवमा केहि गर्दैन॥२०॥

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥२१॥

जसले अन्तःकरण र इन्द्रियहरू सहित शरीरलाई जितेको छ र जसले सबै भोगहरूको सामग्री परित्याग गरिदिएको छ, यस्तो आशारहित पुरुष केवल शरीर–सम्बन्धी गरेर पनि पापमा पर्दैन॥२१॥

यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥

जो बिना इच्छाको आफैं प्राप्त भएको पदार्थमा सधैं सन्तुष्ट रहन्छ तथा जसले कसैको इर्ष्या गर्दैन, जो हर्ष शोक आदि द्वन्द्वबाट सर्वथा अतीत छ–यस्तो सिद्धि र असिद्धिमा सम रहनेवाला कर्मयोगि कर्म गरेर पनि त्यसबाट बन्धनमा पर्दैन॥२२॥

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥

जसको आसक्ति सर्वथा नष्ट भएको छ, जो देहाभिमान र ममताले रहित छ, जसको चित्त

निरन्तर परमात्माको ज्ञानमा बस्दछ–यस्तो मनुष्यको सम्पूर्ण कर्म भलीभाँति विलिन हुन्छ॥२३॥

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥

जसको यज्ञमा अपर्ण अर्थात् स्रुवा आदि पनि ब्रह्म हो र हवन गर्न योग्य द्रव्य पनि ब्रह्म हो तथा ब्रह्मरूप कर्ताको द्वारा ब्रह्मरूप अग्निमा आहुति दिने क्रिया पनि ब्रह्म हो–त्यस ब्रह्मकर्ममा स्थित रहेका योगीद्वारा प्राप्त गर्न योग्य फल पनि ब्रह्म हो॥२४॥

दैवमेवारे यज्ञं योगिनः पर्युपासते ।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥

अरु कुनै योगिहरू देउताहरूको पूजनरूप यज्ञको नै सम्पूर्ण प्रकारले अनुष्ठान गर्ने गर्दछन् र अन्य कुनै योगिहरू परब्रह्म परमात्मारूप अग्निमा अभेददर्शनरूप यज्ञको द्वारा नै आत्मरूप यज्ञको हवन गर्दछन्॥२५॥

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

अन्य योगीजन श्रोत्र आदि समस्त इन्द्रियहरूलाई संयमरूप अग्निमा हवन गर्ने गर्दछन् र अरू कुनै योगीहरू शब्दादि विषयहरूलाई इन्द्रियरूप अग्निहरूमा हवन गर्ने गर्दछन्॥२६॥

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

अरु योगीहरू इन्द्रियहरूको सम्पूर्ण क्रियाहरू र प्राणहरूको समस्त क्रियाहरूलाई ज्ञानले प्रकाशित आत्मसंयमयोगरूप अग्निमा हवन गर्ने गर्दछन्॥२७॥

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

अन्य कति पुरुषहरू द्रव्यसम्बन्धी यज्ञ गर्नेवाला छन्, कति त तपस्यारूप यज्ञ गर्नेवाला छन् तथा अर्का कतिपय योगरूप यज्ञ गर्नेवाला छन् त्यस्तै कति त अहिंसादि तीक्ष्णव्रतले युक्त यत्नशील पुरुष स्वाध्यायरूप ज्ञानयज्ञ गर्नेहरू छन्॥२८॥

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥
अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ।

सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥

अरु कतिपय योगीजन अपानवायुमा प्राणवायुको हवन गर्दछन्, त्यस्तै अन्य योगीहरू प्राणवायुमा अपानवायुको हवन गर्दछन्, अन्य कतिपय नियमित आहार गर्नेहरू प्राणायामपरायण पुरुष प्राण र अपानको गतिलाई रोकेर प्राणमा प्राणको नै हवन गर्दछन्। यी सबै साधक यज्ञहरूको द्वारा पापको नाश गरिदिने र यज्ञको जानकार हुन् ॥२९-३०॥

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥

हे कुरुश्रेष्ठ अर्जुन! यज्ञबाट बचेको अमृतको अनुभव गर्नेवाला योगीजन सनातन परब्रह्म परमात्मालाई प्राप्त गर्दछन्। र यज्ञ नगर्ने पुरुषको लागि यो लोक नै सुखदायक छैन, भने परलोक कसरी सुखदायक हुन सक्दछ? ॥३१॥

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

यसै प्रकार अरू पनि धेरै प्रकारको यज्ञ वेदको वाणीमा विस्तारले भनिएको छ। ती सबैलाई तिमी मन, इन्द्रिय र शरीरको क्रियाद्वारा सम्पन्न हुने जान, यस प्रकार तत्त्वले जानेर उनीहरूको अनुष्ठानद्वारा तिमि कर्मबन्धनबाट सर्वथा मुक्त हुनेछौ ॥३२॥

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

हे परन्तप अर्जुन! द्रव्यमय यज्ञको अपेक्षा ज्ञानयज्ञ अत्यन्त श्रेष्ठ छ, तथा यावन्मात्र सम्पूर्ण कर्म ज्ञानमा समाप्त हुन जान्छन् ॥३४॥

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥

त्यस ज्ञानलाई तिमि तत्त्वदर्शी ज्ञानीहरू सँग गएर सम्झिनु, उनीहरूलाई दण्डवत्-प्रणाम गर्नाले, उनीहरूको सेवा गर्नाले,र कपट छोडेर प्रश्न गर्दा ती परमात्मतत्त्वलाई राम्रो सँग जान्ने ज्ञानी महात्मा तिमीलाई त्यस तत्त्वज्ञानको उपदेश गर्नेछन् ॥३४॥

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥

जसलाई जानेर तिमी फेरि यस प्रकार मोहमा प्राप्त हुँदैनौ तथा हे अर्जुन! जुन ज्ञानको द्वारा तिमी सम्पूर्ण भूतहरू(चराचर)लाई निःशेषभावले पहिले आफुमा र पछि म सच्चिदानन्दघन

परमात्मामा देख्नेछौ ॥३५ ॥

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ॥३६ ॥

यदि तिमी अरु सबै पापीहरू भन्दा पनि धेरै पाप गर्नेवाला हौ भने पनि तिमी ज्ञानरूप नौका द्वारा निःसन्देह सम्पूर्ण पाप–समुद्रबाट पार जानेछौ ॥३६ ॥

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७ ॥

किनकी हे अर्जुन ! जसरी प्रज्वलित अग्नि ईंन्धनलाई भस्ममय गरिदिन्छ त्यसरी नै ज्ञानरूप अग्नि सम्पूर्ण कर्महरूलाई भस्ममय गरिदिन्छ॥३७ ॥

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८ ॥

यस संसारमा ज्ञानको समान पवित्र गर्ने निःसन्देह केही पनि छैन। त्यस ज्ञानलाई धेरै समयबाट कर्मयोगको द्वारा शुद्धान्त करण भएको मनुष्य आफैं नै आत्मामा पाऊँदछ॥३८ ॥

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९ ॥

जितेन्द्रिय, साधनपरायण र श्रद्धावान् मनुष्य ज्ञानलाई प्राप्त गर्दछ तथा ज्ञानलाई प्राप्त गरेपछि त्यो ढिलो नगरी तत्काल नै भगवत्प्राप्तिरूप परमशान्तिमा प्राप्त हुन्छ॥३९ ॥

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥४० ॥

विवेकहीन र श्रद्धारहित संशययुक्त मनुष्य परमार्थबाट अवश्य भ्रष्ट हुन्छ। यस्तो संशययुक्त मनुष्यको लागि न यो लोक छ, न परलोक नै छ र न सुख नै छ॥४० ॥

योगसन्न्यस्तकर्माणं ज्ञानसञ्छिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ॥४१ ॥

हे धनञ्जय ! जसले कर्मयोगको विधिले समस्त कर्महरूलाई परमात्मामा अर्पण गरिदिएको छ र जसले विवेकद्वारा समस्त संशयहरूको नाश गरिदिएको छ, यस्तो वशमा गरिएको अन्तःकरणभएको पुरुषलाई कर्मले बाँध्न सक्दैन ॥४१ ॥

तस्मादज्ञानसम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः ।

छित्त्वैनं संशय योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥

यसैले हे भरतवंशी अर्जुन! तिमी हृदयमा स्थित यस अज्ञानजनित आफ्नो संशयको विवेकज्ञानरूप तरवारद्वारा काटेर समत्वरूप कर्मयोगमा स्थित होऊ र युद्धको लागि ऊठ॥४२॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानकर्मसन्न्यासयोगो
नाम चतुर्थोऽध्यायः॥४॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ पञ्चमोऽध्यायः

अर्जुन उवाच

सन्न्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥

अर्जुन भन्दछन्– हे कृष्ण! तपाईं कर्मको संन्यासको र फेरि कर्मयोगको प्रशंसा गर्नुहुन्छ। यसैले यी दुबैमा जुन एउटा मेरो लागि निश्चित कल्याणकारक साधन छ, त्यसैलाई भन्नुहोस॥१॥

श्रीभगवानुवाच

सन्न्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसन्न्यासात्कर्मयोगो विशिष्यते ॥२॥

श्रीभगवान्‌ले भन्नुभयो– कर्मसंन्यास र कर्मयोग– यी दुबै परम कल्याणगर्नेवाला हुन्; तर ती दुबैमा पनि कर्मसंन्यास भन्दा कर्मयोग साधनमा सुगम हुनाले श्रेष्ठ छ॥२॥

ज्ञेयः स नित्यसन्न्यासी यो न द्वेष्टिन काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥३॥

हे अर्जुन! जुन पुरुष न कसैसँग द्वेष गर्दछ र न कसैको आकाङ्क्षा गर्दछ, त्यो कर्मयोगी सदा संन्यासी नै मानिन योग्य छ; किनकी राग–द्वेषादि द्वन्द्वबाट रहित पुरुष सुखपूर्वक संसार–बन्धनबाट मुक्त हुन्छ॥३॥

साङ्ख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥

उपर्युक्त संन्यास र कर्मयोगलाई मूर्खहरू पृथक्–पृथक् फल दिनेवाला भन्दछन पण्डितहरू होईन। किनकी दुईओटै मध्ये एउटामा पनि सम्यक् प्रकारले स्थित पुरुष दुईओटैको फलरूप परमात्मालाई प्राप्त हुन्छ॥४॥

यत्साङ्ख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते।
एकं साङ्ख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥

ज्ञानयोगिहरूद्वारा जुन परमधाम प्राप्त गरिन्छ, कर्मयोगिहरूद्वारा पनि त्यहि परमधाम प्राप्त गरिन्छ। यसैले जुन पुरुष ज्ञानयोग र कर्मयोगलाई फलरूपमा एक देख्दछ त्यसले नै यथार्थ देख्दछ॥५॥

सन्न्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥

परन्तु हे अर्जुन! कर्मयोगको बिना संन्यास अर्थात् मन, इन्द्रिय र शरीरको द्वारा हुने सम्पूर्ण कर्ममा कर्तापनको त्याग हुन धेरै कठिन छ र भगवत्स्वरूपलाई मनन गर्नेवाला कर्मयोगी परब्रह्म परमात्मालाई शीघ्र प्राप्त गर्दछ॥६॥

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

जसको मन आफ्नो वशमा छ, जो जितेन्द्रिय एवं विशुद्ध अन्तःकरणवाला छ र सम्पूर्ण प्राणिहरूको आत्मरूप परमात्मानै जसको आत्मा हो, यस्तो कर्मयोगि कर्म गर्दै रहेर पनि लिप्त हुँदैन॥७॥

नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्त्ववित्।
पश्यञ्शृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥
प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन्॥९॥

तत्त्वलाई जान्ने सांख्ययोगी त देख्ने, सुन्ने, छुने, सूँघ्ने, खाने, हिंड्ने, सुत्ने, श्वास लिने, बोल्ने, त्याग्ने, ग्रहण गर्ने तथा आँखालाई खोल्ने र बन्द गर्ने गरेर पनि सबै इन्द्रियहरू आफ्नो–आफ्नो काममा लागिरहन्छन् यस्तो प्रकारले सम्झेर निःसन्देह यस्तो मान्नु कि म केहि पनि गर्दिन॥८–९॥

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

जुन पुरुष सबै कर्महरूलाई परमात्मामा अर्पण गरेर र आसक्तिलाई त्यागेर कर्म गर्दछ भने त्यो पुरुष जलमा कमलको पत्ता जसरी पापले लिप्त हुँदैन ॥१० ॥

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥

कर्मयोगी ममत्वबुद्धिरहित केवल इन्द्रिय, मन, बुद्धि र शरीरद्वारा पनि आसक्तिलाई त्यागेर अन्तःकरणको शुद्धिको लागि कर्म गर्दछन् ॥११ ॥

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥

कर्मयोगी कर्मको फललाई त्यागेर भगवत्प्राप्तिरूप शान्तिलाई प्राप्त गर्दछ र सकामपुरुष कामनाको प्रेरणाले फलमा आसक्त भएर बाँधिन्छ ॥१२ ॥

सर्वकर्माणि मनसा सन्न्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

अन्तःकरण जसको वशमा छ यस्तो सांख्ययोगको आचरण गर्नेवाला पुरुष न गर्दै र न गराउँदै जस्तो गरेर पनि नौ द्वारवाला शरीररूप घरमा सबै कर्मलाई मनबाटै त्यागेर आनन्दपूर्वक सच्चिदानन्दघन परमात्माको स्वरूपमा स्थित रहन्छ ॥१३ ॥

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥

परमेश्वर मनुष्यहरूको न त कर्तापनको, न कर्महरूको र न कर्मफलहरूको संयोगको नै रचना गर्नुहुन्छ; तर स्वभाविक नै लागिरहन्छ ॥१४ ॥

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

सर्वव्यापी परमेश्वर पनि न कसैको पापकर्मलाई र न कसैको शुभकर्मलाई नै ग्रहण गर्दछ; तर अज्ञानको द्वारा ज्ञान छोपिएको छ, त्यसैबाट सबै अज्ञानी मनुष्य मोहित भईरहेकाछन् ॥१५ ॥

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

तर जुन मनुष्यको त्यो अज्ञान परमात्माको तत्त्वज्ञानद्वारा नष्ट गरिदिईसकिएको छ, त्यसको त्यो ज्ञान सूर्यको जस्तै त्यस सच्चिदानन्दघन परमात्मालाई प्रकाशित गरिदिन्छ ॥१६ ॥

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।

गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

जसको मन तद्रूप भईरहेको छ, जसको बुद्धि तद्रूप भईरहेको छ र सच्चिदानन्दघन परमात्मामा नै जसको निरन्तर एकीभावले स्थिति छ, यस्ता तत्परायण पुरुषहरू ज्ञानको द्वारा पापरहित भएर अपुनरावृत्तिलाई अर्थात् परमगतिलाई प्राप्त गर्दछन्॥१७॥

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः॥१८॥

ती ज्ञानीहरू विद्या र विनययुक्त ब्राह्मणमा तथा गाई, हात्ती, कुकुर र चण्डालमा समदर्शी हुन्छन्॥१८॥

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः।
निर्दोषं हि समं ब्रह्म तस्माद्ब्रह्मणि ते स्थिताः॥१९॥

जसको मन समभावमा स्थित छ, त्यसैको द्वारा यस जीवित अवस्थामा नै सम्पूर्ण संसार जीतिएको छ, किनकी सच्चिदानन्दघन परमात्मा निर्दोष र सम छ, यसैले ती सच्चिदानन्दघन परमात्मामा नै स्थित छन्॥१९॥

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम्।
स्थिरबुद्धिरसम्मूढो ब्रह्मविद् ब्रह्मणि स्थितः॥२०॥

जुन पुरुष प्रियको प्राप्ति हुँदा हर्षित हुँदैन र अप्रियको प्राप्ति हुँदा उद्विग्न हुँदैन, त्यो स्थिरबुद्धि, संशयरहित, ब्रह्मवेत्ता पुरुष सच्चिदानन्दघन परब्रह्म परमात्मामा एकीभावले नित्य स्थित छ॥२०॥

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम्।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते॥२१॥

बाहिरको विषयमा आसक्तिरहित अन्तःकरणवाला साधक आत्मामा स्थित जुन ध्यानजनित सात्त्विक आनन्द छ, त्यसैलाई प्राप्त गर्दछ, तदनन्तर त्यो सच्चिदानन्दघन परब्रह्म परमात्माको ध्यानरूप योगमा अभिन्नभावले स्थित पुरुष अक्षय आनन्दको अनुभव गर्दछ॥२१॥

ये हि संस्पर्शजो भोगा दुःखयोनय एव ते।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः॥२२॥

जुन यी इन्द्रिय तथा विषयको संयोगले उत्पन्न हुने सबै भोग छन्, यद्यपि विषयी पुरुषलाई सुखरूप जस्तो लाग्दछ र पनि दुःखको नै हेतु हुन र आदि–अन्तवाला अर्थात् अनित्य छन्। यसैले हे अर्जुन! बुद्धिमान् विवेकी पुरुष त्यसमा रमण गर्दैन॥२२॥

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

जुन साधक यस मनुष्यशरीरमा, शरीरको नाश हुनुभन्दा सुरू–सुरूमा नै काम–क्रोधले उत्पन्न हुने वेगलाई सहन गर्न समर्थ हुन्छ, त्यही पुरुष योगी हो र त्यही नै सुखी हो॥२३॥

योऽन्तः सुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

जुन पुरुष अन्तरात्मामा नै सुखी छ, आत्मामा नै रमण गर्दछ र जुन आत्मज्ञानी छ, त्यो सच्चिदानन्दघन परब्रह्मपरमात्माको साथ एकीभावलाई प्राप्त सांख्ययोगी शान्त ब्रह्मलाई प्राप्त गर्दछ॥२४॥

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

जसको सबै पाप नष्ट भईसकेका छन्, जसको सबै संशय ज्ञानको द्वारा हटिसकेको छ, जो सम्पूर्ण प्राणिहरूको हितमा रत छ जसको जीतेको मन निश्चलभावले परमात्मामा स्थित छ, ती ब्रह्ममवेत्ता पुरुष शान्त ब्रह्मलाई प्राप्त गर्दछन्॥२५॥

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितातमनाम् ॥२६॥

काम–क्रोधले रहित, जीतेको चित्त भएका, परब्रह्मपरमात्माको साक्षात्कार गरेका ज्ञानी पुरुषको लागि चारैतिर शान्त परब्रह्म परमात्मा नै परिपूर्ण छन्॥२६॥

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥
यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥

बाहिरको विषयभोगलाई चिन्तन नगरिकन बाहिर नै निकालेर र नेत्रको दृष्टिलाई भृकुटीको बीचमा स्थित गरेर तथा नासिकामा विचरणगर्ने प्राण र अपानवायुलाई सम गरेर, जसको इन्द्रिय, मन र बुद्धि जितिएको छ, यस्तो मोक्ष परायण मुनि इच्छा, भय र क्रोधले रहित भएको छ भने त्यो सदा मुक्त छ॥२७–२८॥

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।

सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

मेरो भक्त मलाई सबै यज्ञ र तपहरू भोग गर्ने, सम्पूर्ण लोकहरूको ईश्वरहरूका पनि ईश्वर तथा सम्पूर्ण भूत–प्राणिहरूको सुहृद् अर्थात् स्वार्थरहित दयालु र प्रेमी, यस्तो तत्त्वले जानेर शान्तिलाई प्राप्त गर्दछ॥२९॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे कर्मसन्यासयोगो
नाम पञ्चमोऽध्यायः॥५॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथषष्ठोऽध्यायः

श्रीभगवानुवाच

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः।
स सन्न्यासी च योगी च न निरग्निर्न चाक्रियः॥१॥

श्रीभगवान्‌ले भन्नुभयो– जुन पुरुष कर्मफलको इच्छा नगरी गर्नयोग्य कर्म गर्दछ, त्यो संन्यासी तथा योगी हो र केवल अग्निको त्याग गर्ने मात्र संन्यासी होईन तथा केवल क्रियाहरूको त्याग गर्ने मात्र पनि योगी होईन॥१॥

यं सन्न्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव।
न ह्यसन्न्यस्तसङ्कल्पो योगी भवति कश्चन॥२॥

हे अर्जुन! जसलाई संन्यास यस्तो भनिन्छ, त्यसैलाई तिमी योग भन्ने जान्नु। किनकी संकल्पको त्याग नगर्ने कुनै पनि पुरुष योगी हुँदैन॥२॥

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते॥३॥

योगमा आरूढ़ हुने इच्छाभएका मननशील पुरुषको लागि योगको प्राप्तिमा निष्कामभावले कर्म गर्नु नै कारण भनिएको छ र त्यही योगारूढ़ मनुष्यको जुन सर्वसंकल्पहरूको अभाव छ, यानि कि शान्ति छ, त्यही कल्याणमा हेतु भनिन्छ॥३॥

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते।
सर्वसङ्कल्पसन्न्यासी योगारूढस्तदोच्यते॥४॥

जुन बेला न त इन्द्रियहरूको भोगमा र न कर्ममा नै आसक्त हुन्छ, त्यस कालमा

सर्वसंकल्पहरूको त्यागी पुरुष योगारूढ़ भनिन्छ॥४॥

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत्।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥

आफ्नो द्वारा आफ्नो संसार–समुद्रबाट उद्धार गर्नु र आफुलाई अधोगतिमा न धकेल्नु; किनकी मनुष्य आफु नै आफ्नो मित्र हो र आफुनै आफ्नो शत्रु पनि हो॥६॥

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत्॥६॥

जुन जीवात्माद्वारा मन र इन्द्रियसहित शरीर जीतिएको छ, त्यो जीवात्माको त त्यो नै आफ्नो मित्र हो र जसको द्वारा मन र इन्द्रियसहित शरीर जीतिएको छैन भने त्यो आफुले आफुलाई नै आफ्नो शत्रु जस्तो गर्दछ॥६॥

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

जाडो–गर्मी र सुख–दुःखादिमा तथा मान र अपमानमा जसको अन्तःकरणको वृत्तिहरू शान्त छ, यस्तो स्वाधीन आत्माभएका पुरुषको ज्ञानमा सच्चिदानन्दघन परमात्मा सम्यक् प्रकारले स्थित छ अर्थात् त्यसको ज्ञानमा परमात्मा बाहेक अन्य केहि हुँदैहुँदैन॥७॥

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

जसको अन्तःकरण ज्ञान–विज्ञानले तृप्त छ, जसको स्थिति विकाररहित छ, जसको इन्द्रिय राम्रोसँग जीतिएको छ र जसको लागि माटो, ढुंगा र स्वर्ण समान छ, यस्तो योगी युक्त अर्थात् भगवत् प्राप्त छ, यस्तो भनिन्छ॥८॥

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते॥९॥

सुहृद्, मित्र, वैरी, उदासीन, मध्यम, द्वेष्य र बन्धुगणमा, धर्मात्माहरूमा र पापीहरूमा पनि समानभाव राख्ने अत्यन्त श्रेष्ठ हुन्छ॥९॥

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

मन र इन्द्रियको सहित शरीरलाई वशमा राख्ने, आशारहित र संग्रहरहित योगी एक्लै एकान्तमा बसेर आत्मालाई निरन्तर परमात्मामा नै लगाउनु॥१०॥

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥

शुद्ध भूमिमा, जसको माथि क्रमैले कुश, मृगछाला र वस्त्र बिच्छाईएको छ, जुन न धेरै अग्लो छ न धेरै होचो छ, यस्तो आफ्नो आसनलाई स्थिर गरेर– ॥११॥

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

त्यस आसनमा बसेर चित्त र इन्द्रियहरूको क्रियालाई वशमा राख्दै मनलाई एकाग्र गरेर अन्तःकरणको शुद्धिको लागि योगको अभ्यास गर्नु ॥१२॥

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥

शरीर, सिर र घाँटीलाई समान एवं अचल धारण गरेर र स्थिर भई, आफ्नो नासिकाको अग्रभागमा दृष्टि जमाउँदै, अन्य दिशाहरूलाई नहेरी– ॥१३॥

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयम्य मच्चितो युक्त आसीत मत्परः ॥१४॥

ब्रह्मचारीको व्रतमा स्थित, भयरहित तथा भलिभाँति शान्त अन्तःकरणवाला सावधान योगी मनलाई रोकेर म(भगवान्)मा चित्त लगाएको र मेरो परायण भएर स्थित हुनु ॥१४॥

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः ।
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥

मनलाई वशमा गरेको योगी यस प्रकार आत्मालाई निरन्तर म परमेश्वरको स्वरूपमा लगाउँदै म मा रहने परमानन्दको पराकाष्ठारूप शान्तिलाई प्राप्त गर्दछ॥१५॥

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।
न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

हे अर्जुन! यो योग न त धेरै खानेको र न त बिल्कुलै नखानेको तथा धेरै सुत्नेको र न सध ैं जागै बस्नेको सिद्ध हुन्छ॥१६॥

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

दुःखहरूको नाशक योग त यथायोग्य आहार–विहार गर्नेको तथा यथायोग्य कर्म गर्नेवालाको

र यथा योग्य सुत्ने तथा जाग्नेको नै सिद्ध हुन्छ॥१७॥

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

वशमा गरेको चित्त जतिखेर आफ्नो स्वरूपमा नै स्थित हुन्छ र स्वयं सम्पूर्ण पदार्थबाट निःस्पृह हुनजान्छ त्यस बेला त्यो योगी हो भनेर भन्न सकिन्छ॥१८॥

यथा दीपो निवातस्थो नेङ्गते सोमपा स्मृता ।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥

जसरी हावा नचलेको ठाउँमा दियोको लौ हल्लिदैन(चेष्टा रहित हुन्छ), त्यसरी नै योगको अभ्यास गर्दै वशमा गरेको चित्तवाला योगिको चित्तको त्यस्तै उपमा भनिएको छ॥१८॥

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

योगको सेवन गर्नाले जुन अवस्थामा निरुद्ध चित्त उपराम हुन्छ तथा जुन अवस्थामा स्वयं आफुले आफैंलाई देख्दै आफैमा सन्तुष्ट हुन्छ॥२०॥

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः॥२१॥

जुन सुख आत्यन्तिक, अतीन्द्रिय र बुद्धिग्राह्य छ, त्यस सुखको जुन अवस्थामा अनुभव गर्दछ र जुन सुखमा स्थित भएको यो ध्यान योगी तत्त्वबाट फेरि कहिल्यै विचलित हुँदैन॥२१॥

यं लब्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते॥२२॥

जुन सुख प्राप्त भएपछि त्यस भन्दा अधिक कुनै अर्को सुख छ भन्ने त्यो मान्दैन र जसमा स्थित भएपछि ठूलो दुःख दिएर पनि विचलित गर्न सकिदैन॥२२॥

तं विद्याद् दुःखसंयोगवियोगं योगसञ्ज्ञितम् ।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥

जसमा दुखहरूको संयोगको नै वियोग छ त्यसैलाई 'योग' नामले जान्नुपर्दछ। (त्यो योग जुन ध्यानयोगको लक्ष्य हो) त्यस ध्यान योगको अभ्यास अल्छी नमानिकन निश्चयपूर्वक गर्नुपर्दछ॥२३॥

सङ्कल्पप्रभावान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।

मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥

संकल्पले उत्पन्ने हुने सम्पूर्ण कामनाहरूलाई सर्वथा त्याग गरेर र मनैले नै इन्द्रियहरूलाई सबै तिरबाट हटाउनु॥२४॥

शनैः शनैरुपरमेद्बुद्ध्या धृतिगृहीतया।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥

धैर्ययुक्त बुद्धिद्वारा संसारबाट बिस्तारै–बिस्तारै उपराम हुनु र मन (बुद्धि)लाई परमात्माको स्वरूपमा राम्रो सँग लगाउनु अनि अरु केहिको पनि चिन्तन नगर्नु॥२५॥

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम्।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

यो अस्थिर चंचल मन जहाँ जहाँ जान्छ त्यहाँ त्यहाँबाट तानेर यसलाई एउटा भगवान्मा नै लगाउनु॥२६॥

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम्।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम्॥२७॥

निष्पाप र शान्तमन भएको जो रजोगुणी पनि छैन तथा यस्तो ब्रह्मरूप योगीलाई निश्चय नै उत्तम(सात्त्विक) सुख मिल्दछ॥२७॥

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते॥२८॥

यस प्रकार आफुलाई सधैं परमात्मामा लगाउँदै पापरहित योगी सुखपुर्वक ब्रह्मप्राप्तिरूप अत्यन्त सुखको अनुभव गर्दछ॥२८॥

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः॥२९॥

सर्वत्र समभाव राख्ने ध्यानयोगले युक्त अन्तःकरणवाला योगी आफुलाई सम्पूर्ण प्राणीहरूमा र सम्पूर्ण प्राणीहरूलाई आफुमा देख्दछ॥२९॥

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति॥३०॥

जुन भक्त सबैमा मलाई देख्दछ र म मा सबैलाई देख्दछ त्यसको लागि म अदृश्य हुँदिन र त्यो मेरो लागि अदृश्य हुँदैन॥३०॥

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

(म मा) एकीभावले स्थित भएको जो भक्तियोगी सम्पूर्ण प्राणिहरूमा स्थित मेरो भजन गर्दछ त्यो त्यसले सबैथोक गरेरपनि म मा नै स्थित हुन्छ॥३१॥

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दु:खं स योगि परमो मतः ॥३२॥

हे अर्जुन! जो (भक्त) आफुमा जस्तै सबै ठाउँमा मलाई समान रूपले देख्दछ र जसका लागि सुख अथवा दु:खलाई पनि समान छ त्यो परम योगी मानिएको छ॥३२॥

अजुर्न उवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहं न पश्यामि चञ्चलत्वास्थितिं स्थिराम्॥३३॥

हे मधुसूदन! हजुरले समता पूर्वक जो यो योग भन्नुभएको छ मन चञ्चल भएको कारण म यस योगको स्थिर स्थिति देख्दिन॥३३॥

चञ्चलं हि मन कृष्ण प्रमाथि बलवद्दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम्॥३४॥

किनकी हे कृष्ण! मन धेरै नै चञ्चल, प्रमथनशील अर्थात् आफ्नो स्थितिबाट विचलित गरिदिने, दृढ र बलवान् छ। यसलाई रोक्नु पनि आकाशमा विचरण गर्ने वायुलाई रोक्नु जस्तै अत्यन्त कठिन मान्दछु॥३४॥

श्रीभगवानुवाच

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम्।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥

हे महाबाहु! यो मन धेरै नै चंचल छ र यसलाई नियन्त्रण गर्न पनि धेरै कठिन छ यस्तो तिमीले भन्नु पनि ठिकै हो। तर हे कुन्तीपुत्र! अभ्यास र वैराग्यको द्वारा यसलाई नियन्त्रण गर्न सकिन्छ॥३५॥

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

जसले मनलाई पूर्णरूपमा वश गरेको छैन त्यसलाई योग प्राप्त हुन कठिन छ अर्थात् योगी

हुन सक्दैन। तर उपायपूर्वक प्रयत्न गर्नेवाला तथा जसले मनलाई वशमा गरेको छ त्यो साधकलाई योग प्राप्त हुन सक्दछ यस्तो मेरो मत छ॥३६॥

अर्जुन उवाच

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।

अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥

हे कृष्ण! जसको साधनामा श्रद्धा त छ तर जसको प्रयत्न शिथिल छ, त्यस्तो साधकको मन (अन्त्य समयमा यदि) योगबाट विचलित भयो भने त्यसलाई योग (योगीको गति) प्राप्त नभई कुन गति प्राप्त हुन्छ॥३७॥

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।

अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥

हे महाबाहु! संसारको चक्करमा नपरेको र परमात्माप्राप्तिको बाटोबाट पनि विचलित भएको यस प्रकार दुबै तिरबाट भ्रष्ट भएको साधक के छिन्न–भिन्न भएको बादल सरी नष्ट त हुँदैन? ॥३८॥

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ।

त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

हे कृष्ण! मेरो यस शंकालाई सर्वथा काटिदिनको लागि हजुर नै योग्य अर्थात् समर्थ हुनुहुन्छ किनकी यस शंकालाई काट्ने हजुरको सिवाय अरु कोही हुन नै सक्दैन॥३९॥

श्रीभगवानुवाच

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।

न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥

हे पृथापुत्र! त्यसको न त यो लोकमा न त परलोकमा नै विनाश हुन्छ, किनकी हे प्रिय! कल्याणकारी काम गर्नेवाला कुनै पनि मनुष्यको कहिल्यै दुर्गति हुँदैन॥४०॥

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।

शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

त्यो योगभ्रष्ट भएपनि पुण्यगर्नेहरूलाई प्राप्त हुने लोकलाई प्राप्त गरेर त्यहाँ धेरै वर्षसम्म बसेर फेरि यहाँ शुद्ध ममता रहित श्रीमान्‌को घरमा जन्म लिन्छ॥४१॥

अथवा योगिनामेव कुले भवति धीमताम् ।

एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

अथवा (वैराग्यवान् योगभ्रष्ट) ज्ञानवान् योगिहरूका कुलमा नै जन्म लिन्छ। यस प्रकार को जो जन्म छ त्यो संसारमा निस्सन्देह दुर्लभ छ॥४२॥

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम्।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥

हे कुरुनन्दन! त्यहाँ उसलाई पहिले मनुष्यजन्मको साधन–सम्पत्ति अनायासै प्राप्त हुन्छ र त्यसको प्रभावले त्यो साधनको सिद्धिका लागि पुनः (विशेषरूपले) प्रयत्न गर्दछ॥४३॥

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

त्यो भोगको परवश भएपनि त्यसले पहिलेको मनुष्यमा गरेको अभ्यास साधनको कारण परमात्मा तर्फ नै लाग्दछ किनकी योग(समता) को जिज्ञासु पनि वेदमा भनिएको सकाम कर्महरूको अतिक्रमण गरिदिन्छ॥४४॥

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥

परन्तु जो योगी प्रयत्नपूर्वक यत्न गर्दछ र जसको पाप सर्वथा नष्ट भएको छ तथा जो अनेक जन्मबाट सिद्ध भएको छ त्यो योगी फेरि परम गतिलाई पाउँदछ॥४५॥

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगि भवार्जुन ॥४६॥

(सकामभाववाला) तपस्विहरू भन्दा योगी श्रेष्ठ हो, ज्ञानिहरू भन्दा पनि योगी श्रेष्ठ हो र कर्मिष्ठहरू भन्दा पनि योगी श्रेष्ठ हो यस्तो मेरो मत छ अतः हे अर्जुन! तिमी योगी बन॥४६॥

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

सम्पूर्ण योगिहरूमा पनि जो श्रद्धावान् भक्त ममा तल्लिन भएको मनले मेरो भजन गर्दछ त्यो मेरो मतमा सर्वश्रेष्ठ योगी हो॥४७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे आत्मसंयमयोगो
नाम षष्ठोऽध्यायः॥६॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ सप्तमोऽध्यायः

श्रीभगवानुवाच

मय्यासक्तमनाः पार्थ योगं युञ्जन्मदाश्रयः ।
असंशयं समग्रं यथा ज्ञास्यसि तच्छृणु ॥१॥

हे पृथापुत्र! ममा मनलाई आसक्त गरेर मेरो आश्रित भई योगको अभ्यास गर्दै तिमी मेरो जुन समग्ररूपलाई निःसन्देह जसरी जान्दछौ त्यसलाई त्यसै प्रकारले सुन॥१॥

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते॥२॥

तिम्रो लागि म यो विज्ञानसहित ज्ञान सम्पूर्णतः भन्नेछु जसलाई जानेपछि फेरि यस विषयमा जान्नयोग्य अरु केहि बाँकी नै रहँदैन॥२॥

मनुष्याणां सहस्त्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

हजारौं मा कुनै एउटा सिद्धिको लागि प्रयत्न गर्दछ र ती यत्न गर्ने सिद्धहरूमा कुनै एउटा मात्र मलाई यथार्थरूपले जान्दछ॥३॥

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च।
अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥४॥

पृथ्वी, जल, तेज, वायु, आकाश(यी पञ्चमहाभूत) र मन, बुद्धि तथा अहंकार यस प्रकार यो आठ प्रकारको भेदवाला मेरो प्रकृति हो॥४॥

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥५॥

यो मेरो अपरा प्रकृति हो र हे महाबाहु! यस अपरा प्रकृतिद्वारा भिन्न जीवरूप बनेको मेरो परा प्रकृतिलाई जान जसको द्वारा यो जगत् धारण गरिन्छ॥५॥

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

सम्पूर्ण प्राणीहरूको उत्पत्तिमा अपरा र परा यी दुबै प्रकृतिहरूको संयोग नै कारण हो यस्तो तिमी बुझ। म सम्पूर्ण जगत्को प्रभव तथा प्रलय हूँ॥६॥

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनञ्जय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

हे धनञ्जय ! मेरो सिवाय यस जगत्को अर्को कुनै अलिकति पनि कारण तथा कार्य छैन। जस्तो धागोको उनिएको मणिको दाना जस्तै यो सम्पूर्ण जगत् मै मा ओतप्रोत छ॥७॥

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥

हे कौन्तेय ! जलमा रस, चन्द्रमा र सूर्यको प्रकाश, सम्पूर्ण वेदमा वर्णित ॐकार, आकाशमा शब्द र मनुष्यमा पुरुषार्थ म नै हूँ॥८॥

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

पृथ्वीमा गन्ध, आगोमा तेज(जलाउने शक्ति), सम्पूर्ण प्राणीहरूमा जीवनशक्ति, तपस्विहरूका तपस्या म नै हूँ॥९॥

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

हे पार्थ ! सम्पूर्ण प्राणीहरूको अनादि बीज(मूल) मलाई नै जान्नु। बुद्धिमान्हरूमा बुद्धि र तेजस्विहरूमा तेज पनि म नै हूँ॥१०॥

बलं बलवता चाहं कामरागविवर्जितम् ।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ॥११॥

हे भरतश्रेष्ठ ! बलवान्हरूमा काम र रागले रहित बल म नै हूँ र प्राणिहरूमा धर्मको विरुद्ध नभएको काम म नै हूँ॥११॥

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥

जति पनि सात्त्विक, राजस, तामस भाव छन् ती सबै मबाटै हुन्छन् यसप्रकारले उनीहरूलाई संझ। तर ती ममा र म तिनीहरूमा छैन॥१२॥

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत् ।
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥

यी तीनै गुणरूपभावहरूले मोहित यो सम्पूर्ण जगत्(प्राणीमात्र) यी गुणहरूबाट अतीत

अविनाशी मलाई जान्दैनन् ॥१३ ॥

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥

किनकी मेरो यो गुणमयी दैवी मायाबाट पार पाउन अत्यन्त कठिन छ। जो केवल मेरो मात्र शरण पर्दछन् ती यस मायालाई पार गर्दछन् ॥१४ ॥

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ॥१५ ॥

मायाले जसको ज्ञान अपहरण गरेको छ(अर्थात् नष्ट गदिएको छ) ती आसुर भावको आश्रय लिने र मनुष्यहरूमा धेरै नीच तथा पापकर्म गर्ने मूढ़ मनुष्य मेरो शरणमा आउँदैनन् ॥१५ ॥

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभः ॥१६ ॥

हे भरतवंशीहरूमा श्रेष्ठ अर्जुन! पवित्र कर्म गर्ने अर्थार्थी, आर्त, जिज्ञासु र ज्ञानी अर्थात् प्रेमी यी चारप्रकारको मनुष्य मेरो भजन गर्दछन् अर्थात् मेरो शरण मा आउँदछन् ॥१६ ॥

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥

ती चार प्रकाको भक्तहरूमा ममा निरन्तर लागेको अनन्य भक्तिवाला ज्ञानी अर्थात् प्रेमी भक्त नै श्रेष्ठ हो किनकी प्रेमी भक्तलाई म अत्यन्तै प्रिय छु र त्यो भक्त पनि मलाई अत्यन्तै प्रिय छ॥१७ ॥

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८ ॥

पहिले भनिएको सम्पूर्ण चारै प्रकारका भक्त धेरै उदार(श्रेष्ठ भाववाला) हुन्। तर प्रेमी त मेरो नै स्वरूप हो यो मेरो मत हो। किन भने त्यो मसँग अभिन्न हुन्छ तथा म(भगवान्)भन्दा श्रेष्ठ अर्को कुनै गति छैन भनि ममा नै दृढ़ भाव राख्दछ॥१८ ॥

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९ ॥

अनेकौं जन्म पछि अन्तिम जन्ममा अर्थात् मनुष्य जन्ममा सबैथोक परमात्मा नै हो भनेर जो प्रेमी भक्त मेरो शरण हुन्छ त्यस्तो महात्मा अत्यन्त दुर्लभ हुन्छ॥१९ ॥

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

अनेकथरिका कामनाले गर्दा ज्ञान नाश भएका मनुष्य आफ्नो प्रकृति अर्थात् स्वभावले नियन्त्रित भई अनेक थरिका देउताहरूलाई, ती देउताहरू सँग सम्बन्धित नियमहरू धारण गर्दै तिनीहरूकै शरणमा जान्छन् ॥२० ॥

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

जुन–जुन भक्त जुन–जुन देउताहरूको श्रद्धापूर्वक पूजन गर्न चाहन्छ, त्यस त्यस देउताहरूमा नै म त्यसको श्रद्धालाई दृढ़ बनाई दिन्छु ॥२१ ॥

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान्मयैव विहितान्हि तान् ॥२२॥

मैले दृढ़ गरिदिएको श्रद्धाले युक्त भएर त्यो मनुष्य त्यस देउताको सकामभाव पूर्वक उपासना गर्दछ र त्यसको त्यो कामना पूरा पनि हुन्छ तर त्यो कामना पूर्ति मद्वारा नै गरिएको हो ॥२२ ॥

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

परन्तु ती अल्पबुद्धिहरूलाई ती देउताहरूको आराधनाको फल पनि अन्तमय(नाशवान्) नै मिल्दछ। ती देउताहरूको पूजा गर्ने मनुष्यहरू पनि उनै देउताहरूलाई प्राप्त गर्दछन् तर मेरा भक्तहरू मलाई नै प्राप्त गर्दछन् ॥२३ ॥

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥

बुद्धिहीन मनुष्य मेरो परम, अविनाशी र सर्वश्रेष्ठ भावलाई नजानेर अव्यक्त अर्थात् मनबुद्धि आदि इन्द्रियहरू भन्दा पर सच्चिदानन्दघन परमात्मा मलाई, मनुष्य झैं शरीरधारण गर्नेवाला मान्दछन् ॥२४ ॥

नाहं प्रकाशः सर्वस्य योगमयासमावृतः ।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥२५॥

जो मूढ़ मनुष्यहरू मलाई अज र अविनाशी भनेर (दृढ़भावले) मान्दैनन् तिनीहरूका सामुन्ने योगमायाद्वारा ढाकिएको म प्रकट हुन्न ॥२५ ॥

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

हे अर्जुन! जुन प्राणी भूतकालमा भैसकेका छन् तथा जुन वर्तमानमा छन् र जुन भविष्यमा हुनेछन् ती सबै प्राणीहरूलाई त म जान्दछु तर मलाई मेरो भक्तको सिवाय अरु कोही पनि जान्दैन॥२६॥

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत।
सर्वभूतानि सम्मोहं सर्गे यान्ति परन्तप॥२७॥

हे भारत! हे शत्रुतापन अर्जुन! इच्छा(राग) र द्वेषले उत्पन्न हुने द्वन्द्व-मोहले मोहित सम्पूर्ण प्राणी संसारमा अनादि काल देखि नै सम्मोह अर्थात् जन्म-मरण (को चक्र)मा परिरहेका छन्॥२७॥

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम्।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः॥२८॥

तर जुन पुण्यकर्मा मनुष्यहरूको पाप नष्ट भईसकेको छ ती द्वन्द्वमोहले रहित भई दृढ़व्रती भएर मेरो भजन गर्दछन्॥२८॥

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम्॥२९॥

बुढ्यौली र मृत्युबाट मुक्ति पाउनको लागि जो मनुष्य मेरो आश्रय लिएर प्रयत्न गर्दछ त्यो त्यस ब्रह्मलाई अर्थात् मलाई, सम्पूर्ण अध्यात्मलाई र सम्पूर्ण कर्महरूलाई जान्दछ॥२९॥

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः॥३०॥

जो मनुष्य अधिभूत तथा अधिदैव र अधियज्ञको सहित मलाई जान्दछ, त्यो ममा चित्त लगाउने मनुष्य अन्तकालमा पनि मलाई नै जान्दछ अर्थात् प्राप्त हुन्छ॥३०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानविज्ञानयोगो
नाम सप्तमोऽध्यायः॥७॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथाष्टमोऽध्यायः

अर्जुन उवाच

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते॥१॥

हे पुरुषोत्तम! त्यो ब्रह्म के हो? अध्यात्म के हो? कर्म के हो? अधिभूत कसलाई भनिन्छ? र अधिदैव भनेर केलाई भनिन्छ? ॥१ ॥

अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन ।

प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥ २ ॥

त्यसै गरी अधियज्ञ भनेको को हो? र त्यो यस देहमा कसरी रहन्छ? हे मधुसूदन! वशीभूत अन्तःकरण द्वारा अन्तिम समयमा हजुरलाई कसरी जान्न सकिन्छ? ॥२ ॥

श्रीभगवानुवाच

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।

भूतभावोद्भवकरो विसर्गः कर्मसञ्ज्ञितः ॥ ३ ॥

परम अक्षर नै ब्रह्म हो र परा प्रकृति(जीव)लाई अध्यात्म भनिन्छ। प्राणीहरूको स्थितिलाई प्रकट गर्ने त्यागलाई कर्म भनिन्छ॥३ ॥

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।

अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥ ४ ॥

हे देहधारीहरूमा श्रेष्ठ अर्जुन! क्षर अर्थात् नाशवान् पदार्थहरू अधिभूत हुन्। पुरुष अर्थात् हिरण्यगर्भ गर्भ ब्रह्मा अधिदैव हुन् र यस देहमा अन्तर्यामी रूपले रहने म नै अधियज्ञ हुँ॥४ ॥

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।

यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥५ ॥

जो मनुष्य अन्तकालमा भए पनि मेरो स्मरण गर्दै शरीर छोडेर जान्छ, त्यो मेरो स्वरूपलाई नै प्राप्त हुन्छ, यसमा केहि सन्देह छैन॥५ ॥

यं यं वापि स्मनन्भावं त्यजत्यन्ते कलेवरम् ।

तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥६ ॥

हे कुन्तीपुत्र! मनुष्य मर्नेबेला (अन्तिम समयमा) जुन जुन भावको स्मरण गर्दै शरीर छोड्दछ त्यो त्यस अन्तिम समयको भावले सधैं भावित हुँदै उसै–उसैलाई नै प्राप्त गर्दछ। अर्थात् मर्नेबेलामा जुन कुरा संझिदै मर्दछ अर्को पल्ट त्यही योनि प्राप्त गर्दछ॥६ ॥

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।

मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७ ॥

यसैले तिमी प्रत्येक क्षण मेरो स्मरण गर र युद्ध पनि गर। मलाई मन र बुद्धि अर्पण गर्ने तिमी निश्चय मलाई नै प्राप्त गर्नेछौ ॥७ ॥

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥

हे पार्थ! अभ्यासयोगले युक्त र अन्यको चिन्तन नगर्ने (भन्नाले अन्यत्र मन नडुलाउने) चित्तले परम दिव्य पुरुषको चिन्तन गर्दै शरीर छोड्ने मनुष्य त्यसै दिव्य पुरुषलाई प्राप्त गर्दछ॥८॥

कविं पुराणमनुशासितार-
मणोरणीयांसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरूप-
मादित्यवर्णं तमसः परस्तात् ॥९॥

जो सर्वज्ञ, अनादि, सबैमाथि शासन गर्ने, सूक्ष्म भन्दा पनि अत्यन्त सूक्ष्म, सबैको धारण पोषण गर्ने, अज्ञान भन्दा अत्यन्त पर, सूर्यको झैं प्रकाश-स्वरूप अर्थात् ज्ञानस्वरूप यस्तो अचिन्त्य स्वरूपको चिन्तन गर्दछ॥९॥

प्रयाणकाले मनसाचलेन
भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्
स तं परं पुरुषमुपैति दिव्यम् ॥१०॥

त्यो भक्तियुक्त मनुष्य अन्त समयमा अचल मनले र योगबलको द्वारा भृकुटीको मध्यमा प्राणलाई राम्रो सँग स्थापित गरेर शरीर छोड्दछ भने त्यस परम दिव्य पुरुषलाई नै प्राप्त हुन्छ॥१०॥

यदक्षरं वेदविदो वदन्ति
विशन्ति यद्यतयो वीतरागाः ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति
तत्ते पदं सङ्ग्रहेण प्रवक्ष्ये ॥११॥

वेदका ज्ञाताहरू जसलाई अक्षर भन्दछन्, वीतराग यति जसलाई प्राप्त गर्दछन् र साधक जसको प्राप्तिको इच्छा गर्दै ब्रह्मचर्यको पालन गर्दछन् त्यो पद म तिम्रो लागि संक्षेपमा भन्नेछु॥११॥

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।

मूर्ध्न्याधायात्मनः प्राणामास्थितो योगधारणम् ॥१२॥

इन्द्रियहरूको सम्पूर्ण द्वारहरूलाई रोकेर मनलाई हृदयमा निरोध गरी तथा आफ्नो प्राणहरूलाई शिरमा(ब्रह्माण्ड)मा स्थापित गरेर योगधारण गर्नुपर्दछ॥१२॥

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥

(त्यस पछि) जो साधक 'ॐ' यस एक अक्षर ब्रह्मको मानसिक जप र मेरो स्मरण गर्दै शरीरलाई छोडेर जान्छ त्यसले परम गति प्राप्त गर्दछ॥१३॥

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥१४॥

हे पार्थ! अन्यत्र मन नडुलाउने जो मनुष्य मेरो नित्य निरन्तर स्मरण गर्दछ, त्यस नित्य-निरन्तर ममा लागेका योगिको लागि म पनि सुलभ हुन्छु॥१४॥

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥

महात्माहरू मलाई प्राप्त गरेर दुःखालय अर्थात् दुःखको घर र अशाश्वत अर्थात् निरन्तर फेरिने पुनर्जन्मको चक्रमा पर्दैनन् किनकी तिनीहरू परम सिद्धिलाई प्राप्त गरिसकेका हुन्छन् अर्थात् उनीहरूलाई परम-प्रेमको प्राप्ति भईसकेको हुन्छ॥१५॥

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन ।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते॥१६॥

हे अर्जुन! ब्रह्मलोक सम्म सबै लोकहरू पुनरावर्ती हुन् अर्थात् त्यहाँ पुगे पछि फेरि फर्केर आउनु पर्दछ; तर हे कौन्तेय! मलाई प्राप्त गर्‍यो भने पुनर्जन्म हुँदैन॥१६॥

सहस्त्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः ।
रात्रिं युगसहस्त्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

जो मनुष्य ब्रह्माको एकहजार चतुर्युगीवाला एक दिनलाई र एक हजार चतुर्युगीवाला एक रात्रीलाई जान्दछन् ती मनुष्य ब्रह्माको दिन र रातका जानकार हुन॥१७॥

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसञ्ज्ञके॥१८॥

ब्रह्माको दिन प्रारम्भ हुँदा अव्यक्त (ब्रह्माको सूक्ष्मशरीर-) बाट सम्पूर्ण शरीर उत्पन्न

हुन्छन् र ब्रह्माको रात्री सुरु भएपछि त्यस अव्यक्त (ब्रह्माको सूक्ष्म शरीर–) मा नै सम्पूर्ण शरीर लीन हुन जान्छन्॥१८॥

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

हे पार्थ! त्यही यो प्राणी समुदाय बारम्बार उत्पन्न हुँदै प्रकृतिको परवश भई ब्रह्माको दिनमा उत्पन्न हुन्छन् र ब्रह्माको रात्री समयमा लीन हुन्छन्॥१९॥

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तासनातनः ।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

तर त्यस अव्यक्त(ब्रह्माको सूक्षशरीर–) भन्दा अन्य विलक्षण अनादि अत्यन्त श्रेष्ठ भावरूप जो अव्यक्त(ईश्वर) छ, त्यो सम्पूर्ण प्राणीहरू नष्ट भएपनि नष्ट हुँदैन॥२०॥

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम॥२१॥

त्यसैलाई नै अव्यक्त र अक्षर भनेर भनिएको छ तथा त्यसैलाई नै परम गति भनिएको छ र जसलाई प्राप्त गरेर जीव फेरि संसारमा फर्केर आउँदैन, त्यही नै मेरो परमधाम हो॥२१॥

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

हे पार्थ! सम्पूर्ण प्राणी जसको अन्तर्गत छन् र जसबाट यो संसार व्याप्त छ त्यो परम पुरुष परमात्मालाई त अनन्य भक्तिद्वारा मात्रै प्राप्त गर्न सकिन्छ॥२२॥

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ॥२३॥

परन्तु हे भरतश्रेष्ठ! जुन काल अर्थात् मार्गमा शरीर छोडेर गएका योगी अनावृत्तिमा प्राप्त हुन्छन् अर्थात् पछि फर्केर आउँदैनन् र जुन मार्गबाट गएकाहरू आवृत्ति अर्थात् पछि फर्केर आउँदछन् त्यस काललाई अर्थात् दुबै मार्गहरूको बारे मा भन्दछु॥२३॥

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः॥२४॥

(जुन मार्गमा) प्रकाशस्वरूप अग्निको अधिपति देउता, शुक्लपक्षको अधिपति देउता र छः महिनावाला उत्तरायणको देउता छन् त्यस मार्गबाट शरीर छोडेर गएका ब्रह्मवेत्ता पुरुष (पहिले ब्रह्मलोकलाई प्राप्त गरेर पछि ब्रह्माको साथै) ब्रह्मलाई प्राप्त गर्दछन्॥२४॥

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥

(र जुन मार्गमा) धूमको अधिपति देउता, रात्रिको अधिपति देउता र कृष्णपक्षको अधिपति देउता तथा छः महिनावाला दक्षिणायनको अधिपति देउता छन् त्यस मार्गबाट शरीर छोडेर गएको योगी (सकाम मनुष्य) चन्द्रमाको ज्योतिलाई प्राप्त भएर फर्केर आउँदछ अर्थात् जन्म–मरणमा पर्दछ॥२५॥

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥

किनकी शुक्ल र कृष्ण यी दुबै गतिहरू अनादिकाल देखि नै जगत्(प्राणिमात्र) को साथ सम्बन्ध राख्ने मानिएको छ। यिनीहरूमा एउटा गतिमा जानेहरूले फर्किएर आउनु पर्दैन र अर्को गतिमा जानेहरूले पुनः फर्किएर आउनु पर्दछ॥२६॥

नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन।
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

हे पार्थ! यी दुबै मार्गहरूलाई जान्ने कुनै पनि मनुष्य मोहित हुँदैन। अतः हे अर्जुन! तिमी सबै समयमा योगयुक्त (समतामा स्थित) होऊ॥२७॥

वेदेषु यज्ञेषु तपःसु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम्।
अत्येति तत्सर्वमिदं विदित्वा
योगी परं स्थानमुपैति चाद्यम्॥२८॥

भक्तहरू यस अध्यायमा वर्णित विषयलाई जानेर वेदहरूमा, यज्ञहरूमा, तपस्याहरूमा तथा दानमा जो–जो पुण्यफल भनिएका छन् ती सबै पुण्यफलहरूको अतिक्रमण गरेर आदि स्थान परमात्मालाई प्राप्त गर्दछ॥२८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे अक्षरब्रह्मयोगो
नामाष्टमोऽध्यायः॥८॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ नवमोऽध्यायः

श्रीभगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

श्रीभगवान्ले भन्नुभयो– यो अत्यन्त गोपनीय विज्ञानसहित ज्ञान दोषदृष्टिरहित तिम्रो लागि अझै राम्रो सँग भन्दछु, जसलाई जानेर तिमी अशुभ अर्थात् जन्म–मरणरूप संसारबाट मुक्त हुनेछौ॥१॥

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम्॥२॥

यो विज्ञानसहित ज्ञान अर्थात् समग्ररूप सम्पूर्ण विद्याहरूको राजा र सम्पूर्ण गोपनीयहरूको राजा हो। यो अति पवित्र तथा अतिश्रेष्ठ हो र यसको फल पनि प्रत्यक्ष हुन्छ। यो धर्ममय छ, अविनाशी र गर्नमा पनि धेरै सुगम छ अर्थात् यसलाई प्राप्त गर्न धेरै सजिलो छ॥२॥

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परन्तप।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

हे परन्तप! यस धर्मको महिमा माथि श्रद्धा नराख्ने मनुष्य मलाई प्राप्त नभएर मृत्युरूप संसारको मार्गमा फर्किन्छ अर्थात् बारम्बार जन्मिने–मर्ने गरिरहन्छन्॥३॥

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना।
मत्स्थानि सर्वभूतानि च चाहं तेष्ववस्थितः ॥४॥

यो सबै संसार मेरो निराकार स्वरूपले व्याप्त छ। सम्पूर्ण प्राणी ममा स्थित छन्; तर म तिनीहरूमा स्थित छैन॥४॥

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

तथा ती प्राणीहरू पनि ममा स्थित छैनन् र मेरो यस ईश्वर–सम्बन्धी योग–सामर्थ्य लाई हेर। सम्पूर्ण प्राणीहरूलाई उत्पन्न गर्ने र प्राणीहरूलाई धारण, भरण–पोषण गर्ने मेरो स्वरूप ती प्राणीहरूमा स्थित छैन॥५॥

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान्।

तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

जस्तै सर्वत्र विचरण गर्ने महान् वायु नित्य नै आकाशमा स्थित रहन्छ यस्तै नै सम्पूर्ण प्राणी ममा स्थित हुन्छन्; यस्तो तिमी मान्नु ॥६॥

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥

हे कौन्तेय! कल्पहरू क्षय भएपछि (महाप्रलयको समयमा) सम्पूर्ण प्राणी मेरो प्रकृतिलाई प्राप्त गर्दछन् र कल्पहरूका आदिमा (महासर्गको समयमा) म फेरि तिनीहरूको रचना गर्दछु ॥७॥

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

प्रकृतिको वशमा भएर परतन्त्र भएका यी सम्पूर्ण प्राणीसमुदायलाई (कल्पको प्रारम्भमा) म आफ्नो प्रकृतिलाई वशमा गरेर बारम्बार रचना गर्दछु ॥८॥

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥

हे धनञ्जय! ती (सृष्टि–रचना आदि) कर्महरूमा अनासक्त र उदासीन झैं हुने भएको हुँदा मलाई ती कर्म बाँध्न सक्दैनन् ॥९॥

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

प्रकृतिले मेरो अध्यक्षतामा चराचरसहित सम्पूर्ण जगत्को रचना गर्दछ। हे कुन्तिनन्दन! यसै हेतुले जगत्को अनेक प्रकारले परिवर्तन भईरहन्छ ॥१०॥

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

मूर्खहरू मेरो सम्पूर्ण प्राणीहरूको महान् ईश्वररूप श्रेष्ठभावलाई नजानेर मलाई मनुष्यशरीरको आश्रित मानेर अर्थात् साधारण मनुष्य मानेर मेरो अवज्ञा गर्दछन् ॥११॥

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

जो आसुरी, राक्षसी र मोहिनी प्रकृतिको मात्रै आश्रय लिन्छन् यस्ता अविवेकी मनुष्यहरूको सबै आशाहरू व्यर्थ हुन्छन्, सबै शुभकर्म व्यर्थ हुन्छन् र सबै ज्ञान पनि व्यर्थ हुन्छ ॥१२॥

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

परन्तु हे पार्थ दैवी प्रकृतिको आश्रित अनन्यमन भएका महात्माहरू मलाई सम्पूर्ण प्राणिहरूको आदि र अविनाशी संझेर मेरो भजन गर्दछन् ॥१३॥

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्युक्ता उपासते ॥१४॥

नित्य–निरन्तर मतिर लागेका मनुष्यहरू दृढव्रती भएर लगनपूर्वक साधनामा लागेका हुन्छन् र प्रेमपूर्वक कीर्तन गर्दै तथा मलाई नमस्कार गर्दै निरन्तर मेरो उपासना गर्दछन् ॥१४॥

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतो मुखम् ॥१५॥

अन्य साधकहरू ज्ञानयज्ञको द्वारा एकीभावले (अभेदभावले) मेरो पूजा गर्दै मेरो उपासना गर्दछन् र अरु पनि कतिपय साधक आफुलाई पृथक् मानेर चारैतिर मुख भएको मेरो विराट् रूपको अर्थात् संसारलाई मेरो विराट्रूप मानेर सेव्यसेवक भावले मेरो अनेक प्रकारले उपासना गर्दछन् ॥१५॥

अहं क्रतुरहं यज्ञः स्वधामहमौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

(हे अर्जुन!) क्रतु, यज्ञ, स्वधा, औषधि, मन्त्र, घ्यू, अग्नि र हवनरूप क्रिया सबै म नै हुँ ॥१६॥

पितामहस्य जगतो माता धाता पितामहः ।
वेद्यं पवित्रमोङ्कार ऋक्साम यजुरेव च ॥१७॥

त्यसै गरेर जान्न योग्य पवित्र ॐकार, ऋग्वेद, सामवेद, यजुर्वेद, पनि म नै हुँ। यस सम्पूर्ण जगतको पिता, धाता, माता, पितामह पनि हुँ ॥१७॥

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥

अरु पनि जस्तो कि गति, भर्ता, प्रभु, साक्षी, निवास, आश्रय, सुहृद्, उत्पत्ति, प्रलय, स्थान, निधान(भण्डार) तथा अविनाशी बीज पनि म नै हुँ ॥१८॥

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥

हे अर्जुन! (संसारको हितका लागि) म नै सूर्यरूपले तातिन्छु, म नै पानीलाई सोसेर वर्षारूपले बरसाईदिन्छु, अरु त के भनौ अमृत र मृत्यु तथा सत् र असत् पनि म नै हुँ॥१९॥

त्रैविद्या मां सोमपाः पूतपापा–
यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते।
ते पुण्यमासाद्य सुरेन्द्रलोक–
मश्नन्ति दिव्यान्दिवि देवभोगान्॥२०॥

तीनै वेदहरूमा भनिएको सकाम अनुष्ठानलाई गर्नेहरू र सोमरसलाई पिउने जो पापरहित मनुष्य यज्ञहरूद्धारा (इन्द्ररूपमा) मेरो पूजन गरेर स्वर्ग–प्राप्तिको प्रार्थना गर्दछन् ती पुण्यको फलस्वरूप पवित्र इन्द्रलोकलाई प्राप्त गरेर त्यहाँ स्वर्गको देउताहरूका दिव्य भोगहरू भोग्दछन्॥२०॥

ते तं भुक्त्वा स्वर्गलोकं विशालं–
क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति।
एवं त्रयीधर्ममनुप्रपन्नाः
गतागतं कामकामा लभन्ते॥२१॥

तिनीहरू त्यस विशाल स्वर्गलोकको भोगहरूलाई भोगेर पुण्य क्षीण भएपछि मृत्युलोकमा आउँदछन्। यस प्रकार तीनै वेदमा भनिएको सकाम धर्मको आश्रय लिएका भोगको कामना गर्ने मनुष्यहरू आवागमनमा प्राप्त हुन्छन॥२१॥

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्॥२२॥

जो अनन्य भक्त मेरो चिन्तन गर्दै राम्रो सँग मेरो उपासना गर्दछन्, मेरो भक्तिमा निरन्तर लागेको ती भक्तहरूका योगक्षेम (अप्राप्तको प्राप्ति र प्राप्तको रक्षा)(गर्ने जिम्मेवारी) म उठाउँदछु॥२२॥

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम्॥२३॥

हे कौन्तेय! जो पनि भक्त(मनुष्य) श्रद्धापूर्वक अन्य देउताहरूको पूजा गर्दछन् ती पनि मेरो नै पूजा गर्दछन् तर तिनीहरूको त्यो पूजा अविधि पूर्वक हुन्छ॥२३॥

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्तिते॥२४॥

किनकी सम्पूर्ण यज्ञको भोक्ता र स्वामी पनि म नै हुँ; परन्तु ती मलाई तत्त्वपूर्वक जान्दैनन्, यसैले तिनीहरूको पतन हुन्छ॥२४॥

यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥

(सकामभावले जुन) देउताहरूको पूजा गर्दछन मरेपछि ती मनुष्यहरू तिनै देउताहरूलाई प्राप्त गर्दछन्। जस्तै पितृको पूजन गर्नेहरू पितृलाई, भूत–प्रेतको पूजन गर्नेहरू भूत–प्रेतलाई प्राप्त हुन्छन्। तर मेरो पूजन गर्नेहरू मलाई नै प्राप्त गर्दछन्॥२५॥

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

जो भक्त पत्र, पुष्प, फल, जल आदि यथासाध्य एवं अनायास प्राप्त वस्तुलाई प्रेमपूर्वक मलाई अर्पण गर्दछ भने त्यस ममा तल्लीन भएको भक्तद्वारा प्रेमपूर्वक दिएको उपहार(भेट)लाई म खान्छु पनि अर्थात् स्वीकार गर्दछु॥२६॥

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥

हे कुन्तिपुत्र! तिमी जे गर्दछौ, जे पनि भोजन गर्दछौ, जुन सुकै यज्ञ गर्दछौ र जे पनि दान दिन्छौ तथा जुन सुकै तप गर्दछौ त्यो सबै मलाई अर्पण गरिदेऊ॥२७॥

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
सन्न्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥

यस प्रकार मलाई अर्पण गर्नाले तिमी कर्मबन्धनबाट र शुभ अथवा अशुभ कर्मको फलबाट तिमी मुक्त हुनेछौ। यसरी आफु सहित सबैथोक मलाई अर्पण गर्नेवाला र सबै बाट सर्वथा मुक्त भएको तिमी मलाई नै प्राप्त गर्नेछौ॥२८॥

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥

सम्पूर्ण प्राणीहरूका लागि म समान छु। ती प्राणीहरूमा न त कुनै मेरो द्वेषी छ न त कुनै प्रिय नै छ। परन्तु जो प्रेमपूर्वक मेरो भजन गर्दछन् ती म भित्र छन् र म पनि तिनीहरू भित्र छु॥२९॥

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥

यदि कुनै दुराचारी–भन्दा–दुराचारी भएपनि अनन्यभक्त भएर मेरो भजन गर्दछ भने त्यसलाई त साधु नै मान्नु पर्दछ। किनकी त्यसले राम्रो सँग निश्चय गरी सकेको छ॥३०॥

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

त्यो त्यसै क्षण धर्मात्मा हुनजान्छ र निरन्तर रहने शान्तिलाई प्राप्त गर्दछ। हे कुन्तिपुत्र! मेरो 'भक्तको पतन हुँदैन' यस्तो तिमी प्रतिज्ञा गर॥३१॥

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

हे पार्थ! पाप योनिवाला भएपनि तथा स्त्री, शुद्र, वैश्य भएपनि ती सबै सर्वथा मेरो शरण भएर निःसन्देह परम गतिलाई प्राप्त गर्दछन्॥३२॥

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

(भने जो) पवित्र आचरण गर्ने ब्राह्मण र ऋषिस्वरूप क्षत्रिय भगवान्को भक्त हुन्छन् अर्थात् तिनीहरू परमगतिलाई प्राप्त गर्दछन् भने यसमा त भन्नु नै के छ र! यसैले यस अनित्य र सुखरहित शरीरलाई प्राप्त गरेर तिमी मेरो भजन गर॥३३॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

तिमी मेरो भक्त बन, ममा मन लगाऊ, मेरो पूजा गर्ने गर, मलाई नमस्कार गर। यस प्रकार तिमी आफुलाई मसँग जोडेर मेरो परायण भएको तिमी मलाई नै प्राप्त हुनेछौ॥३४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे राजविद्याराजगुह्ययोगो
नाम नवमोऽध्यायः॥९॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ दशमोऽध्यायः

श्रीभगवानुवाच

भूय एव महाबाहो शृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

हे महाबाहो ! मेरो परम वचनलाई तिमी फेरि पनि सुन, जुन मलाई अत्यन्त प्रेम गर्ने तिम्रो हितको कामनाले भन्दैछु ॥१ ॥

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

म प्रकट हुनुमा न देउता जान्दछन् न त महर्षिहरू नै, किनकी म सम्पूर्ण कुराहरूले देउताहरू र महर्षिहरू को आदि हुँ॥२ ॥

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

जो मनुष्य मलाई अजन्मा, अनादि र सम्पूर्ण लोकहरूको महान् ईश्वर जान्दछ दृढ़तापूर्वक सन्देहरहित भई स्वीकार गर्दछ त्यो मनुष्यहरूमा ज्ञानवान् हो र त्यो सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ॥३ ॥

बुद्धिर्ज्ञानमसम्मोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च॥४॥

बुद्धि, ज्ञान, असम्मोह, क्षमा, सत्य, दम, शम तथा सुख, दुःख, उत्पत्ति, विनाश, भय, अभय र अहिंसा, समता, सन्तोष, तप, दान, यश, अपयश यी प्राणिहरूका अनेकप्रकारका बीस भाव म बाटै उत्पन्न हुन्छन्॥४–५ ॥

अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥

सात महर्षि र उनीहरूभन्दा पनि पहिले नै भएका चार सनकादिहरू तथा चौध मनुहरू यिनीहरू सबै मेरो मनबाट उत्पन्न भएका हुन् र म माथि श्रद्धा–भक्ति राख्नेहरू हुन्, जसका यी संसारमा भएका मनुष्यहरू बिन्दुज र नादज रूपमा प्रजा (सन्तति) हुन्॥६ ॥

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६ ॥

जो मनुष्य मेरो यस विभूतिलाई र योग सामर्थ्यलाई तत्त्व देखि नै जान्दछ अर्थात् सन्देहरहित भएर स्वीकार्दछ त्यो अविचल भक्तियोगले युक्त हुन्छ, यसमा अलिकति पनि सन्देह छैन॥७ ॥

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः ।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

म संसारको प्रभव मूलकारण हुँ, र मबाटै सारा संसार प्रवृत्त भईरहेको अर्थात् चलिरहेको छ। यस्तो मानेर ममा नै श्रद्धा–प्रेम राख्दै बुद्धिमान् भक्त मेरो नै भजन गर्दछन्॥८॥

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

म संसारको प्रभव मूलकारण हुँ, र मबाटै सारा संसार प्रवृत्त भईरहेको अर्थात् चलिरहेको छ। यस्तो मानेर ममा नै श्रद्धा–प्रेम राख्दै बुद्धिमान् भक्त मेरो नै भजन गर्दछन्॥८॥

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

ममा चित्त लगाउने, मैमा प्राण अर्पण गर्ने भक्तजनहरू आपसमा मेरो गुण, प्रभाव आदिलाई जनाउँदै र त्यसको कथन गर्दै नित्य–निरन्तर सन्तुष्ट रहन्छन् र मसँग नै प्रेम गर्दछन्॥९॥

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम्।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥

ती नित्य–निरन्तर मतिर लागेका र प्रेमपूर्वक मेरो भजन गर्ने भक्तहरूलाई म त्यो बुद्धियोग दिन्छु, जसले उनीहरूलाई मेरो प्राप्ति हुन्छ॥१०॥

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

ती भक्तहरू माथि कृपा गर्नको लागि नै उनीहरूको स्वरूप (हुनुपन) मा रहने म उनीहरूको अज्ञानजन्य अन्धकारलाई देदीप्यमान ज्ञानरूप दीयोको द्वारा नष्ट गरिदिन्छु॥११॥

अर्जुन उवाच

परं ब्रह्म परं धाम पवित्रं परमं भजम्।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम्॥१२॥
आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥

परम ब्रह्म, परम धाम र महान् परम पवित्र हजुर नै हुनुहुन्छ। हजुर शाश्वत, दिव्य पुरुष, आदिदेव, अजन्मा र सर्वव्यापक– यस्तो हजुर हुनुहुन्छ भनेर भएजति सबै ऋषि, देवर्षि नारद, असित, देवल तथा व्यास भन्नुहुन्छ र स्वयम् हजुर पनि मेरो प्रति यस्तै भन्नुहुन्छ ॥१२–१३॥

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव।

न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥

हे केशव! मलाई हजुरले जे पनि भनिरहनु भएको छ यो सबै म सत्य मान्दछु। हे भगवन्! हजुर प्रकट हुनुलाई न त देउताहरू जान्दछन न त दानव नै जान्दछन् ॥१४॥

स्वयमेवात्मानात्मानं वेत्थ त्वं पुरुषोत्तम।
भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥

हे भूतभावन! हे भूतेश! हे देवदेव! जे जगत्पते! हे पुरुषोत्तम! हजुर स्वयं नै आफुले आफैंलाई जान्नुहुन्छ ॥१५॥

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

यसैले जुन विभूतिहरूले हजुर यी सम्पूर्ण लोकहरूलाई व्याप्त गरेर स्थित हुनुहुन्छ ती सबै आफ्ना दिव्य विभूतिहरूका सम्पूर्णताले वर्णन गर्नमा केवल हजुर नै समर्थ हुनुहुन्छ ॥१६॥

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन्।
केषु केषु च भावेषु चिन्त्योऽसि सदा भगवन्मया ॥१७॥

हे योगिन्! निरन्तर साङ्गोपाङ्ग चिन्तन गर्दै म हजुरलाई कसरी जान्नु? र हे भगवन्! कुन–कुन भावहरूमा हजुरलाई मेरोद्वारा चिन्तन गर्न सकिन्छ अर्थात् कुन–कुन भावहरूमा म हजुरको चिन्तन गरौं ॥१७॥

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन।
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

हे जनार्दन! हजुर आफ्नो योगसामर्थ्यलाई र विभूतिहरूलाई विस्तारले फेरि भन्नुहोस किनकी हजुरको अमृतमय वचन सुनेकोसुन्यै गर्दा पनि मलाई तृप्ति भएको छैन ॥१८॥

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्माविभूतयः।
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

अँ, त्यसो भए ठिकै छ। म आफ्ना दिव्य विभूतिहरूलाई तिम्रो लागि प्रधानता (संक्षेप) मा भन्नेछु किनकी हे कुरुश्रेष्ठ! मेरो विभूतिहरूको विस्तारको अन्त्य छैन ॥१९॥

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

हे निद्रालाई जितेका अर्जुन! सम्पूर्ण प्राणिहरूको आदि, मध्य तथा अन्त्यमा म नै छु र सम्पूर्ण प्राणिहरूका अन्तःकरणमा स्थित आत्मा पनि म नै हुँ॥२०॥

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

म अदितिका पुत्रहरूमा विष्णु(वामन) र प्रकाशमान वस्तुहरूमा अंशुमाली(किरणवाला) सूर्य हुँ। म वायुहरूको तेज र नक्षत्रहरूका अधिपति चन्द्रमा हुँ॥२१॥

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

वेदहरूमा सामवेद हुँ। देउताहरूमा इन्द्र हुँ। इन्द्रियहरूमा मन हुँ र प्राणिहरूको चेतना हुँ॥२२॥

रुद्राणां शङ्करश्चास्मि वित्तेशो यक्षरक्षसाम्।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम्॥२३॥

रुद्रहरूमा शंकर र यक्ष–राक्षसहरूमा कुबेर हुँ। वसुहरूमा पवित्र गर्नेवाला अग्नि र शिखरवाला पर्वतहरूमा सुमेरु म नै हुँ॥२३॥

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम्।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

हे पार्थ! पुरोहितहरूमा मुख्य बृहस्पतिलाई मेरो स्वरूप संझिनु। सेनापतिहरूमा कार्तिकेय र जलाशयहरूमा समुद्र म नै हुँ॥२४॥

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणामं हिमालयः ॥२५॥

महर्षिहरूमा भृगु र शब्दहरूमा एक अक्षर अर्थात् प्रणव(ॐकार) म नै हुँ। सम्पूर्ण यज्ञहरूमा जपयज्ञ र स्थिर रहनेहरूमा हिमालय पनि म नै हुँ॥२५॥

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥

सम्पूर्ण वृक्षहरूमा पीपल, देवर्षिहरूमा नारद, गन्धर्वहरूमा चित्ररथ र सिद्धहरूमा कपिल मुनि म नै हुँ॥२६॥

उच्चैःश्रवसमश्वानां विद्धि मामृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

घोडाहरूमा अमृतको सहित समुद्रबाट प्रकट भएको उच्चैःश्रवा नामक घोडालाई र श्रेष्ठ हात्तीहरूमा ऐरावत नामक हात्तीलाई र मनुष्यहरूमा राजालाई मेरो विभूति मान्नु॥२७॥

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

आयुधहरूमा वज्र, धेनुहरूमा कामधेनु म नै हुँ। सन्तान उत्पत्तिको हेतु कामदेव र सर्पहरूमा वासुकि पनि म नै हुँ॥२८॥

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

नागहरूमा अनन्त(शेषनाग) र जल–जन्तुहरूमा उनीहरूका अधिपति वरुण हुँ। पितृहरूमा अर्यमा र शासन गर्नेवालाहरूमा यमराज म नै हुँ॥२९॥

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

दैत्यहरूमा प्रह्लाद र गणना गर्नेहरूमा काल म हुँ तथा पशुहरूमा सिंह र पक्षिहरूमा गरुड़ म नै हुँ॥३०॥

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्त्रोतसामस्मि जाह्नवी ॥३१॥

पवित्र गर्नेहरूमा वायु र शस्त्रधारिहरूमा म राम हुँ। जल–जन्तुहरूमा गोही र नदिहरूमा गंगा म नै हुँ॥३१॥

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

हे अर्जुन! सम्पूर्ण सृष्टिहरूको आदि, मध्य तथा अन्त्यमा म नै छु। विद्याहरूमा ब्रह्मविद्या र परस्पर शास्त्रार्थ गर्नेहरूको(तत्त्व निर्णयको लागि गरिने) वाद म नै हुँ॥३२॥

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

अक्षरहरूमा अकार र समासहरूमा द्वन्द्व समास तथा अक्षयकाल अर्थात् कालको पनि महाकाल म नै हुँ। सबै तिर मुखभएको धाता(पालन–पोषण गर्नेवाला पनि म नै हुँ॥३३॥

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।

कीर्तिः श्रीवाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥

सबैलाई हरण गर्ने मृत्यु र भविष्यमा उत्पन्न हुनेवाला म नै हुँ तथा स्त्री–जातिहरूमा कीर्ति, श्री, वाक्, स्मृति, मेधा, धृति र क्षमा पनि म नै हुँ ॥३४॥

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतुनाकुसुमाकरः ॥३५॥

गाएर पढिने श्रुतिहरूमा बृहत्साम र सबै छन्दहरूमा गायत्री छन्द, बाह्रै महिनाहरूमा मार्गशीर्ष र छः वटै ऋतुहरूमा वसन्त पनि म नै हुँ ॥३५॥

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥

छल गर्नेहरूमा जुवा र तेजस्विहरूको तेज म नै हुँ। जीत्नेहरूको जीत र निश्चय गर्नेहरूको निश्चय तथा सात्त्विक मनुष्यहरूको सात्त्विक भाव पनि म नै हुँ ॥३६॥

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

वृष्णिवशीहरूमा वसुदेवपुत्र श्रीकृष्ण तथा पाण्डवहरूमा अर्जुन अर्थात् स्वयं तिमी र मुनिहरूमा वेदव्यास, कविहरूमा कवि शुक्राचार्य पनि म नै हुँ ॥३७॥

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

दमन गर्नेहरूमा दण्डनीति र विजय चाहनेमा नीति म नै हुँ। गोपनीय भावहरूमा मौन म हुँ तथा ज्ञानवान्हरूका ज्ञान म नै हुँ ॥३८॥

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

हे अर्जुन! सम्पूर्ण प्राणिहरूको जो बीज(मूल कारण) हो, त्यो बीज पनि म नै हुँ किनकी त्यस्तो चर–अचर कुनै प्राणी छैन जुन मेरो बिना होस अर्थात् चर–अचर सबैथोक म नै हुँ ॥३९॥

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परन्तप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

हे परन्तप अर्जुन! मेरो दिव्य विभूतिहरूको अन्त्य छैन। मैले तिम्रो सामुन्ने आफ्नो विभूतिहरूको जुन विस्तार भनेको छु त्यो त केवल संक्षेपमा नाममात्र भनेको हो ॥४०॥

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥४१ ॥

जुन-जुन ऐश्वर्ययुक्त, शोभायुक्त र बलयुक्त प्राणी तथा पदार्थ छन् त्यस-त्यसलाई तिमी मेरो नै तेज-(योग अर्थात् सामर्थ्य)को अंशबाट उत्पन्न भएको संझ ॥४१ ॥

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२ ॥

अथवा हे अर्जुन! तिमीलाई यस प्रकार धेरै कुराहरू जान्ने के आवश्यकता छ, जबकि म आफ्नो कुनै एक अंशले यस सम्पूर्ण जगत्लाई व्याप्त गरेर स्थित छु अर्थात् अनन्त ब्रह्माण्ड मेरो कुनै एक अंशमा छ ॥४२ ॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे विभूतियोगो
नाम दशमोऽध्यायः ॥१० ॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथैकादशोऽध्यायः

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसञ्ज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१ ॥

केवल मलाई कृपा गर्नको लागि हजुरले जुन परम गोपनीय अध्यात्म-विषयक वचन भन्नुभयो, त्यसले मेरो यो मोह नष्ट भएको छ ॥१ ॥

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२ ॥

किनकी हे कमलनयन! सम्पूर्ण प्राणिहरूको उत्पत्ति तथा विनाश मैले विस्तारपूर्वक हजुरबाटै सुने र हजुरको अविनाशी माहात्म्य पनि सुने ॥२ ॥

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ।
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ॥३ ॥

हे पुरुषोत्तम हजुर आफुले आफैलाई जस्तो भन्नुहुन्छ यो वास्तवमा त्यस्तै नै छ। हे परमेश्वर! हजुरको ईश्वर-सम्बन्धी रूपलाई म हेर्न चाहन्छु ॥३ ॥

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

हे प्रभो! म द्वारा हजुरको त्यो ऐश्वररूप देख्न सकिन्छ, यस्तो हजुर मान्नुहुन्छ भने हे योगेश्वर! हजुर आफ्नो त्यो अविनाशी स्वरूप मलाई देखाई दिनुहोस॥४॥

श्रीभगवानुवाच

पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णकृतीनि च ॥५॥

हे पार्थ! अब मेरो अनेक प्रकारका र अनेक वर्ण तथा आकृति भएका सैकड़ौं–हजारौं अलौकिक रूपहरूलाई तिमी हेर॥५॥

पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

हे भारत! बाह्रै सूर्यहरू, आठै वसुहरू, एघारै रुद्रहरू, दुबै अश्विनीकुमारहरू तथा उनन्चास मरुद्‌गणहरूलाई हेर। जसलाई तिमीले पहिले देखेका थिएनौ यस्ता अनेक आश्चर्यजनक रूपहरूलाई पनि तिमी हेर॥६॥

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥

हे जितनिद्र अर्जुन! मेरो यस शरीरको एकदेशमा चराचर–सहित सम्पूर्ण जगत्‌लाई अहिले हेर। यसको सिवाय अरु पनि जे हेर्न चाहन्छौ त्यो पनि हेर॥७॥

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

परन्तु तिमी यस आफ्नो आँखाले (चर्मचक्षुले) मलाई हेर्न सक्दैनौ, यसैले म तिमीलाई दिव्यदृष्टि दिन्छु जसले तिमी मेरो ईश्वरीय सामर्थ्यलाई देख्न सक्नेछौ॥८॥

सञ्जय उवाच

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ॥९॥

संजयले भने– हे राजन्! यस्तो भनेर फेरि महायोगेश्वर भगवान् श्रीकृष्णले अर्जुनलाई परम ऐश्वर विराट्‌रूप देखाउनु भयो॥९॥

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥
दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम् ।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

जसको अनेक मुख र नेत्र छन्, अनेक प्रकारका अद्‌भुत दर्शन छन्, अनेक अलौकिक आभूषण छन्, हातमा उठाएका अनेक दिव्य आयुधहरू छन् तथा जसको गलामा दिव्य मालाहरू छन्, जो अलौकिक वस्त्र पहिरिनु भएको छ, जसको निधारमा तथा शरीरमा दिव्य चन्दन, कुंकुम आदि लेपन लगाईएको छ, यस्तो सम्पूर्ण आश्चर्यमय, अनन्त रूपवाला तथा सबै तिर मुखभएको (आफ्नो दिव्य स्वरूपलाई भगवान्‌ले देखाउनु भयो) ॥१०–११॥

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

यदि आकाशमा एकैसाथ हजारौं सूर्यहरूको उदय होओस तर पनि ती सबैको प्रकाश मिलेर पनि त्यस महात्मा विराट्‌रूप परमात्माको प्रकाशको समान सायदै हुन सक्ला अर्थात् हुन सक्दैन ॥१२॥

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

त्यस समय अर्जुनले देउताहरूका पनि देउता भगवान्‌को त्यस शरीरमा एकैठाउँमा स्थित अनेक प्रकारको विभागहरूमा विभक्त सम्पूर्ण जगतलाई देखे ॥१३॥

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

भगवान्‌को विश्वरूपलाई देखेर ती अर्जुन धेरै चकित भए र आश्चर्यको कारण उनको शरीर रोमाञ्चित भयो। उनी हात जोडेर विश्वरूप भगवान्‌लाई शिर निहुराएर प्रणाम गर्दै भन्नलागे ॥१४॥

अर्जुन उवाच

पश्यामि देवांस्तव देव देहे
सर्वांस्तथा भूतविशेषसङ्घान् ।
ब्रह्माणमीशं कमलासनस्थ–

मृषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥

हे देव! हजुरको शरीरमा सम्पूर्ण देउताहरूलाई तथा प्राणिहरूका विशेष–विशेष समुदायहरूलाई र कमलासनमा बसेका ब्रह्माजीलाई, शंकरजीलाई, सम्पूर्ण ऋषिहरूलाई र दिव्य सर्पहरूलाई देखिरहेको छु॥१५॥

अनेकबाहूदरवक्त्रनेत्रं–
पश्यामि त्वां सर्वतोऽनन्तरूपम्।
नान्तं न मध्यं न पुनस्तवादिं–
पश्यामि विश्वेश्वर विश्वरूप॥१६॥

हे विश्वरूप! हे विश्वेश्वर! हजुरलाई म अनेक हात, पेट, मुख र आँखा तथा सबैतिरबाट अनन्त रूपवाला देखिरहेको छु। म हजुरको न आदिलाई न त मध्यलाई र न त अन्तलाई नै देखिरहेको छु॥१६॥

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तीमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता–
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

म हजुरको किरीट(मुकुट), गदा, चक्र, शंख तथा पद्म धारण गरेको देखिरहेको छु। हजुरको तेजको राशि, सबै तिर प्रकाशवाला, देदीप्यमान अग्नि तथा सूर्यको समान कान्तिवाला, नेत्रको द्वारा कठिनताले मात्र देख्न सकिने र सबैतिरबाट अप्रमेयस्वरूप देखिरहेको छु॥१७॥

त्वमक्षरं परमं वेदितव्यं–
त्वमस्य विश्वस्य परं निधानम्।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

हजुर नै जान्नयोग्य परम अक्षर (अक्षरब्रह्म) हुनुहुन्छ, हजुर नै यस सम्पूर्ण विश्वको परम आश्रय हुनुहुन्छ, हजुर नै सनातन धर्मको रक्षक हुनुहुन्छ र हजुर नै अविनाशी सनातन पुरुष हुनुहुन्छ भनेर म मान्दछु॥१८॥

अनादिमध्यान्तमनन्तवीर्य–

मनन्तबाहुं शशिसूर्यनेत्रम् ।

पश्यामि त्वां दीप्तहुताशवक्त्रं-

स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

हजुरलाई म आदि, मध्य र अन्त रहित, अनन्त प्रभावशाली, अनन्तबाहुवाला, चन्द्र र सुर्यरूप नेत्रवाला, प्रज्वलित अग्निरूप मुखहरू भएको र आफ्नो तेजले यस संसारलाई तपाईरहेको देख्दैछु॥१९॥

द्यावापृथिव्योरिदमन्तरं हि

व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।

दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं-

लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

हे महात्मन्! यो स्वर्ग र पृथ्वीको बीचको अन्तराल र सम्पूर्ण दिशाहरू एक हजुरबाटै परिपूर्ण छन्। हजुरको यस अद्भुत र उग्ररूपलाई देखेर तीनै लोक व्यथित भईरहेका छन्॥२०॥

अमी हि त्वां सुरसङ्घा विशन्ति

केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।

स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः

स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥

उनै देउताहरूको समुदाय हजुरमा प्रवेश गरिरहेका छन्। उनीहरूमा कतिपय भयभीत भई हात जोडेर हजुरको नाम र गुणहरूका कीर्तन गरिरहेका छन्। महर्षि र सिद्धहरूको समुदाय ‘कल्याण होस!’ यस प्रकार भनेर धेरै राम्रा स्तोत्रहरू द्वारा हजुरको स्तुति गरिरहेका छन्॥२१॥

रुद्रादित्या वसवो ये च साध्या-

विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।

गन्धर्वयक्षासुरसिद्धसंङ्घा-

वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

यी जो एघार रुद्र, बाह्र सूर्य, आठ वसु, बाह्र साध्यगण, दस विश्वेदेव र दुई अश्विनीकुमार तथा उन्चास मरुद्‌गण र तात्तातो भोजन गर्ने (सात पितृगण) तथा गन्धर्व, यक्ष, असुर र सिद्धहरूका समुदाय छन्, ती सबै चकित भएर हजुरलाई हेरिरहेका छन्॥२२॥

रूपं महत्ते बहुवक्त्रनेत्रं-
महाबाहो बहुबाहूरुपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं-
दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

हे महाबाहु! हजुरको अनकानेक मुख, आँखा तथा पाखुरा, पाउ र तिघ्रा, पेट, विकराल दाह्रा यस प्रकारको महान रूपलाई देखेर सबै प्राणी व्यथित भईरहेका छन् तथा साथमा म पनि व्यथित भई रहेको छु॥२३॥

नभःस्पृशं दीप्तमनेकवर्णं-
व्यात्ताननं दीप्तविशालनेत्रम्।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं च विष्णो ॥२४॥

किनकी हे विष्णु! हजुरको देदीप्यमान अनेक वर्ण छन्, हजुर आकाशलाई स्पर्श गरिरहनु भएको छ अर्थात् सबै भन्दा ठूलो होईसिन्छ हजुरको मुख पनि धेरै फैलिएको छ, हजुरको नेत्र प्रदीप्त र विशाल छन्। यस्ता हजुरलाई देखेर भयभीत अन्तःकरणवाला मैले धैर्य तथा शान्ति पाएको छैन॥२४॥

दंष्ट्राकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि ।
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश जगन्निवास ॥२५॥

हजुरको प्रलयकाल को अग्निको समान प्रज्वलित र दाह्राहरूको कारण भयानक भएको मुखहरूलाई हेरेर मलाई न दिशाहरूको ज्ञान भईरहेको छ, न त शान्ति नै मिलेको छ यसैले हे देवेश! हे जगन्निवास हजुर प्रसन्न हुनुहोस॥२५॥

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसङ्घैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

हाम्रा पक्षका मुख्य-मुख्य योद्धाहरूको सहित भीष्म, द्रोण र त्यो कर्ण तथा धृतराष्ट्रका सबै

छोराहरू पनि राजाहरूको समुदाय सहित हजुर भित्र प्रवेश गरिरहेका छन्॥२६॥

वक्त्राणि ते त्वरमाणा विशन्ति

दंष्ट्राकरालानि भयानकानि ।

केचिद्विलग्ना दशनान्तरेषु

सन्दृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

ती सबै हजुरको विकराल दाह्राहरूले भयंकर देखिएको मुखमा अत्यन्त छिटो–छिटो गरेर प्रविष्ट भईरहेका छन्। उनीहरूमा त कतिपय चूर्णभएको शिर सहित हजुरको दाँतका बीचमा फँसेको देखिईरहेका छन्॥२७॥

यथा नदीनां बहवोऽम्बुवेगाः

समुद्रमेवाभिमुखा द्रवन्ति ।

तथा तवामी नरलोकवीरा–

विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

जस्तै कि धेरै नदीहरूको जल–प्रवाह स्वभाविक नै समुद्र तिर दौडिन्छ त्यस्तै नै ती संसारका महान् शूरवीर हजुरको देदीप्यमान मुखमा प्रवेश गरिरहेका छन्॥२८॥

यथा प्रदीप्तं ज्वलनं पतङ्गा–

विशन्ति नाशाय समृद्धवेगाः ।

तथैव नाशाय विशन्ति लोका–

स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥

जस्तो पुतलीहरू मोहवश आफ्नो नाश गर्न अत्यन्त वेगले दौडिएर प्रज्वलित अग्निमा प्रवेश गर्दछन् त्यस्तै नै यी सबैजना मोहवश आफ्नो नाश गर्नका लागि बडो बेगले दौडिदै हजुरको मुखमा प्रवेश गरिरहेका छन्॥२९॥

लेलिह्यसे ग्रसमानः समन्ता–

ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।

तेजोभिरापूर्य जगत्समग्रं–

भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥

हजुर आफ्नो प्रज्वलित मुखद्वारा सम्पूर्ण लोकहरूको ग्रसन गर्दै उनीहरूलाई सबैतिरबाट बारम्बार चाटिरहनु भएको छ; र हे विष्णु! हजरको त्यो उग्र प्रकाश आफ्नो तेजले सम्पूर्ण

जगत्‌लाई परिपूर्ण गरेर सबैलाई तप्त गरिरहेको छ॥३०॥

आख्याहि मे को भवानुग्ररूपो-

नमोऽस्तु ते देववर प्रसीद्।

विज्ञातुमिच्छामि भवन्तमाद्यं-

न हि प्रजानामि तव प्रवृत्तिम्॥३१॥

मलाई यो भन्नुहोस कि उग्ररूपवाला हजुर को हुनुहुन्छ? हे देउताहरूमा श्रेष्ठ हजुरलाई नमस्कार छ। हजुर प्रसन्न हुनुहोस। आदिरूप हजुरलाई म तात्त्विक तरिकाले जान्न चाहन्छु; किनकी म हजुरको प्रवृत्तिलाई राम्रोसँग जान्दिन॥३१॥

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो-

लोकान् समाहर्तुमिह प्रवृत्तः।

ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे

येऽवस्थिताः प्रत्यनीकेषु योधाः॥३२॥

श्रीभगवान्‌ले भन्नुभयो- म सम्पूर्ण लोकहरूको नाश गर्ने अत्यन्त बढेको काल हुँ र यस समय म यी सबैको संहार गर्नको लागि यहाँ आएको छु। तिम्रो प्रतिपक्षमा जुन योद्धाहरू उभिएका छन् ती सबै तिमीले युद्ध नगरे पनि रहने छैनन् अर्थात् तिमीले युद्ध नगरे पनि मर्नेछन्॥३२॥

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व

जित्वा शत्रून् भुङ्क्ष्व राज्यं समृद्धम्।

मयैवैते निहताः पूर्वमेव

निमित्तमात्रं भव सव्यसाचिन्॥३३॥

यसैले तिमी युद्धको लागि ऊठ र यशलाई प्राप्त गर तथा शत्रुहरूलाई जितेर धन-धान्यले सम्पन्न राज्यलाई भोग। यी सबै मेरोद्वारा पहिले देखि नै मारिएका छन्। हे सव्यसाचिन्! (दुबै हातले बाण चलाउन सक्ने) तिमी यिनीहरूलाई मार्न निमित्त मात्रै बनिदेऊ॥३३॥

द्रोणं च भीष्मं च जयद्रथं च

कर्णं तथान्यानपि योधवीरान्।

मया हतांस्त्वं जहि मा व्यथिष्ठा-

युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

द्रोण, भीष्म, जयद्रथ, कर्ण तथा अरू पनि सबै मद्वारा मारिएका शूरवीरहरूलाई तिमी मार। तिमीले चिन्ता गर्नुपर्दैन। युद्धमा तिमी अवश्य शत्रुहरूलाई जित्नेछौ॥३४॥

सञ्जय उवाच

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी।
नमस्कृत्वा भूय एवाह कृष्णं-
सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

संजयले भने- भगवान् केशवको यो वचन सुनेर भयले काँप्दै किरीटधारी अर्जुन हात जोडेर नमस्कार गर्दै फेरि पनि डरमान्दै प्रणाम गर्दै गद्‌गद् वाणीले भगवान् श्रीकृष्ण सँग भन्नथाले॥३५॥

अर्जुन उवाच

स्थाने हृषीकेश तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च।
रक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसङ्घाः॥३६॥

हे हृषीकेश! हजुरको नाम, गुण, लीलाहरूको कीर्तन गर्नाले यो सम्पूर्ण जगत् हर्षित भईरहेको छ र सबैलाई अनुराग र प्रेम प्राप्त भईरहेको छ। हजुरको नाम, गुण आदिको कीर्तनले भयभीत भएर राक्षसहरू दशै दिशाहरूमा भागिरहेका छन् र सम्पूर्ण सिद्धगणहरू हजुरलाई नमस्कार गरिरहेका छन्। यो सबै हुनु उचित पनि हो॥३६॥

कस्माच्च ते न नमेरन्महात्मन्
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे।
अनन्त देवेश जगन्निवास
त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

हे महात्मन्! गुरुहरूका पनि गुरु र ब्रह्माको पनि आदिकर्ता हजुरलाई ती सिद्धगणहरू नमस्कार पनि किन नगरुन्? किनकी हे अनन्त! हे जगन्निवास! हजुर अक्षरस्वरूप हुनुहुन्छ; हजुर सत् पनि हुनुहुन्छ र असत् पनि र त्यो सत्-असत् भन्दा पर जे पनि छ त्यो

पनि हजुर नै हुनुहुन्छ॥३७॥

त्वमादिदेवः पुरुषः पुराण-
स्त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ॥३८॥

हजुर नै आदिदेव र पुराण पुरुष हो तथा हजुर नै यस संसारको परम आश्रय हुनुहुन्छ। हजुर नै सबैलाई जान्ने, हजुर नै जानिन योग्य र परमधाम हुनुहुन्छ। हे अनन्तरूप! हजुरद्वारा नै सम्पूर्ण संसार व्याप्त छ॥३८॥

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च ।
नमो नमस्तेऽतु सहस्त्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

हजुर नै वायु, यम, अग्नि, वरुण, चन्द्रमा, दक्षआदि प्रजापति, र प्रपितामह (ब्रह्माजीको पनि पिता) हुनुहुन्छ। हजुरलाई हजारौं पल्ट नमस्कार होस! नमस्कार होस! र फेरि पनि हजुरलाई बारम्बार नमस्कार छ, नमस्कार छ॥३९॥

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व ।
अनन्तवीर्यामितविक्रमस्त्वं-
सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥

हे सर्वस्वरूप! हजुरलाई अगाडीबाट पनि नमस्कार छ र पछाडिबाट पनि नमस्कार छ। हजुरलाई सबैतिरबाट नमस्कार छ। हे अनन्तवीर्य! असीम पराक्रमवाला हजुरले सबैलाई एकदेशमा समेट्नु भएको छ यसैले सबैथोक हजुर नै हुनुहुन्छ॥४०॥

सखेति मत्वा प्रसभं यदुक्तं-
हे कृष्ण हे यादव हे सखेति ।
अजानता महिमानं तवेदं-
मया प्रमादात्प्रणयेन वापि ॥४१॥

हजुरको यस महिमालाई नजानेर यिनी 'मेरो सखा हुन्' यस्तो मानेर मैले प्रमादले अथवा

प्रेमले पनि हठपूर्वक (सोचबिचार नगरी) हे कृष्ण! हे यादव! हे सखा! यस प्रकार भनेको छु॥४१॥

यच्चावहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु।
एकोऽथवाप्यच्युत तत्समक्षं-
तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

हे अच्युत! हाँसो–ठट्टामा, घुमफिरमा, सुत्दा–उठ्दा, खान–पिनको समयमा एक्लै अथवा सबैका सामुन्ने मेरो द्वारा हजुरको अपमान भएको छ; हे अप्रमेयस्वरूप! ती सबैका लागि म हजुर सँग क्षमा माग्दछु॥४२॥

पितासि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो-
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

हजुर नै यस चराचर संसारको पिता हुनुहुन्छ, हजुर नै पूजनीय हुनुहुन्छ र हजुर नै गुरुहरूका पनि गुरु हुनुहुन्छ। हे अनन्त प्रभावशाली भगवान्! यस त्रिलोकिमा हजुरको समान अर्को कोहि पनि छैन भने हजुर भन्दा ठूलो त हुन नै कसरी सक्दछ!॥४३॥

तस्मात्प्रणम्य प्रणिधाय कायं-
प्रसादये त्वामहमीशमीड्यम् ।
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम्॥४४॥

यसैले स्तुती गर्नयोग्य ईश्वर हजुरलाई म लम्पसार परि प्रणाम गरेर प्रसन्न गर्न चाहन्छु। जसरी पिता पुत्रको, मित्र मित्रको, पति पत्नीको अपमान सहन्छ, यसै गरी हे देव! मद्वारा गरिएको अपमान सहनमा अर्थात् क्षमा गर्नमा हजुर समर्थ हुनुहुन्छ॥४४॥

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देवरूपं-
प्रसीद देवेश जगन्निवास ॥४५॥

जुन रूपलाई पहिले कहिल्यै देखिन त्यस रूपलाई देखेर म हर्षित भईरहेको छु; साथैसाथ भयले मेरो मन अत्यन्त व्यथित भई रहेको छ। अतः हजुर मलाई आफ्नो उहि देवरूप शान्त विष्णुरूपलाई देखाउनुहोस। हे देवेश! हे जगन्निवास! हजुर प्रसन्न हुनुहोस ॥४५ ॥

किरीटिनं गदिनं चक्रहस्त-
मिच्छामि त्वां द्रष्टुमहं तथैव ।
तेनैव रूपेण चतुर्भुजेन
सहस्त्रबाहो भव विश्वमूर्ते ॥४६ ॥

म हजुरलाई त्यसरी नै किरीट-(मुकुट)धारी, गदाधारी र हातमा चक्र लिएको अर्थात् चतुर्भुजरूपमा हेर्न चाहन्छु। यसैले हे सहस्त्रबाहु! हे विश्वमूर्ते! हजुर त्यही चतुर्भुजरूप (शंख-चक्र-गदा-पद्मसहित) नै बन्नुहोस ॥४६ ॥

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं-
रूपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं-
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७ ॥

श्रीभगवान भन्नुहुन्छ- हे अर्जुन! म प्रसन्न भएर आफ्नो सामर्थ्यले मेरो यो अत्यन्त श्रेष्ठ, तेजस्वरूप, सबैको आदि र अनन्त विश्व-रूप तिमीलाई देखाएको छु, जसलाई तिमी बाहेक पहिले अरु कसैले देखेका छैनन् ॥४७ ॥

न वेदयज्ञाध्ययनैर्न दानै-
र्न च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरूपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८ ॥

हे कुरुश्रेष्ठ! मनुष्यलोकमा यस प्रकारको विश्वरूपवाला मलाई, न वेदहरूको पाठले, न यज्ञ गरेर, न शास्त्रहरूको अध्ययनले, न दानले, न उग्र तपले र न क्रियाहरूद्वारा तिम्रो (कृपापात्र) सिवाय अरु कसैको द्वारा देख्न सकिन्छ ॥४८ ॥

मा ते व्यथा मा च विमूढभावो-
दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ।

व्यपेतभीः प्रीतमनाः पुनस्त्वं–
तदेव मे रूपमिदं प्रपश्य ॥४९॥

यो मेरो यस प्रकारको रूपलाई देखेर तिमी व्यथित हुनु (डराउनु) पर्दैन र तिमीमा मूढ़भाव पनि हुनुहुँदैन। अब निर्भय र प्रसन्न मन भएर तिमी फेरि त्यहि मेरो चतुर्भुज रूपलाई राम्रो सँग हेर ॥४९॥

सञ्जय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रूपं दर्शयामास भूयः ।
आश्वासयामास च भीतमेनं–
भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

संजयले भने– भगवान् वासुदेवले अर्जुनलाई यस्तो भनेर त्यसै प्रकारले आफ्नो देवरूप (चतुर्भुज स्वरूप) देखाउनु भयो र महात्मा श्रीकृष्णले पुनः सौम्यरूप (द्विभुज मानुषरूप) भएर यस भयभीत अर्जुनलाई आश्वासन दिनुभयो ॥५०॥

अर्जुन उवाच

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

अर्जुनले भने– हे जनार्दन! हजुरको यस सौम्य मनुष्यरूपलाई देखेर म फेरि यस समय स्थिर चित्त भएको छु र आफ्नो स्वभाविक स्थितिलाई प्राप्त गरेको छु ॥५१॥

श्रीभगवानुवाच

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ।
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥

श्रीभगवान्‌ले भन्नुभयो–यो मेरो जुन चतुर्भुज रूप तिमीले देखेको छौ यसको दर्शन अत्यन्तै दुर्लभ छ। देउता पनि यस रूपलाई देख्नको लागि लालायित रहन्छन् ॥५२॥

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

जस्तो रूपमा तिमीले मलाई देख्यौ त्यो (चतुर्भुजरूप) मलाई न त वेदहरूले, न तपले, न दानले र न यज्ञले नै देख्न सकिन्छ ॥५३॥

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप ॥५४॥

परन्तु हे शत्रुतापन अर्जुन! यस प्रकार चतुर्भुजरूपवाला मलाई केवल अनन्यभक्तिले नै तत्त्वद्वारा जान्नमा र साकाररूपमा देखिन तथा प्राप्त गर्न सकिन्द ॥५४॥

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

हे पाण्डव! जो मेरो लागि नै कर्म गर्ने, मेरो नै परायण र मेरो नै प्रेमी भक्त तथा सर्वथा आसक्ति–रहित र प्राणिमात्रमा वैरभावले रहित छ त्यो भक्तले मलाई प्राप्त गर्दछ॥५५॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे विश्वरूपदर्शनयोगो
नामैकादशोऽध्यायः॥११॥
ॐश्रीपरमात्मने नमः

--★--★--★--

अथ द्वादशोऽध्यायः

अर्जुन उवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमा ॥१॥

अर्जुनले भने– जुन भक्त यसरी निरन्तर हजुरमा लागेर हजुर (सगुण–साकार) को उपासना गर्दछन् र जो अविनाशी निर्गुण–निराकारको नै उपासना गर्दछन् ती दुबैमा उत्तम योगवेत्ता कुन हो? ॥१॥

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

भगवान्ले भन्नुभयो– ममा मन लगाएर नित्य–निरन्तर मतिर लागेका जो भक्त परम श्रद्धाले युक्त भएर मेरो (सगुण–साकारको) उपासना गर्दछन्, ती मेरो मतमा श्रेष्ठ हुन्॥२॥

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥
सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।

ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

फेरि जो आफ्नो इन्द्रिय–समूहलाई राम्रो सँग वशमा गरेर चिन्तनमा नआउने सबैठाऊँमा परिपूर्ण, देख्न पनि नसकिने, निर्विकार, अचल, ध्रुव, अक्षर र अव्यक्तको तत्परताले उपासना गर्दछन् तिनीहरू प्राणिमात्रको हितमा प्रीति राख्ने र सबैमा समबुद्धि भएको मनुष्यहरू मलाई नै प्राप्त हुन्छन् ॥३–४॥

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

अव्यक्तमा आसक्त चित्तभएको ती साधकहरूलाई आफ्नो साधनमा कष्ट धेरै हुन्छ; किनकी देहाभिमानिहरूका द्वारा अव्यक्त–विषयक गति धेरै कठिनताले मात्रै प्राप्त गरिन्छ ॥५॥

ये तु सर्वाणि कर्माणि मयि सन्न्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥

परन्तु जो सम्पूर्ण कर्महरू मलाई अर्पण गरेर तथा मेरो परायण भएर अनन्ययोग सम्बन्धले मेरो नै ध्यान गर्दै मेरो उपासना गर्दछन् ॥६॥

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥

हे पार्थ! ममा आविष्ट चित्तभएका ती भक्तहरूको लागि म मृत्युरूप–संसार समुद्रबाट तुरुन्तै उद्धार गर्नेवाला बन्दछु ॥७॥

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत उर्ध्वं न संशयः ॥८॥

तिमी ममा नै मनलाई स्थापित गर र ममा नै बुद्धि प्रविष्ट गर; यसपछि तिमी ममा नै निवास गर्नेछौ यसमा अलिकति पनि सन्देह छैन ॥८॥

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥

यदि तिमी मनलाई ममा अचलभावले स्थिर(अर्पण) गर्नमा आफुलाई समर्थ मान्दैनौ भने हे धनञ्जय! अभ्यासयोगको द्वारा तिमी मेरो प्राप्तिको इच्छा गर ॥९॥

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥

यदि तिमी अभ्यास योगमा पनि आफुलाई असमर्थ पाउँदछौ भने मेरो लागि नै कर्म गर्नेवाला बन। मेरो लागि कर्म गर्दा पनि तिमी सिद्धिलाई प्राप्त गर्नेछौ॥१०॥

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान्॥११॥

यदि मेरो योग (समता-)को आश्रित भएर तिमी पूर्वश्लोकमा भनिएको साधन गर्नमा पनि आफुलाई असमर्थ पाउँदछौ भने त मन-इन्द्रियलाई वशमा गरेर सम्पूर्ण कर्महरूको फलको इच्छालाई त्याग गरिदेऊ॥११॥

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम्॥१२॥

अभ्यास भन्दा शास्त्रज्ञान श्रेष्ठ हो, शास्त्रज्ञान भन्दा ध्यान श्रेष्ठ हो र ध्यान भन्दा पनि सबैकर्महरूको फलको इच्छाको त्याग श्रेष्ठ हो किनकी त्यागद्वारा तत्काल नै परमशान्ति प्राप्त हुन्छ॥१२॥

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी॥१३॥
सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः॥१४॥

सबै प्राणिहरूमा द्वेषभावले रहित र मित्रभाववाला तथा दयालु र ममतारहित, अहंकाररहित सुख-दुःखको प्राप्तिमा सम, क्षमाशील, निरन्तर सन्तुष्ट, योगी, शरीरलाई वशमा गरेको, दृढ़ निश्चयभएको, मलाई अर्पित मन-बुद्धि भएको यस्तो जो मेरो भक्त छ त्यो मलाई प्रिय छ॥१३-१४॥

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः॥१५॥

जसबाट कुनै पनि प्राणि दुःखी हुँदैनन् र जो स्वयं पनि कुनै प्राणी सँग दुःखी हुँदैन तथा जो हर्ष, ईर्ष्या, भय र उद्वेगले रहित छ, त्यो मलाई प्रिय हुन्छ॥१५॥

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः॥१६॥

जो अपेक्षाले रहित(आवश्यकताले रहित) बाहिर-भित्रबाट पवित्र, चतुर, उदासीन, व्यथाले रहित र सबै आरम्भ अर्थात् नयाँ-नयाँ आरम्भको सर्वथा त्यागी छ त्यो नै मलाई प्रिय

हुन्छ॥१६॥

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति।
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥

जो न कहिल्यै हर्षित हुन्छ, न द्वेष गर्दछ, न शोक गर्दछ, न कामना गर्दछ र जो शुभ–अशुभ कर्महरू भन्दा माथि उठेको (राग–द्वेषले रहित) छ, त्यो भक्तिमान् मनुष्य मलाई प्रिय छ॥१७॥

समः शत्रौ च मित्रे च तथा मानापमानयोः।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥
तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित्।
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥

जो शत्रु र मित्रमा तथा मान–अपमानमा सम छ र गर्मी–जाडो तथा सुख–दुःखमा सम छ एवं आसक्ति रहित छ र जो निन्दा स्तुतिलाई समान संझिन्छ मननशील, जस्तोसुकै तरिकाले शरीर निर्वाह हुनु–नहुनुमा सन्तुष्ट, बस्ने ठाउँ तथा शरीरमा ममता–आसक्तिले रहित र स्थिर बुद्धिवाला छ, त्यो भक्तिमान् मनुष्य मलाई प्रिय छ॥१८–१९॥

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

परन्तु जो मलाई श्रद्धा गर्ने र मेरो परायण भएको भक्त यस धर्ममय अमृतको जस्तो भनिएको छ त्यस्तै गरी राम्रोसँग सेवन(आचरण) गर्दछ त्यो मलाई अत्यन्त प्रिय हुन्छ॥२०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे भक्तियोगो
नाम द्वादशोऽध्यायः॥१२॥

––★––★––★––

ॐश्रीपरमात्मने नमः

अथ त्रयोदशोऽध्यायः

श्रीभगवानुवाच

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥

भगवान्ले भन्नुहुन्छ– हे कौन्तेय! 'यो' भनेर भनिने शरीरलाई 'क्षेत्र' यस नामले भन्दछन्

र यस क्षेत्रलाई जो जान्दछ, त्यसलाई ज्ञानीहरू 'क्षेत्रज्ञ' यस नामले सम्बोधन गर्दछन् ॥१ ॥

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

हे भारत! सम्पूर्ण क्षेत्रहरूमा क्षेत्रज्ञ मलाई नै संझिनु र क्षेत्र–क्षेत्रज्ञको जो ज्ञान छ, त्यहि मेरो मतमा ज्ञान हो ॥२ ॥

तत्क्षेत्रं यच्च यादृक्क यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत्समासेन मे शृणु ॥३॥

त्यो क्षेत्र जे छ जस्तो छ तथा जुन विकारहरूवाला छ जसबाट जो उत्पन्न भएको छ तथा त्यो क्षेत्रज्ञ पनि जे छ र जस्तो प्रभाववाला छ त्यो सबै संक्षेपमा मसँग सुन ॥३ ॥

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥

ऋषिहरूकाद्वारा धेरै विस्ताले भनिएको छ तथा वेदको ऋचाहरू द्वारा अनेक प्रकारले विभागपूर्वक भनिएको छ र युक्तियुक्त एवं निश्चित गरिएको ब्रह्मसूत्रको पदहरू द्वारा पनि भनिएको छ॥४ ॥

महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रिय गोचराः ॥५॥

मूल प्रकृति र समष्टि बुद्धि (महत्तत्व), समष्टि अहंकार, पाँच महाभूत र दस इन्द्रियहरू, एक मन तथा पाँचै इन्द्रियहरूका पाँचै विषयहरू यही नै (चौबीस तत्त्वहरू भएको) क्षेत्र हो ॥५ ॥

इच्छा द्वेषः सुखं दुःखं सङ्घातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६ ॥

इच्छा, द्वेष, सुख, दुःख, संघात (शरीर) चेतना (प्राण–शक्ति) र धृति– यी विकारहरूका सहित यो क्षेत्र संक्षेपले भनिएको हो ॥६ ॥

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥

आफुमा श्रेष्ठताको भाव नहुनु, देखावटीपन नहुनु, अहिंसा, क्षमा, सरलता, गुरुको सेवा, बाहिर–भित्रको शुद्धि, स्थिरता र मन वशमा हुनु ॥७ ॥

इन्द्रियार्थेषु वैराग्यमनहङ्कार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥

इन्द्रियहरूलाई विषयबाट वैराग्य हुनु, अहंकार पनि नहुनु, र जन्म, मृत्यु, वृद्धावस्था तथा व्याधिहरूमा दुःखरूप दोषहरूलाई बारम्बार देख्नु ॥८ ॥

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९ ॥

आसक्तिरहित हुनु, पुत्र, स्त्री, घर आदिमा एकात्मता (घनिष्ठ सम्बन्ध) नहुनु र अनुकूलता–प्रतिकूलताको प्राप्तिमा चित्त नित्य सम रहनु ॥९ ॥

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१० ॥

ममा अनन्ययोगको द्वारा अव्यभिचारिणी भक्ति हुनु, एकान्त स्थानमा बस्ने स्वभाव हुनु र जन–समुदायमा प्रीति नहुनु ॥१० ॥

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११ ॥

अध्यात्मज्ञानमा नित्य–निरन्तर रहनु, तत्त्वज्ञानको अर्थरूप परमात्मालाई सबैठाउँमा देख्नु यो (पूर्वोक्त बीस साधन–समुदाय) त ज्ञान हो र जो यसको विपरीत छ त्यो अज्ञान हो भनेर भनिएको छ॥११ ॥

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२ ॥

जो ज्ञेय (पूर्वोक्त ज्ञानद्वारा जान्नयोग्य) छ, त्यस (परमात्म तत्त्व) लाई म राम्रो सँग भन्दछु, जसलाई जानेर मनुष्य अमरताको अनुभव गर्दछ। (त्यो ज्ञेय–तत्त्व) अनादि र परम ब्रह्म हो। त्यसलाई न सत् भन्न सकिन्छ न त असत् नै भन्न सकिन्छ॥१२ ॥

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३ ॥

ती परमात्मा सबै तिर हात र गोडाहरू भएको, सबै तिर आँखा, शिर र मुखहरू भएको तथा सबै तिर कान भएको पनि हुन्। ती संसारमा सबैलाई व्याप्त गरेर स्थित हुनुहुन्छ॥१३ ॥

सर्वेंद्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निगुणं गुणभोक्तृ च ॥१४ ॥

ती परमात्मा सम्पूर्ण इन्द्रियहरूले रहित र सम्पूर्ण इन्द्रियहरूको विषयलाई प्रकाशित गर्नेवाला हुन्; आसक्तिरहित छन् र सम्पूर्ण संसारको भरण–पोषण गर्नेवाला हुन् तथा

गुणहरूले रहित छन् र सम्पूर्ण गुणहरूका भोक्ता पनि हुन्॥१४॥

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत्॥१५॥

ती परमात्मा सम्पूर्ण प्राणिहरूको बाहिर-भित्र परिपूर्ण छन् र चर-अचर प्राणिहरूका रूपमा पनि उनै छन् एवं टाढा भन्दा टाढा तथा नजिक भन्दा नजिक पनि उनै छन् र उनी अत्यन्त सूक्ष्म हुनाले जान्नमा पनि आउँदैनन्॥१५॥

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

ती परमात्मा स्वयं विभागरहित भएर पनि सम्पूर्ण प्राणिहरूमा विभक्तको जसरी स्थित छन् र ती जान्नयोग्य परमात्मा नै सम्पूर्ण प्राणीहरूलाई उत्पन्न गर्ने तथा उनीहरूको भरण-पोषण गर्ने र संहार गर्ने हुन्॥१६॥

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम्॥१७॥

ती परमात्मा सम्पूर्ण ज्योतिहरूका पनि ज्योति र अज्ञान भन्दा अत्यन्त पर भनिएको छ। ती ज्ञानस्वरूप, जान्नयोग्य, ज्ञानद्वारा प्राप्तगर्न योग्य र सबैको हृदयमा विराजमान छन्॥१७॥

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते॥१८॥

यस प्रकार क्षेत्र तथा ज्ञान र ज्ञेयलाई संक्षेपमा भनेको हो। मेरो भक्त यसलाई तत्त्वद्वारा जानेर मेरो भावलाई प्राप्त हुन्छन्॥१८॥

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि ।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसम्भवान्॥१९॥
कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

प्रकृति र पुरुष दुबैलाई तिमी अनादि संझ र विकारहरूलाई तथा गुणहरूलाई पनि प्रकृतिद्वारा नै उत्पन्न संझ। कार्य र कारणको द्वारा उत्पन्न हुने क्रियाहरूलाई उत्पन्न गर्नमा प्रकृतिलाई हेतु भनिन्छ र सुखदुःखहरूको भोक्तापनमा पुरुष हेतु भनिन्छ॥१९-२०॥

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ।

कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

प्रकृतिमा स्थित पुरुष (जीव) नै प्रकृतिजन्य गुणहरूका भोक्ता बन्दछ र गुणहरूको संगत नै यसको ऊँचो-नीचो योनिहरूमा जन्म लिने कारण बन्दछ॥२१॥

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

यो पुरुष (शरीरसँग सम्बन्ध राख्नाले) 'उपद्रष्टा', (त्यससँग मिलेर सम्मति दिनाले) 'अनुमन्ता', (आफुलाई त्यसको भरण-पोषण गर्नेवाला मान्नाले) 'भर्ता', (त्यसको संगले सुख-दुःख भोग्नाले) 'भोक्ता' र (आफुलाई त्यसको स्वामी मान्नाले) 'महेश्वर' (बन्दछ)। परन्तु (स्वरूपले यो) यो पुरुष 'परमात्मा'- यस नामले भनिने गर्दछ। यो यस देहमा भएर पनि देहबाट सर्वथा सम्बन्ध रहित छ॥२२॥

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

यस प्रकार पुरुषलाई र गुणहरूको सहित प्रकृतिलाई जुन मनुष्य (अलग-अलग) जान्दछ, त्यो अनेक प्रकारका आचरण गरे पनि फेरि जन्म लिदैन॥२३॥

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना।
अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

कुनै मनुष्यहरू ध्यानयोगको द्वारा, कुनै सांख्ययोगको द्वारा र कुनै कर्मयोगको द्वारा आफु नै आफैमा परमात्मतत्त्वको अनुभव गर्दछ॥२४॥

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

अरु मनुष्य यस प्रकार (ध्यानयोग, सांख्ययोग, कर्मयोग आदि साधनहरूलाई) जान्दैनन्, तर अरुबाट (मतलब जीवन्मुक्त महापुरुषहरूबाट) सुनेर नै उपासना गर्दछन्, यस्ता सुनेको अनुसारले गर्नेवाला मनुष्य पनि मृत्युको पार गर्दछन्॥२५॥

यावत्सञ्जायते किञ्चित्सत्त्वं स्थावरजङ्गमम्।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

हे भरतश्रेष्ठ! स्थावर र जंगम जति पनि प्राणी पैदा हुन्छन्, उनीहरूलाई तिमी क्षेत्र र क्षेत्रज्ञको संयोगले उत्पन्न भएको संझिनु॥२६॥

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्।

विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

जो नष्ट हुँदै जाने सम्पूर्ण प्राणीहरूमा परमेश्वरलाई नाशरहित र समरूपले स्थित देख्दछ, त्यो नै वास्तवमा सही देख्दछ॥२७॥

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

किनकी सबै ठाउँमा समरूपले स्थित ईश्वरलाई समरूपले देख्ने मनुष्य आफुले आफ्नै हिंसा गर्दैन, यस्तो गर्नाले त्यो परमगतिमा प्राप्त हुन्छ॥२८॥

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

जो सम्पूर्ण क्रियाहरूलाई सम्पूर्ण तरिकाले प्रकृतिले नै गरिरहेको देख्दछ र आफुलाई अकर्ता देख्दछ (या अनुभव गर्दछ), त्यहि वास्तवमा देख्दछ॥२९॥

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ॥३०॥

जुन समय साधक प्राणिहरूका बेग्ला–बेग्लै भावलाई एक प्रकृतिमा नै स्थित देख्दछ र त्यस प्रकृतिबाटै ती सबैको विस्तार देख्दछ त्यस समयमा त्यो ब्रह्ममा प्राप्त हुन्छ॥३०॥

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

हे कौन्तेय! यो (पुरुष स्वयं) अनादि हुनाले र गुणहरूले रहित हुनाले अविनाशी परमात्मस्वरूप नै हो। यो शरीरमा भएर पनि न गर्दछ र न लिप्त नै हुन्छ॥३१॥

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

जस्तो सबै तिर व्याप्त आकाश अत्यन्त सूक्ष्म हुनाले कतै पनि लिप्त हुँदैन, यस्तै नै सबैठाऊँमा परिपूर्ण आत्मा कुनै पनि देहमा लिप्त हुँदैन॥३२॥

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

हे भारत! जस्तै एउटै सूर्य यस सम्पूर्ण संसारलाई प्रकाशित गर्दछ, त्यस्तै नै क्षेत्रज्ञ (आत्मा) सम्पूर्ण क्षेत्रलाई प्रकाशित गर्दछ॥३३॥

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

यस प्रकार जो ज्ञानरूपी नेत्रले क्षेत्र र क्षेत्रज्ञको विभागलाई तथा कार्य–कारण–सहित प्रकृतिद्वारा स्वयंलाई अलग जान्दछ, ती परमात्मालाई प्राप्त हुन्छन् ॥३४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे क्षेत्रक्षेत्रज्ञविभागयोगो
नाम त्रयोदशोऽध्यायः॥१३॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ चतुर्दशोऽध्यायः

श्रीभगवानुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

सम्पूर्ण ज्ञानहरूमा उत्तम र श्रेष्ठ ज्ञानलाई म फेरि भन्दैछु, जसलाई जानेर सब मुनिहरू यस संसारबाट मुक्त भएर परमसिद्धि लाई प्राप्त गरिसकेका छन ॥१॥

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

यस ज्ञानको आश्रय लिएर जो मनुष्य मेरो सधसर्मतालाई प्राप्त भएका छन् ती महासर्गमा पनि पैदा हुँदैनन् र महाप्रलयमा पनि व्यथित हुँदैनन् ॥२॥

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।
सम्भवः सर्वभूतानां ततो भवति भारत ॥३॥

हे भारत! मेरो मूल प्रकृति त उत्पत्ति–स्थान हो र म त्यसमा जीवरूप गर्भको स्थापन गर्दछु। त्यसले सम्पूर्ण प्राणिहरूको उत्पत्ति हुन्छ॥३॥

सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥४॥

हे कुन्ति नन्दन सम्पूर्ण योनिहरूमा प्राणिहरूको जतिपनि शरीर पैदा हुन्छन् त्यो सबैको मूल प्रकृति त माता हुन् र म बीज–स्थापन गर्ने पिता हुँ॥४॥

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः ।

निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥

हे महाबाहो! प्रकृतिबाट उत्पन्न हुने सत्त्व, रज र तम यी तीनै गुण अविनाशी देही जीवात्मालाई देहमा बाँधिदिन्छन् ॥५॥

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम्।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ॥६॥

हे पापरहित अर्जुन! ती गुणहरूमा सत्त्वगुण निर्मल स्वच्छ भएको कारण प्रकाशक र निर्विकार हो। त्यो सुखको आसक्तिले र ज्ञानको आसक्तिले देहीलाई बाँध्दछ ॥६॥

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ॥७॥

हे पापरहित अर्जुन! ती गुणहरूमा सत्त्वगुण निर्मल स्वच्छ भएको कारण प्रकाशक र निर्विकार हो। त्यो सुखको आसक्तिले र ज्ञानको आसक्तिले देहीलाई बाँध्दछ ॥६॥

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

हे भारत! सम्पूर्ण देहधारिहरूलाई मोहित गर्ने तमोगुणलाई तिमी अज्ञानबाट उत्पन्न हुने संझ। त्यो प्रमाद, आलस्य र निद्राको द्वारा देह सँग आफ्नो सम्बन्ध मान्नेहरूलाई बाँध्दछ ॥८॥

सत्त्वं सुखे सञ्जयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत ॥९॥

हे भारत! सत्त्वगुण सुखमा र रजोगुण कर्ममा लगाएर मनुष्यमाथि विजय गर्दछ। तर तमोगुण ज्ञानलाई छोपेर एवं प्रमादमा लगाएर मनुष्य माथि विजय गर्दछ ॥९॥

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

हे भारत! रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुण बढ्दछ, सत्त्वगुण र तमोगुणलाई दबाएर रजोगुण बढ्दछ त्यस्तै नै सत्त्वगुण र रजोगुणलाई दबाएर तमोगुण बढ्दछ ॥१०॥

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

जब यस मनुष्य शरीरमा सबै द्वारहरू (इन्द्रिय र अन्तःकरणमा) प्रकाश स्वच्छता र विवेक प्रकट हुन्छ, तब यो जान्नु पर्दछ कि सत्त्वगुण बढेको छ ॥११॥

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

हे भरतश्रेष्ठ! रजोगुण बढ्यो भने लोभ, प्रवृत्ति, कर्महरूको आरम्भ, अशान्ति र स्पृहा– यी वृत्तिहरू पैदा हुन्छन् ॥१२॥

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

हे कुरुनन्दन! तमोगुण बढ्दा अप्रकाश, अप्रवृत्ति तथा प्रमाद र मोह– यी वृत्तिहरू पनि पैदा हुन्छन् ॥१३॥

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

जतिखेर सत्त्वगुण बढेको छ त्यतिखेर यदि देहधारी मनुष्य मर्दछ भने त्यो मनुष्य उत्तमवेत्ताहरूका निर्मल लोकहरूमा जान्छ ॥१४॥

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते ।
तथा प्रलीनस्तमसि मूढयोषिु जायते ॥१५॥

रजोगुण बढेको बेला मर्ने प्राणी कर्मसंगी मनुष्यलोकमा जन्म लिन्छ तथा तमोगुण बढेको बेला मर्ने मूढ योनिहरूमा जन्म पाउँदछ ॥१५॥

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

विवेकी पुरुषहरूले शुभकर्मलाई त सात्त्विक निर्मल फल भनेका छन्, राजस कर्मको फल दुःख भनेका छन् र तामस कर्मको फल अज्ञान (मूढ़ता) भनेका छन् ॥१६॥

सत्त्वात्सञ्जायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

सत्त्वगुणले ज्ञान र रजोगुणले लोभ आदि नै उत्पन्न हुन्छन्। तमोगुणले प्रमाद, मोह एवं अज्ञान पनि उत्पन्न हुन्छन् ॥१७॥

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

सत्त्वगुणमा स्थित मनुष्य ऊर्ध्वलोकहरूमा जान्छन्, रजोगुणमा स्थित मनुष्य मृत्युलोकमा

जन्म लिन्छन् र निन्दनीय तमोगुणको वृतिमा स्थित तामस मनुष्य अधोगतिमा जान्छन् ॥१८॥

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥

जब विवेकी(विचार–कुशल) मनुष्य तीनै गुणहरूका सिवाय अन्य कसैलाई कर्ता देख्दैन र आफुलाई गुणहरू भन्दा पर अनुभव गर्दछ, तब त्यो मेरो सत्स्वरूपलाई प्राप्त हुन्छ॥१९॥

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

देहधारी विवेकी मनुष्य देहलाई उत्पन्न गर्ने यी तीनै गुणहरूलाई अतिक्रमण गरेर जन्म, मृत्यु र वृद्धावस्था रूप दुःखहरूबाट रहित भएर अमरताको अनुभव गर्दछ॥२०॥

अर्जुन उवाच

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ।
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

अर्जुनले भने– हे प्रभो! यी तीनै गुणहरूबाट अतीत भएको मनुष्य कुन लक्षणहरूले युक्त हुन्छ? त्यसको आचरण कस्ता हुन्छन्? र यी तीनै गुणहरूको अतिक्रमण कसरी गर्न सकिन्छ? ॥२१॥

श्रीभगवानुवाच

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।
न द्वेष्टि सम्प्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥

भगवान्ले भन्नुभयो– हे पाण्डव! प्रकाश र प्रवृत्ति तथा मोह– यी सबै बलियो भएर प्रवृत्त भएपनि गुणातीत मनुष्य यीनिहरू सँग देष गर्दैन र यी सबै निवृत्त भए भने पनि यिनीहरूको इच्छा गर्दैन॥२२॥

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥

जो उदासीन जस्तै स्थित छ र जो गुणहरूका द्वारा विचलित गर्न सकिदैन तथा गुण नै गुणमा व्यवहृत भईरहेको छ यस भावले जो आफ्नो स्वरूपमा नै स्थित रहन्छ र स्वयं पनि कुनै चेष्टा गर्दैन॥२३॥

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

जो धीर मनुष्य दु:ख–सुखमा सम तथा आफ्नो स्वरूपमा स्थित रहन्छ; जो माटोको डल्ला, ढुंगा र सुनमा सम रहन्छ; जो प्रिय–अप्रियमा सम रहन्छ, जो आफ्नो निन्दा–स्तुतिमा सम रहन्छ; जो मान–अपमानमा सम रहन्छ; जो मित्र–शत्रुको पक्षमा सम रहन्छ र जो सम्पूर्ण कर्महरूको आरम्भको त्यागी छ, त्यो मनुष्यलाई गुणातीत भनिन्छ॥२४–२५॥

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

जो मनुष्य अव्यभिचारी भक्तियोगको द्वारा मेरो सेवन गर्दछ भने त्यो यी सबै गुणहरूको अतिक्रमण गरेर ब्रह्मप्राप्ति को पात्र हुन्छ॥२६॥

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

किनकी ब्रह्मको र अविनाशी अमृतको तथा शाश्वत धर्मको र ऐकान्तिक सुखको आश्रय म नै हुँ॥२७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे
गुणत्रयविभागयोगो
नाम चतुर्दशोऽध्यायः॥१४॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ पञ्चदशोऽध्यायः

श्रीभगवानुवाच

ऊर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

श्रीभगवान्ले भन्नुभयो– मास्तिर जरा(मूल) तथा तलतिर हाँगा भएको जुन संसाररूप पीपलको वृक्षलाई प्रवाहरूपले अव्यय भन्दछन् र वेद जसका पत्ता हुन्, त्यस संसाररूपी वृक्षलाई जो जान्दछ त्यो सम्पूर्ण वेदहरूका जानकार हो॥१॥

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा
गुणप्रवृद्धा विषयप्रवालाः ।

अधश्च मूलान्यनुसन्ततानि

कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

त्यस संसार वृक्षका गुणहरू (सत्त्व, रज, तम) को द्वारा बढेका विषयरूप कोपिलाभएको शाखाहरू तल, बीचमा र माथि सबै तिर फैलिएका छन्। मनुष्यलोकमा कर्मको अनुसार बाँध्ने मूल पनि तल र माथि सबैलोकहरूमा व्याप्त भईरहेका छन्॥२॥

न रूपमस्येह तथोपलभ्यते

नान्तो न चादिर्न च सम्प्रतिष्ठा ।

अश्वत्थमेनं सुविरूढमूल-

मसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥३॥

यस संसार वृक्षको जस्तो रूप देखिनमा आउँदछ त्यस्तो यहाँ विचार गर्दा देखिंदैन किनकी यसको न त आदि छ न अन्त नै छ र स्थिति नै छ। यसैले यस दृढ़ मूलवाला संसाररूप अश्वत्थ-वृक्षलाई दृढ़ असंगतारूप शस्त्रको द्वारा काट्नु पर्दछ॥३॥

ततः पदं तत्परिमर्गितव्यं-

यस्मिन्गता न निवर्तन्ति भूयः ।

तमेव चाद्यं पुरुषं प्रपद्ये

यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥

त्यस पछि त्यो परमपद परमात्माको खोजी गर्नुपर्दछ। जसको प्राप्ति भए पछि मनुष्य फेरि फर्केर संसारमा आउँदैन र जसबाट अनादिकाल देखि नै चलेर आईरहेको यो सृष्टि विस्तार भएको छ, त्यस आदि पुरुष परमात्माको नै म शरणमा छु॥४॥

निर्मानमोहा जितसङ्गदोषा-

अध्यात्मनित्या विनिवृत्तकामाः ।

द्वन्द्वैर्विमुक्ताः सुखदुःखसञ्ज्ञै-

गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

जो मान र मोहले रहित भैसकेका छन्, जसले आसक्तिबाट हुने दोषलाई जितिसकेका छन्, जो नित्य-निरन्तर परमात्मामा नै लागेका छन्, जो (आफ्नो दृष्टिले) सम्पूर्णकामनाहरूले रहित भईसकेका छन्, जो सुख-दु:ख नामवाला द्वन्द्वहरूबाट मुक्त भईसकेका छन्, यस्ता ऊँचो स्थिति भएका मोहरहित साधक भक्त त्यस अविनाशी परमपद परमात्मालाई प्राप्त

हुन्छन् ॥५ ॥

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६ ॥

त्यस परमपदलाई न सूर्य, न चन्द्रमा, र अग्नि नै प्रकाशित गर्न सक्दछ र जसलाई प्राप्त भएपछि जीव फर्केर संसारमा आउँदैन त्यहि मेरो परमधाम हो ॥६ ॥

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७ ॥

यस संसारमा जीव बनेको आत्मा स्वयं मेरो नै सनातन अंश हो तर त्यो प्रकृतिमा स्थित मन र इन्द्रियहरूलाई आकर्षित गर्दछ मतलब मन इन्द्रियहरूलाई आफ्नो मान्दछ ॥७ ॥

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८ ॥

जस्तै वायु गन्ध भएको ठाऊँबाट गन्धलाई लिएर जान्छ, यस्तै नै शरीरादिको स्वामी बनेको जीवात्मा पनि जुन शरीरलाई छोड्दछ त्यहाँबाट यी मन सहित इन्द्रियहरूलाई ग्रहण गरेर फेरि जुन शरीरलाई प्राप्त गर्दछ त्यसमा प्रवेश गर्दछ ॥८ ॥

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९ ॥

यो जीवात्मा मनको आश्रय लिएर नै श्रोत्र र नेत्र तथा त्वचा, रसना र घ्राण (–यी पाँचै इन्द्रियहरूका द्वारा) विषयको सेवन गर्दछ ॥९ ॥

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१० ॥

शरीरलाई छोडेर जाँदै गरेको या अर्को शरीरमा रहँदै अथवा विषयहरूलाई भोग्दै गरेर पनि गुणहरूले युक्त (जीवात्माको स्वरूप) लाई मूढ़ मनुष्य जान्दैनन्, ज्ञानरूपी नेत्र भएका मनुष्यहरू नै जान्दछन् ॥१० ॥

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११ ॥

प्रयत्न गर्ने योगीहरू आफैंमा स्थित यस परमात्म–तत्त्वको अनुभव गर्दछन्। परन्तु जसले आफ्नो अन्तःकरण शुद्ध गरेको छैन, यस्ता अविवेकी मनुष्य यत्न गरेमा पनि यस तत्त्वको अनुभव गर्न सक्दैनन् ॥११ ॥

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥

सूर्यमा भएको जो तेज सम्पूर्ण जगत्लाई प्रकाशित गर्दछ र जो तेज चन्द्रमामा छ तथा जो तेज अग्निमा छ त्यस तेजलाई मेरो नै स्वरूप जान्नु॥१२॥

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः॥१३॥

म नै यस पृथ्वीमा प्रविष्ट भएर आफ्नो शक्तिले समस्त प्राणिहरूलाई धारण गर्दछु र म नै रसस्वरूप चन्द्रमा भएर समस्त औषधिहरू (वनस्पतिहरू)लाई पुष्ट गर्दछु॥१३॥

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

प्राणिहरूको शरीरमा बस्ने म प्राण–अपानले युक्त वैश्वानर (जठराग्नि) भएर चार प्रकारको अन्नलाई पचाउँदछु॥१४॥

सर्वस्य चाहं हृदि सन्निविष्टो–
मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो–
वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

म नै सम्पूर्ण प्राणिहरूका हृदयमा बसेको छु तथा मबाट नै स्मृति, ज्ञान र अपोहन (संशय आदि दोषहरूको नाश) हुन्छ। सम्पूर्ण वेदहरूको द्वारा म नै जान्नयोग्य छु। वेदहरूको तत्त्व निर्णय गराउने र वेदहरूलाई जान्ने पनि म नै हुँ॥१५॥

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते॥१६॥

यस संसारमा क्षर (नाशवान्) र अक्षर (अविनाशी)–यी दुई प्रकारका नै पुरुष छन्। सम्पूर्ण प्राणिहरूको शरीर क्षर र जीवात्मा अक्षर भनिन्छ॥१६॥

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥

उत्तम पुरुष त अन्य (विलक्षण) नै छ, जो 'परमात्मा' यस नामले भनिन्छ। त्यही अविनाशी ईश्वर तीनै लोकमा प्रविष्ट भएर सबैको भरण पोषण गर्दछु॥१७॥

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

किनकी म क्षरबाट अतीत छु र अक्षर भन्दा पनि उत्तम छु, यसैले लोकमा र वेदमा 'पुरुषोत्तम' नामले प्रसिद्ध छु॥१८॥

यो मामेवमसम्मूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥१९॥

हे भारत! यस प्रकार जो मोहरहित मनुष्य मलाई पुरुषोत्तम भनेर जान्दछ, त्यो सर्वज्ञ सबैप्रकारले मेरो नै भजन गर्दछ॥१९॥

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥२०॥

हे भारत! यस प्रकार जो मोहरहित मनुष्य मलाई पुरुषोत्तम भनेर जान्दछ, त्यो सर्वज्ञ सबैप्रकारले मेरो नै भजन गर्दछ॥१९॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे पुरुषोत्तमयोगो
नाम पञ्चदशोऽध्यायः॥१५॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ षोडशोऽध्यायः

श्रीभगवानुवाच

अथयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

श्रीभगवान्ले भन्नुभयो- भयको सर्वथा अभाव, अन्तःकरणको अत्यन्त शुद्धि, ज्ञानको लागि योगमा दृढ़ स्थिति र सात्त्विक दान, इन्द्रियहरूको दमन, यज्ञ, स्वाध्याय, कर्तव्य-पालनको लागि कष्ट सहनु र शरीर-मन-वाणीको सरलता॥१॥

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥

अहिंसा, सत्यभाषण, क्रोध नगर्नु, संसारको कामनाको त्याग, अन्तःकरणमा राग-द्वेषजनित हलचल नहुनु, चुक्ली नलाउनु, प्राणिहरूलाई दया गर्नु, संसारिक विषयहरूमा न लोभिनु,

अन्त:करणको कोमलता, अकर्तव्य हुनमा लज्जा, चंचलताको अभाव ॥२ ॥

तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥३ ॥

तेज (प्रभाव), क्षमा, धैर्य, शरीरको शुद्धि, वैरभाव नहुनु र मान नचाहनु, हे भारत! यी सबै दैवी सम्पदालाई प्राप्त गरेका मनुष्यको लक्षण हो ॥३ ॥

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरी मता ॥४ ॥

हे पार्थ! दम्भ गर्नु, घमण्ड गर्नु र अभिमान गर्नु, क्रोध गर्नु तथा कठोरता राख्नु र अविवेकि पनि हुनु –यी सबै आसुरी सम्पदामा प्राप्त भएका मनुष्यहरूका लक्षण हुन् ॥४ ॥

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ॥५ ॥

दैवी सम्पत्ति मुक्तिको लागि र आसुरी सम्पत्ति बन्धनको लागि मानिएको छ। हे पाण्डव! तिमीले दैवी सम्पत्ति प्राप्त गरेको छौ, यसैले तिमी चिन्ता नगर ॥५ ॥

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे शृणु ॥६ ॥

यस संसारमा दुई प्रकारका प्राणिहरूको सृष्टि छ– दैवी र आसुरी। दैवीलाई त मैले विस्तारमा भने, अब हे पार्थ! तिमी मबाट आसुरीलाई विस्तारमा सुन ॥६ ॥

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७ ॥

आसुरी प्रकृतिवाला मनुष्य कसमा प्रवृत्त हुनु पर्दछ र कसबाट निवृत्त हुनुपर्दछ यस कुरालाई जान्दैनन् र उनीहरूमा न त बाह्य शुद्धि, न श्रेष्ठ आचरण तथा न सत्य–पालन नै हुन्छ ॥७ ॥

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसम्भूतं किमन्यत्कामहैतुकम् ॥८ ॥

आसुरी प्रकृतिवाला मनुष्य कसमा प्रवृत्त हुनु पर्दछ र कसबाट निवृत्त हुनुपर्दछ यस कुरालाई जान्दैनन् र उनीहरूमा न त बाह्य शुद्धि, न श्रेष्ठ आचरण तथा न सत्य–पालन नै हुन्छ ॥७ ॥

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९ ॥

यस पूर्वोक्त नास्तिक दृष्टिको आश्रय लिने मनुष्य आफ्नो नित्य स्वरूपलाई मान्दैनन्, जसको बुद्धि तुच्छ छ, जो उग्र कर्म गर्नेवाला र संसारका शत्रु हुन् ती मनुष्यहरूको सामर्थ्यको उपयोग जगत्को नाश गर्नको लागि नै हुन्छ॥९॥

कामाश्रितय दुष्पूरं दम्भमानमदान्विताः।
मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

कहिल्यै पूरा नहुने कामनाहरूको आश्रय लिएर दम्भ, अभिमान रर मद मा चूर रहने तथा अपवित्र व्रत धारण गर्ने मनुष्य मोहको कारण दुराग्रह धारण गरेर संसारमा घुमिरहन्छन्॥१०॥

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः।
कामोपभोगपरमा एतावदिति निश्चिताः॥११॥

ती मर्नेबेला सम्म भैरहने अपार चिन्ताहरूको आश्रय लिनेवाला, पदार्थहरूको संग्रह र त्यसको भोगमा नै लागिरहनेवाला र 'जो छ यति नै हो'– यस्तो निश्चय गर्नेवाला हुन्छन्॥११॥

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान्॥१२॥

ती सैकड़ौ डोरीको पाशमा बाँधिएका मनुष्य काम–क्रोधको परायण भएर पदार्थहरूको भोग गर्नका लागि अन्याय पूर्वक धन–संचय गर्दछन्॥१२॥

इदमद्य मय लब्धमिमं प्राप्स्ये मनोरथम्।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम्॥१३॥

(ती यसरी मनोरथ गर्ने गर्दछन् कि) यति चीजहरू त आज हामीले प्राप्त गर्‍यौं र अब यो मनोरथलाई पूरा गर्नुपर्दछ। यति सम्पत्ति त हामी सँग छँदैछ, अरु यति सम्पत्ति त फेरि पनि भैहाल्छ॥१३॥

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी॥१४॥

त्यो शत्रु त मबाट मारियो र ती अरु शत्रुहरूलाई पनि म मारिदिने छु। म ईश्वर (सर्वसमर्थ) हुँ। म भोग भोग्ने हुँ। म सिद्ध हुँ। म धेरै बलवान् छु र म सुखी छु॥१४॥

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः॥१५॥

म धनी छु, धेरै मान्छे म सँग छन्, मेरो समान अर्को को छ? म धेरै यज्ञ गर्नेछु, दान दिनेछु र मोज गर्नेछु, यस प्रकारले ती अज्ञानले मोहित रहन्छन्॥१५॥

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

अनेक कामनाहरूले भ्रमित चित्तभएका, मोह–जालमा नराम्रो सँग फँसेका तथा पदार्थहरूमा र भोगहरूमा अत्यन्त आसक्त हुने मनुष्य भयंकर नरकहरूमा पर्दछन् ॥१६॥

आत्मसम्भाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

आफुलाई सबैभन्दा पूज्य मान्ने, जान्ने–सुन्ने मै हुँ (भनेर), धन र मानको मदमा चूर रहने ती मनुष्य दम्भले अविधिपूर्वक नाममात्रको (देखावटी) यज्ञहरूले यजन गर्दछ ॥१७॥

अहङ्कारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

ती अहंकार, हठ, घमण्ड, कामना र क्रोधको आश्रय लिने मनुष्य आफ्नो र अरुको शरीरमा रहने म अन्तर्यामीको साथ द्वेष गर्दछन् तथा मेरो र अर्काको गुणहरूमा दोषदृष्टि राख्दछन् ॥१८॥

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्त्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

ती द्वेष गर्ने, क्रूर स्वभाव भएका र संसारमा महान् नीच, अपवित्र मनुष्यहरूलाई म बारम्बार आसुरी योनिहरूमा झारिदिने गर्दछु ॥१९॥

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

हे कुन्तीपुत्र ! ती मूढ़ मनुष्यहरू मलाई प्राप्त नगरेर नै जन्म–जन्मान्तरमा आसुरी योनिमा प्राप्त हुन्छन्, फेरि त्यस भन्दा पनि अधिक अधम गतिमा अर्थात् भयंकार नरकहरूमा जान्छन् ॥२०॥

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

काम, क्रोध र लोभ –यी तीन प्रकारको नरकको ढोकाहरू जीवात्माको पतन गर्नेवाला हुन्, यसैले यी तीनैको त्याग गरिदिनु पर्दछ ॥२१॥

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो यति परां गतिम् ॥२२॥

हे कुन्तिनन्दन! यी तीनै नरकको ढोकाहरूले रहित भएको जो मनुष्य आफ्नो कल्याणको आचरण गर्दछ त्यो, यसले गर्दा परम गतिमा प्राप्त हुन्छ॥२२॥

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम्॥२३॥

जो मनुष्य शास्त्रविधिलाई छोडेर आफ्नो इच्छाले मनोमानी आचरण गर्दछ, त्यो न सिद्धि (अन्तःकरणको शुद्धि), न त सुख–शान्ति र न त परमगतिलाई नै प्राप्त गर्दछ॥२३॥

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि॥२४॥

अतः तिम्रो लागि कर्तव्य–अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण हो –यस्तो जानेर तिमी यस लोकमा शास्त्रविधिले नियत कर्तव्य–कर्म गर्न योग्य छौ अर्थात् तिमीले शास्त्र–विधिको अनुसार कर्तव्य–कर्म गर्नुपर्दछ॥२४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे दैवासुरसम्पद्विभागयोगो
नाम षोडशोऽध्यायः॥१६॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथ सप्तदशोऽध्यायः

अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः॥१॥

अर्जुनले भने– हे कृष्ण! जुन मनुष्य शास्त्रविधिलाई त्याग गरेर श्रद्धापूर्वक देउता आदिको पूजन गर्दछन्, (भने) तिनीहरूको निष्ठा फेरि कस्तो चैं हो? सात्त्विकी हो अथवा राजसी–तामसी?॥१॥

श्रीभगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा।
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु॥२॥

श्रीभगवान्ले भन्नुभयो– मनुष्यहरूको स्वभावले उत्पन्न भएको श्रद्धा सात्त्विकी, राजसी तथा तामसी – यस प्रकारले तीन थरिका नै हुन्छन्, त्यसलाई तिमी मबाट सुन॥२॥

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।

श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

हे भारत! सबै मनुष्यहरूको श्रद्धा अन्तःकरणको अनुरूप नै हुन्छ। यो मनुष्य श्रद्धामय छ। यसैले जो जस्तो श्रद्धावाला छ, त्यो त्यसैको स्वरूप हो अर्थात् त्यहि उसको निष्ठा (स्थिति) हो ॥३॥

यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः ।

प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

सात्त्विक मनुष्य देउताहरूको पूजा गर्दछन्, राजस मनुष्य यक्ष तथा राक्षसहरूको र अन्य जो तामस मनुष्य छन्, ती भूत, प्रेतको पूजन गर्दछन् ॥४॥

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।

दम्भाहङ्कारसंयुक्ताः कामरागबलान्विताः ॥५॥

कर्शयन्तः शरीरस्थं भूतग्राममचेतसः ।

मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

जो मनुष्य शास्त्रविधिले रहित घोर तप गर्दछन्; जो दम्भ र नराम्रो सँग अहंकारले युक्त छन्; जो भोगपदार्थ, आसक्ति र हठले युक्त छन्; जो शरीरमा स्थित पाँच भूतहरूलाई अर्थात् पाञ्चभौतिक शरीरलाई तथा अन्तःकरणमा स्थित म परमात्मालाई पनि कृश गर्नेवाला छन् ती अज्ञानिहरूलाई तिमी आसुरनिष्ठावाला (आसुरी सम्पत्तिवाला) संझ ॥५-६॥

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।

यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥७॥

आहार पनि सबैलाई (सात्त्विक,राजस, तामसको भेदले) तीन प्रकारको प्रिय हुन्छ त्यस्तै यज्ञ, तप र दान (पनि तीन प्रकारका हुन्छन् अर्थात् शास्त्रीय कर्महरूमा पनि गुणहरूलाई लिएर तीनप्रकारको रुचि हुन्छ) तिमी तिनीहरूका यस भेदलाई सुन ॥७॥

आयुः सत्त्वबलारोग्य सुखप्रीतिविबर्धनाः ।

रस्याः स्निग्धाः स्थिरा हृद्याहाराः सात्त्विकप्रियाः ॥८॥

आयु, सत्त्वगुण, बल, आरोग्य, सुख र प्रसन्नता बढाउने स्थिर रहनेवाला, हृदयलाई शक्ति दिने, रसयुक्त तथा चिल्लो यस्तो आहार अर्थात् खानेकुरा सात्त्विक मनुष्यलाई प्रिय हुन्छन् ॥८॥

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।

आहारा राजसस्येष्टा दु:खशोकामयप्रदा: ॥९॥

अति तितो, अति अमिलो, अति नुनिलो, अति तातो, अति पिरो, अति सुख्खा र अति दाहकारक आहार अर्थात् खानेकुरा राजस मनुष्यलाई प्रिय हुन्छन्, जो कि दु:ख, शोक र रोगहरूलाई दिनेवाला हो ॥९॥

यातयामं गतरसं पूति पर्युषितं च यत्।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

जुन खानेकुरा कुहिएको, रसरहित, दुर्गन्धित, बासी र जूठो छ तथा जुन धेरै अपवित्र (मांस आदि) पनि छ त्यो तामस मनुष्यलाई प्रिय हुन्छ ॥१०॥

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मन: समाधाय स सात्त्विक: ॥११॥

यज्ञ गर्नु नै कर्तव्य हो –यस प्रकारले मनलाई समाधान (सन्तुष्ट गरेर) फलेच्छाले रहित मनुष्यद्वारा गरिने जुन शास्त्रविधिले नियत यज्ञ गरिन्छ, त्यो सात्त्विक हो ॥११॥

अभिसन्धाय तु फलं दम्भार्थमपि चैव यत्।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

परन्तु हे भरतश्रेष्ठ! जो फलको इच्छा राखेर नै यज्ञ गर्दछन् अथवा दम्भ अर्थात् बडप्पनको लागि गरिन्छ त्यस यज्ञलाई तिमी राजस संझ ॥१२॥

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

शास्त्रविधिले हीन, अन्न–दानले रहित, बिना मन्त्रहरूको, बिना दक्षिणाको र बिना श्रद्धा गरिने यज्ञलाई तामस भनिन्छ ॥१३॥

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

देउता, ब्राह्मण, गुरुवर्ग र जीवन्मुक्त महापुरुषको यथा योग्य पूजन गर्नु, शुद्धि राख्नु, सरलता, ब्रह्मचर्यको पालन गर्नु र हिंसा नगर्नु यिनीहरूलाई शरीर सम्बन्धी तप भनिन्छ ॥१४॥

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत्।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

जुन कसैलाई पनि उद्विग्न नगर्नेवाला, सत्य र प्रिय तथा हितकारक बोली छ त्यो तथा

स्वाध्याय र अभ्यास (नामजप आदि) पनि वाणी सम्बन्धी तप हुन्॥१५॥

मनः प्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥

मनको प्रसन्नता, सौम्य भाव, मननशीलता, मनको निग्रह र भावहरूको राम्रो प्रकारले शुद्धि –यस प्रकारले यो मन–सम्बन्धी तप भनिन्छ॥१६॥

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ॥१७॥

परम श्रद्धाले युक्त फलेच्छालेरहित मनुष्यहरूका द्वारा जुन तीन प्रकार (शरीर, वाणी र मन) का तप गरिन्छ त्यसलाई सात्त्विक भनिन्छ॥१७॥

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत्।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम्॥१८॥

जुन तप सत्कार, मान र पूजा पाउनको लागि तथा देखाउनको लागि पनि गरिन्छ त्यो यस लोकमा अनिश्चित र नाशवान् फल दिनेवाला तपलाई राजस भनिन्छ॥१८॥

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम्॥१९॥

जुन तप मूढ़तापूर्वक हठले आफुलाई पीडा दिएर अथवा अरुलाई कष्ट दिनको लागि गरिन्छ त्यो तप तामस भनिएको छ॥१९॥

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥

दान दिनु कर्तव्य हो– यस्तो भावले जो दान देश तथा काल र पात्र भेट्टाएपछि निष्कामभावले दिईन्छ त्यो दान सात्त्विक दान भनिएको छ॥२०॥

यत्तुप्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम्॥२१॥

तर जुन दान क्लेशपूर्वक र प्रत्युपकारको लागि अथवा फल–प्राप्तिको उद्देश्य बनाएर दिईन्छ भने त्यो दान राजस दान भनिएको छ॥२१॥

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम्॥२२॥

जुन दान बिना सत्कारकै तथा अवज्ञापूर्वक अयोग्य ठाउँ र समयमा कुपात्रलाई दिईन्छ भने त्यो दान तामस भनिएको छ॥२२॥

ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा॥२३॥

ॐ, तत्, सत्– यी तीन प्रकारका नामहरूले जुन परमात्माको निर्देश(संकेत) गरिएको छ, उहि परमात्माद्वारा सृष्टिको आदिमा वेद तथा ब्राह्मण र यज्ञको रचना गरिएको हो॥२३॥

तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रियाः।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम्॥२४॥

यसैले वैदिक सिद्धान्तलाई मान्ने पुरुषहरूको शास्त्रविधिले नियत यज्ञ, दान र तपरूप क्रिया हरू सदा 'ॐ' यस परमात्माको नामको उच्चारण गरेर मात्रै आरम्भ हुन्छ॥२४॥

तदित्यनभिसन्धाय फलं यज्ञतपः क्रियाः।
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः॥२५॥

'तत्' नामले भनिने परमात्माको लागि नै सबैथोक हो– यस्तो मानेर मुक्ति चाहने मनुष्यहरूद्वारा फलको इच्छाले रहित भएर अनेक प्रकारको यज्ञ र तप तथा दानरूप क्रियाहरू गरिन्छ॥२५॥

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते॥२६॥

हे पार्थ! 'सत्' यस्तो यो परमात्माको नाम सत्तामात्रमा र श्रेष्ठ भावमा प्रयोग गर्ने गरिन्छ तथा प्रशंसनीय कर्महरूका साथ 'सत्' शब्द जोड्ने गरिन्छ॥२६॥

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते॥२७॥

यज्ञ तथा तप र दानरूप क्रियामा जुन स्थिति (निष्ठा) छ, त्यो पनि 'सत्' –यस्तो भनिन्छ र त्यस परमात्माको लागि गरिने कर्म पनि सत्– यस्तो भनिन्छ॥२७॥

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत्।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह॥२८॥

हे पार्थ! अश्रद्धाले गरेको हवन, दिएको दान, गरेको तप तथा अरुपनि जेसुकै गरियोस त्यो सबै 'असत्' –यस्तो भनिन्छ। त्यसको फल न त यहाँ पाईन्छ र न मरेपछि नै हुन्छ अर्थात् त्यसको फल कहीं पनि सत् हुँदैन॥२८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे श्रद्धात्रयविभागयोगो नाम सप्तदशोऽध्यायः॥१७॥

--★--★--★--

ॐश्रीपरमात्मने नमः

अथाष्टादशोऽध्यायः

अर्जुन उवाच

सन्न्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम्।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ॥१॥

अर्जुनले भने– हे महाबाहो! हे हृषीकेश! हे केशिनिषूदन! म संन्यास र त्यागको तत्त्व बेग्ला–बेग्लै जान्न चाहन्छु॥१॥

श्रीभगवानुवाच

काम्यानां कर्मणां न्यासं सन्न्यासं कवयो विदुः।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥२॥
त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषणः।
यज्ञदानतपः कर्म न त्याज्यमिति चापरे ॥३॥

श्रीभगवान्ले भन्नुभयो– कतिपय विद्वान् काम्य कर्महरूको त्यागलाई संन्यास संज्ञिन्छन् र कतिपय विद्वान् सम्पूर्ण कर्महरूको फललाई त्याग भन्दछन्। कतिपय विद्वान् यस्तो भन्दछन् कि कर्महरूलाई दोषको जस्तो छोडिदिनु पर्दछ र कतिपय विद्वान् यस्तो भन्दछन् कि यज्ञ, दान र तपरूप कर्महरूको त्याग गर्नु हुँदैन॥२–३॥

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः सम्प्रकीर्तितः ॥४॥

हे भरतवंशीहरूमा श्रेष्ठ अर्जुन! तिमी संन्यास र त्याग –यी दुईमा पहिले त्यागको विषयमा मेरो निश्चय सुन; किनकी हे पुरुष श्रेष्ठ! त्याग तीन प्रकारको भनिएको छ॥४॥

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत्।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

यज्ञ, दान र तपरूप कर्महरूको त्याग गर्नु हुँदैन प्रत्युत उनीहरूलाई त गर्नु नै पर्दछ किनकी यज्ञ, दान र तप– यी कर्महरू मनीषिहरूलाई पवित्र गर्नेवाला हुन्॥५॥

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥

हे पार्थ! यी (यज्ञ, दान र तपरूप) कर्महरूलाई तथा अन्य कर्महरूलाई आसक्ति र

फलको इच्छा त्यागेर गर्नुपर्दछ; यो मेरो निश्चित गरिएको उत्तम मत हो ॥६ ॥

नियतस्य तु सन्न्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

नियत कर्मलाई त्याग गर्नु त उचित होईन। त्यसको मोहपूर्वक त्याग गर्नु तामस भनिएको छ॥७॥

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत् ।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत ॥८॥

जति पनि कर्म छन्, ती दुःखरूप नै छन्– यस्तो संझेर कुनै शारीरिक परिश्रमको भयले त्यसको त्याग गरिदिन्छन् भने त्यो राजस त्याग गरेर पनि त्यागको फललाई पाउँदैन॥८॥

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ॥९॥

हे अर्जुन! 'केवल कर्तव्यमात्र गर्नु छ' यस्तो संझेर जुन कर्म आसक्ति र फलेच्छाको त्याग गरेर गरिन्छ त्यही सात्त्विक त्याग मानिएको छ॥९॥

न द्वेष्ट्यकुशलं कर्म कुशले नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥

जो अकुशल कर्मसँग द्वेष गर्दैन र कुशल कर्ममा आसक्त हुँदैन, त्यही त्यागि, बुद्धिमान्, सन्देहरहित र आफ्नो स्वरूपमा स्थित छ॥१०॥

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥

कारण कि देहधारी मनुष्यको द्वारा सम्पूर्ण कर्महरूको त्याग गर्नु सम्भव छैन। यसैले जो कर्मफलको त्यागी छ, त्यही त्यागी हो– यस्तो भनिन्छ॥११॥

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु सन्न्यासिनां क्वचित् ॥१२॥

कर्मफलको त्याग नगर्ने मनुष्यलाई कर्महरूको इष्ट, अनिष्ट र मिश्रित– यस्ता तीन प्रकारका फल मरेपछि पनि हुन्छ; तर कर्मफलको त्याग गर्नेवालालाई कतैपनि हुँदैन॥१२॥

पञ्चैतानि महाबाहो कारणानि निबोध मे ।
साङ्ख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥१३॥

हे महाबाहो ! कर्महरू अन्त गर्नेवाला सांख्यसिद्धान्तमा सम्पूर्ण कर्महरूका सिद्धका लागि यी पाँच कारण भनिएको छ यिनीहरूलाई तिमी मबाट संझ ॥१३॥

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ॥१४॥

यसमा कर्महरूको सिद्धिमा अधिष्ठान तथा कर्ता र अनेक प्रकारका करण एवम् विविध प्रकारका बेग्ला–बेग्लै चेष्टाहरू र त्यस्तै नै पाँचौ कारण दैव (संस्कार) हो ॥१४॥

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः ।
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ॥१५॥

मनुष्य शरीर, वाणी र मनको द्वारा शास्त्रविहित अथवा शास्त्रविरुद्ध जति पनि कर्म आरम्भ गर्दछ, त्यसको यी पूर्वोक्त पाँचै हेतु हुन्छन् ॥१५॥

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

परन्तु यस्ता पाँच हेतुहरू भएपनि जो त्यस कर्महरूका विषयमा केवल शुद्ध आत्मालाई कर्ता देख्दछ, त्यो दुष्ट बुद्धिवाला सही देख्दैन; किनकी त्यसको बुद्धि शुद्ध छैन अर्थात् त्यसले विवेकलाई महत्त्व दिएको छैन ॥१६॥

यस्य नाहङ्कृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

जसको अहंकृतभाव('म कर्ता हुँ'– यस्तो भाव) छैन र जसको बुद्धि लिप्त हुँदैन, त्यो युद्धमा यी सम्पूर्ण प्राणिहरूलाई मारेर पनि न मार्दछ र न बाँधिन्छ नै ॥१७॥

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म कर्तेति त्रिविधः कर्मसङ्ग्रहः ॥१८॥

ज्ञान, ज्ञेय र परिज्ञाता यी तीनैबाट कर्मप्रेरणा हुन्छ तथा करण, कर्म र कर्ता– यी तीनै बाट कर्मसंग्रह हुन्छ ॥१८॥

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ।
प्रोच्यते गुणसङ्ख्याने यथावच्छृणु तान्यपि ॥१९॥

गुणहरूका विवेचन गर्ने शास्त्रमा गुणहरूका भेदले ज्ञान र कर्म तथा कर्ता तीन–तीन प्रकारले नै भनिन्छन्, उनीहरूलाई पनि तिमी यथार्थरूपले सुन ॥१९॥

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।

अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

जुन ज्ञानको द्वारा साधक सम्पूर्ण विभक्त प्राणिहरूमा विभाग रहित एक अविनाशी भाव (सत्ता)लाई देख्दैछ, त्यस ज्ञानलाई तिमी सात्त्विक संझ॥२०॥

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान्।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ॥२१॥

परन्तु जुन ज्ञान अर्थात् जुन ज्ञानको द्वारा मनुष्य सम्पूर्ण प्राणिहरूमा बेग्ला–बेग्लै अनेकभावहरूलाई बेग्ला–बेग्लै रूपले जान्दछ, त्यस ज्ञानलाई तिमी राजस संझ॥२१॥

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम्।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

किन्तु जुन ज्ञान अर्थात् जुन ज्ञानको द्वारा मनुष्य एक कार्यरूप शरीरमा नै सम्पूर्णको जसरी आसक्त रहन्छ तथा जो युक्तिरहित, वास्तविक ज्ञानले रहित र तुच्छ छ, त्यो तामस भनिएको छ॥२२॥

नियतं सङ्गरहितमरागद्वेषतः कृतम्।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

जुन कर्म शास्त्रविधिले नियत गरिएको छ र कर्तृत्वाभिमानले रहित छ तथा फलेच्छारहित मनुष्यको द्वारा बिना राग–द्वेषकै गरिएको छ त्यो सात्त्विक भनिन्छ॥२३॥

यत्तु कामेप्सुना कर्म साहङ्कारेण वा पुनः।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

परन्तु जुन कर्म भोगको इच्छाले अथवा अहंकारले र परिश्रमपूर्वक गरिन्छ, त्यसलाई राजस भनिएको छ॥२४॥

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम्।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

जुन कर्म परिणाम, हानि, हिंसा र सामर्थ्यलाई नहेरीकन मोहपूर्वक आरम्भ गरिन्छ त्यो तामस भनिन्छ॥२५॥

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः।
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्त्विक उच्यते ॥२६॥

जुन कर्ता रागरहित, कर्तृत्वाभिमानले रहित, धैर्य र उत्साहयुक्त तथा सिद्धि र असिद्धिमा निर्विकार छ, त्यो सात्त्विक (कर्ता) भनिन्छ॥२६॥

रागी कर्मफलप्रेप्सुर्लुबधो हिंसात्मकोऽशुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

जुन कर्ता रागी कर्मफलको इच्छावाला, लोभी, हिंसाको स्वभाववाला, अशुद्ध र हर्ष–शोकले युक्त छ, त्यो राजस (कर्ता) भनिन्छ॥२७॥

अयुक्तः प्राकृतः स्तब्धः शठोऽनैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

जुन कर्ता रागी कर्मफलको इच्छावाला, लोभी, हिंसाको स्वभाववाला, अशुद्ध र हर्ष–शोकले युक्त छ, त्यो राजस (कर्ता) भनिन्छ॥२७॥

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं शृणु।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनञ्जय ॥२९॥

हे धनञ्जय! अब तिमी गुणहरूका अनुसार बुद्धि र धृतिको पनि तीन प्रकारको भेद अलग–अलग रूपले सुन, जो कि मैले पूर्णरूपमा भनिरहेको छु॥२९॥

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥३०॥

हे पार्थ! जुन बुद्धि प्रवृत्ति र निवृत्तिलाई, कर्तव्य र अकर्तव्यलाई, भय र अभयलाई तथा बन्धन र मोक्षलाई जान्दछ, त्यो बुद्धि सात्त्विकी हो॥३०॥

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी॥३१॥

हे पार्थ! मनुष्य जसको द्वारा धर्म र अधर्मलाई तथा कर्तव्य र अकर्तव्यलाई पनि राम्रो सँग जान्दैन, त्यो बुद्धि राजसी हो॥३१॥

अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥३२॥

हे पृथापुत्र! तमोगुणले घेरिएको जुन बुद्धि अधर्मलाई धर्म– यस्तो मान्दछ र सम्पूर्ण चीजहरूलाई उल्टो मान्दछ, त्यो तामसी बुद्धि हो॥३२॥

धृत्या यया धारयते मनः प्राणन्द्रियक्रियाः ।
योगेनाव्यभचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३॥

हे पार्थ! समताले युक्त जुन अव्यभिचारिणी धृतिको द्वारा मनुष्य मन, प्राण र इन्द्रियहरूका

क्रियाहरूलाई धारण गर्दछ अर्थात् संयम राख्दछ, त्यो धृति सात्त्विकी हो ॥३३ ॥

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन ।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ॥ ३४ ॥

परन्तु हे पृथानन्दन! हे अर्जुन! फलको इच्छावाला मनुष्य जुन धृतिको द्वारा धर्म, काम (भोग) र धनलाई अत्यन्त आसक्तिपूर्वक धारण गर्दछ, त्यो धृति राजसी हो ॥३४ ॥

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ।
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ॥ ३५ ॥

हे पार्थ! दुष्टबुद्धिवाला मनुष्य जुन धृतिको द्वारा निद्रा, भय, चिन्ता, दु:ख र घमण्डलाई धारण गरिरहन्छ, त्यो धृति तामसी हो ॥३५ ॥

सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ ।
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ॥ ३६ ॥
यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ।
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ॥ ३७ ॥

हे भरतश्रेष्ठ अर्जुन! अब तीन प्रकारका सुखलाई पनि तिमी मबाट सुन। जसमा अभ्यासले रमण हुन्छ र जसमा दु:खको अन्त हुनजान्छ यस्तो त्यो परमात्मविषयक बुद्धिको प्रसन्नताले पैदा हुनेवाला जुन सुख (सांसारिक आसक्तिको कारण) आरम्भमा विषको जस्तो र परिणाममा अमृतको जस्तो हुन्छ, त्यो सुख सात्त्विक सुख भनिएको छ॥३६–३७॥

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥ ३८ ॥

जुन सुख इन्द्रियहरू र विषयहरूको संयोगले हुन्छ त्यो आरम्भमा अमृतको जस्तो र परिणाममा विष नै हो भन्ने लाग्दछ त्यस्तो सुख राजसी भनिएको छ॥३८ ॥

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥ ३९ ॥

निद्रा, आलस्य र प्रमादले उत्पन्न हुने जुन सुख आरम्भमा र परिणाममा पनि आफुलाई मोहित गर्नेवाला छ, त्यो सुख तामस भनिएको छ॥३९ ॥

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः ।
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ॥ ४० ॥

पृथ्वीमा या स्वर्गमा अथवा देउताहरू तथा यिनीहरूका सिवाय अरु कतै पनि त्यो यस्तो कुनै पनि वस्तु छैन, जुन प्रकृतिबाट उत्पन्न यी तीनै गुणहरूले रहित होस॥४०॥

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परन्तप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥

हे परन्तप! ब्राह्मण, क्षत्रिय वैश्य र शूद्रहरूका कर्म स्वभावबाट उत्पन्न भएका तीन गुणहरूकै द्वारा विभक्त गरिएका छन्॥४१॥

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥

मनको निग्रह गर्नु, इन्द्रियहयलाई वशमा गर्नु, धर्मपालनको लागि कष्ट सहनु, बाहिर–भित्रबाट पवित्र रहनु, अर्काको अपराधलाई क्षमा गर्नु, शरीर, मन आदिमा सरलता राख्नु, वेद, शास्त्र आदिको ज्ञान हुनु, यज्ञविधिलाई अनुभवमा ल्याउनु र परमात्मा, वेद आदिमा आस्तिकभाव राख्नु– यी सबै नै ब्राह्मणका स्वभाविक कर्म हुन्॥४२॥

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥४३॥

शूरवीरता, तेज, धैर्य, प्रजाको संचालन आदिको विशेष चतुरता तथा युद्धमा कहिल्यै पीठ नदेखाउनु, दान गर्नु र शासन गर्ने भाव(–यी सबै–का–सबै) क्षत्रियका स्वभाविक कर्म हुन्॥४३॥

कृषिगौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

खेति गर्नु, गाईहरूका रक्षा गर्नु र व्यापार गर्नु (–यी सबै) वैश्यहरूका स्वाभाविक कर्म हुन् तथा चारै वर्णहरूका सेवा गर्नु शूद्रको पनि स्वाभाविक कर्म हो॥४४॥

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु॥४५॥

आ–आफ्नो कर्ममा प्रीतिपूर्वका लागेका मनुष्य सम्यक् सिद्धि (परमात्मा)लाई प्राप्त गर्दछन्। आफ्नो कर्ममा लागेको मनुष्य जसरी सिद्धिलाई प्राप्त गर्दछ, त्यसलाई तिमी मबाट सुन॥४५॥

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

जुन परमात्माबाट सम्पूर्ण प्राणिहरूको प्रवृत्ति (उत्पत्ति) हुन्छ र जसबाट यो सम्पूर्ण संसार व्याप्त छ, त्यस परमात्मालाई आफ्नो कर्मको द्वारा पूजन गरेर मनुष्यमात्र सिद्धिलाई प्राप्त गर्दछ ॥४६ ॥

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥४७॥

राम्रो सँग गरिएको परधर्मभन्दा गुणरहित भएपनि आफ्नै धर्म श्रेष्ठ हुन्छ। किनकी स्वभावद्वारा नियत गरिएको स्वधर्मरूप कर्मलाई गर्दै रहेमा मनुष्यलाई पाप हुँदैन ॥४७॥

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत्।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ॥४८॥

हे कौन्तेय! दोषयुक्त भएपनि सहज कर्मको त्याग गर्नु हुँदैन; किनकी सम्पूर्ण कर्म धुँवाले आगो ढाकिए जस्तो कसैन–कसै–गरी दोषले युक्त छ॥४८॥

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ।
नैष्कर्म्यसिद्धिं परमां सन्न्यासेनाधिगच्छति ॥४९॥

जसको बुद्धि सबैतिर आसक्ति रहित छ, जसले शरीरलाई वशमा राखेको छ, जो स्पृहारहित छ त्यो मनुष्य सांख्ययोगको द्वारा सर्वश्रेष्ठ नैष्कर्म्य सिद्धिलाई प्राप्त गर्दछ॥४९॥

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ॥५०॥

हे कौन्तेय! सिद्धि (अन्तःकरणको शुद्धि) लाई प्राप्त गरेको साधक ब्रह्मलाई जो कि ज्ञानको परानिष्ठा हो, जसरी प्राप्त हुन्छ त्यसलाई तिमी मबाट संक्षेपमा संझ॥५०॥

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥५१॥
विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुाश्रितः ॥५२॥
अहङ्कारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥५३॥

जो विशुद्ध सात्त्विकी बुद्धिले युक्त, वैराग्यको आश्रित, एकान्तको सेवन गर्नेवाला र नियमित भोजन गर्नेवाला साधक धैर्यपूर्वक इन्द्रियहरूको नियमन गरेर, शरीर–वाणी–मनलाई

वशमा गरेर, शब्दादि विषयलाई त्याग गरेर र राग–द्वेषलाई छोडेर निरन्तर ध्यानयोगको परायण हुन्छ, त्यो अहंकार, बल, दर्प, काम, क्रोध र परिग्रहले रहित भएर एवं ममतारहित तथा शान्त भएर ब्रह्मप्राप्तिको पात्र हुनजान्छ॥५१– ५३॥

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम्॥५४॥

त्यो ब्रह्मरूप बनेको प्रसन्न मनवाला साधक न त कसैको लागि शोक गर्दछ र न कसैको इच्छा नै गर्दछ यस्तो सम्पूर्ण प्राणिहरूमा समभाववाला साधक मेरो पराभक्तिलाई प्राप्त गर्दछ॥५४॥

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम्॥५५॥

त्यस पराभक्तिले मलाई, म जति छु र जो छु– यसलाई तत्त्वबाट जानेर तत्काल ममा प्रविष्ट हुन्छ॥५५॥

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम्॥५६॥

मेरो आश्रय लिने भक्त सधैं सबै कर्म गर्दै रहेर पनि मेरो कृपाले शाश्वत अविनाशी पदलाई प्राप्त प्राप्त हुन्छ॥५६॥

चेतसा सर्वकर्माणि मयि सन्न्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव॥५७॥

(चित्त) हृदय देखि नै सम्पूर्ण कर्म मलाई अर्पण गरेर मेरो परायण भई तथा समताको आश्रय लिएर निरन्तर मैतिर चित्त लगाउने होऊ॥५७॥

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहङ्कारान्न श्रोष्यसि विनङ्क्ष्यसि॥५८॥

मलाई चित्त दिनेवाला भएर तिमी मेरो कृपाले सम्पूर्ण विघ्नहरूलाई तर्नेछौ तर यदि तिमी अहंकारको कारण मेरो कुरालाई सुन्दैनौ भने तिम्रो पतन हुनेछ॥५८॥

यदहङ्कारमाश्रित्य न योत्स्य इति मन्यसे ।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति॥५९॥

अहंकारको आश्रय लिएर तिमी जुन यस्तो मानिरहेका छौ कि म युद्ध गर्दिनँ, तिम्रो यो निश्चय झुटो हो; किनकी तिम्रो क्षात्र–प्रकृति तिमीलाई युद्धमा लगाईदिनेछ॥५९॥

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा ।
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत्॥६०॥

हे कौन्तेय! आफ्नो स्वभावजन्य कर्मले बाँधिएको तिमी मोहको कारण जुन युद्धलाई गर्न चाहँदैनौ, त्यसलाई पनि तिमी (क्षात्र प्रकृतिको) परवश भएर गर्नेछौ॥६०॥

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥६१॥

हे अर्जुन! ईश्वर सम्पूर्ण प्राणिहरूका हृदयमा बस्दछ र आफ्नो मायाले शरीररूपी यन्त्रमा आरूढ़ भएका सम्पूर्ण प्राणिहरूलाई उनीहरूका स्वभाव अनुसार घुमाईरहन्छ॥६१॥

तमेव शरणं गच्छ सर्वभावेन भारत।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥६२॥

हे भारत! तिमी सर्वभावले त्यस ईश्वरको शरणमा जाऊ। त्यसको कृपाले तिमी परम शान्ति(संसारबाट सर्वथा उपरति) लाई र अविनाशी परमपदलाई प्राप्त हुनेछौ॥६२॥

इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ॥६३॥

यो गुह्य भन्दा गुह्यतर (शरणागतिरूप) ज्ञान मैले तिमी सँग भनिदिए। अब तिमी यसमा राम्रो सँग विचार गरेर जस्तो चाहन्छौ त्यस्तै गर॥६३॥

सर्वगुह्यतमं भूयः शृणु मे परमं वचः।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ॥६४॥

सबैभन्दा अत्यन्त गोपनीय सर्वोत्कृष्ट वचनलाई तिमी फेरि पनि सुन। तिमी मेरो अत्यन्त प्रिय मित्र हौ, यसैले यो विशेष हितको कुरा म तिमीसँग भन्दैछु॥६४॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥६५॥

तिमी मेरो भक्त बन, ममा मन लगाउने गर, मेरो पूजन गर्नेवाला होऊ, मलाई नमस्कार गर। यस्तो गर्नाले तिमी मलाई नै प्राप्त हुनेछौ (–यो म तिम्रो) सामुन्ने सत्य प्रतिज्ञा गर्दछु किनकी तिमी मेरो अत्यन्त प्रिय छौ॥६५॥

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

सबै धर्मको आश्रय छोडेर तिमी केवल मेरो शरणमा आउ। म तिमीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरिदिनेछु, चिन्ता नगर॥६६॥

इदं ते ना तपस्काय नाभक्ताय कदाचन।

न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

यो सर्वगुह्यतम वचन तिमीले जो तपस्वी छैनन् उनीहरूलाई भन्नुहुँदैन। अभक्तलाई भन्नुहुँदैन तथा जो सुन्न चाहँदैन त्यसलाई पनि कहिल्यै सुनाउनु हुँदैन र जो ममाथि दोषदृष्टि राख्दछ त्यसलाई पनि भन्नुहुँदैन॥६७॥

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः॥६८॥

ममा पराभक्ति गरेर जो यस परम गोपनीय संवाद (गीताग्रन्थ) लाई मेरो भक्तहरूमा प्रचार गर्नेछ, त्यो मलाई नै प्राप्त हुनेछ; यसमा अलिकति पनि सन्देह छैन॥६८॥

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि॥६९॥

त्यसको समान मेरो अत्यन्त प्रिय कार्य गर्नेवाला मनुष्यमा कुनै पनि हुँदैन र यस भूमण्डलमा त्यसको समान मेरो प्रियतर हुँदापनि हुँदैन॥६९॥

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः।
ज्ञानयज्ञेन तेनहमिष्टः स्यामिति मे मतिः॥७०॥

जो मनुष्य हामी दुईको यस धर्ममय संवादलाई अध्ययन गर्नेछ, त्यसको द्वारा पनि म ज्ञानयज्ञले पूजित हुनेछु –यस्तो मेरो मत छ॥७०॥

श्रद्धावाननसूयश्च शृणुयादपि यो नरः।
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम्॥७१॥

श्रद्धालु र दोषदृष्टिले रहित जो मनुष्य यस (गीताग्रन्थलाई) सुनेको छा भने त्यो पनि शरीर छूटेपछि पुण्यकारिहरूका शुभलोकलाई प्राप्त हुनेछ॥७१॥

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा।
कच्चिदज्ञानसम्मोहः प्रनष्टस्ते धनञ्जय॥७२॥

हे पार्थ! के तिमीले एकाग्र चित्तले यसलाई सुन्यौ? र हे धनञ्जय! के तिम्रो अज्ञानले उत्पन्न भएको मोह नष्ट भयो? ॥७२॥

अर्जुन उवाच

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव॥७३॥

अजुर्नले भने– हे अच्युत! हजुरको कृपाले मेरो मोह नष्ट भईसकेको छ र मैले स्मृति प्राप्त गरिसकेको छु। म सन्देह रहित भएर स्थित छु। (अर्थात् अब मलाई कुनै शंका छैन।) अब म हजुरको आज्ञाको पालन गर्दछु॥७३॥

सञ्जय उवाच

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः।
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ॥७४॥

संजय भन्दछन्– यस प्रकार मैले भगवान् वासुदेव र महात्मा पृथानन्दन अर्जुनको यो रोमाञ्चित गर्नेवाला अद्‌भुत संवाद सुने॥७४॥

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम्।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ॥७५॥

मैले व्यासजीको कृपाले मैले स्वयं यस परम गोपनीय योग (गीताग्रन्थ)लाई भन्दै गर्नुभएका साक्षात् योगेश्वर भगवान् श्रीकृष्णबाट सुनेको हुँ॥७५॥

राजन्संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम्।
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ॥७६॥

हे राजन! भगवान् श्रीकृष्ण र अर्जुनको यस पवित्र र अद्‌भुत संवादलाई बारम्बार याद गरेर म बारम्बार हर्षित भईरहेको छु॥७६॥

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः।
विस्मयो मे महान्राजन्हृष्यामि च पुनः पुनः ॥७७॥

हे राजन भगवान् श्रीकृष्णको त्यस अत्यन्त अद्‌भुत विराट्‌रूपलाई पनि बारम्बार याद गरेर मलाई धेरै ठूलो आश्चर्य भईरहेको छ र म फेरि पनि बारम्बार हर्षित भईरहेको छु॥७७॥

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥७८॥

जहाँ योगेश्वर भगवान् श्रीकृष्ण हुनुहुन्छ र जहाँ गाण्डीव धनुषधारी अर्जुन छन्, त्यहाँ नै श्री, विजय, विभूति र अचल नीति छ– यस्तो मेरो मत छ॥७८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे मोक्षसन्न्यासयोगो
नामाष्टादशोऽध्यायः॥१८॥

--★--★--★--